सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ साउन २०८३, शुक्रबार (7 Aug 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ११६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ब्युँतियो कांग्रेसको आधिकारिकता विवाद

पूर्ण इजलासमा सुरुदेखि नै सुनुवाइ हुने







● **विमलेन्द्र निधि**
देउवा समूहका नेता

सर्वोच्च अदालले पुनरवलोकनका लागि अनुमति दिएको छ। यो सर्वाधिक खुसीको विषय हो। हामी यसलाई स्वागत गर्छौं। अब सुरुदेखि नै सुनुवाइ हुने प्रक्रियामा शेरबहादुर देउवा पार्टी सभापति रहेको १४औं महाधिवेशनको कार्यसमिति पुनर्स्थापित हुन्छ र हामीले आधिकारिकता पाउँछौं भन्ने पूर्ण विश्वास भएको छ। हामीलाई पूर्ण विश्वास छ, सर्वोच्चले हामीलाई न्याय दिन्छ।



● **देवराज चालिसे**
प्रवक्ता, कांग्रेस

अदालतले तथ्यमा भन्दा निर्वाचन आयोगको निर्णय प्रक्रियालाई हेरेर पुनरवलोकन गर्न अनुमति दिएको देखिन्छ। पूर्णपाठ नहेरी धेरै बताउन सकिँदैन। तथ्य, प्रमाणको आधारमा अदालतमा बहस गर्न तयार छौं। पुनरवलोकन हुँदा पनि तथ्य प्रमाण हेरेरै फैसला आउने हो।

शिल्पा कर्ण, प्रेम गौतम

संस्थापन (गगन थापा) र इतर पक्ष (शेरबहादुर देउवा) विभाजनको डिलमा पुगेका वेला प्रमुख प्रतिपक्षी दल कांग्रेसको आधिकारिकता विवाद ब्युँतिएको छ। तत्कालीन सभापति देउवाले दायर गरेको मुद्दामा सर्वोच्च अदालतले पुनरवलोकनको अनुमति दिएसँगै अब पूर्ण इजलासमा पुनः सुरुदेखि नै सुनुवाइ हुनेछ।

०८२ पुसमा थापा समूहले गरेको विशेष महाधिवेशनलाई निर्वाचन आयोगले २ माघ ०८२ मा मान्यता दिँदै पदाधिकारीको सूची अद्यावधिक गरेको थियो। त्यसविरुद्ध तत्कालीन सभापति देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्का ४ माघमा सर्वोच्च गएकोमा ४ वैशाखमा न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिने आयोगको निर्णय नै सदर गरेको थियो। फेरि देउवा र खड्काले ७ साउनमा पुनरवलोकनका लागि निवेदन दर्ता गराएकामा बिहीबार प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरू नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले निस्सा (पुनरवलोकनको अनुमति) दिएको हो।

इजलासले देउवा पक्षलाई सुनुवाइको मौका नै नदिई निर्वाचन आयोगको निर्णय सदर गरेको भन्दै यसअघिको फैसला पुनरवलोकन आवश्यक रहेको ठहर गरेको छ। 'राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४

» पृष्ठ २ मा क्रमशः

के हुन्छ अबको कानुनी प्रक्रिया ?

निस्सा प्राप्त गरेपछि कांग्रेस आधिकारिकता विवाद मुद्दाको अन्तिम किनारा पूर्णइजलासबाट हुनेछ। यसअघि फैसला दिएका न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौला तथा निस्सा दिएका प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरू नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलबाहेकका न्यायाधीशको इजलासले मुद्दाको सुनुवाइ गर्नेछ। अब यो मुद्दामा यसअघि फैसला गर्ने न्यायाधीश र निस्सा दिने प्रधानन्यायाधीशसहित न्यायाधीशले सुनुवाइ गर्न नपाउने सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताए। पूर्णइजलासमा कम्तीमा तीन न्यायाधीश हुनेछन्।

बहसका लागि अब पुनरवलोकन निवेदनमा विपक्षी बनाइएका गगन थापा नेतृत्वको समिति र निर्वाचन आयोगलाई अदालतले 'म्याद' पठाउनेछ। उनीहरूले आफ्नो प्रतिरक्षामा बहस गर्न पाउनेछन्। निवेदनको दाबीअनुसार 'स्थापित नजिर र कानुनी सिद्धान्त' प्रतिकूल भए/नभएको संयुक्त इजलासले अध्ययन गर्नेछ। पूर्ण इजलासले बहस र प्रमाणका आधारमा निर्णय लिनेछ। पुनरवलोकनमा अघिल्लो फैसलामा त्रुटि नदेखिए गगन थापा नेतृत्वकै कार्यसमितिको आधिकारिकता कायम रहनेछ। अघिल्लो फैसलामा त्रुटि देखिए अदालतले त्यसलाई उल्ट्याउन सक्छ। अदालतले अघिल्लो फैसला उल्टाए शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिले वैधानिकता पाउनेछ। सर्वोच्चको अबको फैसलासँगै कांग्रेसको आधिकारिकता टुंगो लाग्नेछ। देउवा र खड्काले दायर गरेको रिट निवेदनमा निर्वाचन आयोगको निर्णय बदर र विशेष महाधिवेशनको नाममा निर्वाचित कार्यसमिति अवैधानिक भएको भन्दै भंग गर्न माग गरिएको छ।

स्वदेश फर्किँदै देउवा

स्वास्थ्य उपचारका लागि गत फागुनमा सिंगापुर हुँदै हङकङ पुगेका कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवा नेपाल फर्किने तयारीमा छन्। उनी २६ साउनमा फर्किने नेता प्रकाशशरण महतले जानकारी दिए। 'उहाँ साउन २६ गते आउने कुरा छ,' उनले भने। देउवा आफ्नो पक्षले २९ साउनमा आयोजना गरेको राष्ट्रिय कार्यकर्ता भेलामा सहभागी हुने एक नेताले दाबी गरे। 'उहाँ भेलामा सहभागी हुनुहुन्छ। त्यहीकारण उहाँ आउने समय पारेरै भेला आह्वान गरिएको हो,' ती नेताले दाबी गरे।

देशमा ग्यास भण्डारणगृह बनाउने योजना १० वर्षदेखि अलपत्र

०७२ को नाकाबन्दीका वेला भारतबाट आपूर्ति रोकिएपछि पहिलोपटक देशका पाँच ठाउँमा भण्डारणगृह बनाउने योजना सरकारले अघि साऱ्यो, त्यसपछि पनि पटकपटक योजना बने, तर संकट टरेपछि योजना पनि हराए

जबजब ग्यासको हाहाकार हुन्छ त्यतिवेला मात्र भण्डारणगृह बनाउने योजना आउँछ

- **०७२ को नाकाबन्दीपछि निगमले पाँच ठाउँमा ३५ हजार टन क्षमताको भण्डारणगृह बनाउने योजना अघि साऱ्यो, तर नाकाबन्दी हटेसँगै सेलायो**
- **कोभिडकालमा पनि झापा, जनकपुर र चितवनमा भण्डारणगृह बनाउन प्रक्रिया थालियो, पछि बिजुलीको उपभोग बढाउने भन्दै रद्द गरियो**
- **०७६ मै झापाको चारआली र चितवनको लोथरमा भण्डारणगृह अघि बढाउने निगमको प्रस्ताव पनि मन्त्रिपरिषद् पुग्यो, तर ग्यासको खपत घटाउने र बिजुलीको उपयोग बढाउने भन्दै रद्द गरियो**
- **०७९ चैतमा भारतले आफ्नै खर्चमा मोतीहारीदेखि सर्लाहीसम्म ग्यास ल्याउन पाइपलाइन र भण्डारणगृह निर्माणका लागि अध्ययन गऱ्यो**
- **गत मंसिरमा सर्लाहीमा पाइपलाइनसहित भण्डारणगृह बनाउन भारतीय पक्षसँग सरकारको छलफल**

अजित अधिकारी/नयाँ पत्रिका


देशमा ग्यास भण्डारणगृह भइदिएको भए नेपाल आयल निगम (एनओसी)ले अहिलेजस्तो संकटमा सरक्क निकालेर उपभोक्ताले चाहेजति दिन सक्थ्यो। तर, भण्डारणगृह निर्माण गर्ने १० वर्षदेखिको योजना अलपत्र हुँदा आपूर्ति असहज भएका वेला उपभोक्ता रित्ता सिलिन्डर बोकेर ग्यासको खोजीमा चारतिर भौंतारिन बाध्य छन्।

भारतबाट आपूर्ति गडबड हुँदा वा आयातभन्दा बजारमा माग बढी हुँदा आवश्यकताअनुसार भिकेर दिनकै लागि ग्यास भण्डारण चाहिने हो। ०७२ वैशाखको भूकम्प र लगत्तै भारतले गरेको 'अघोषित' नाकाबन्दीका वेला ग्यासको संकट निम्तिएपछि आयल निगमले सोही वर्ष भण्डारणगृह निर्माण गर्नुपर्ने योजना अघि सारेको थियो।

» पृष्ठ २ मा क्रमशः

■ ग्यास भण्डारणगृह बनाउन आठ वर्षअघि बिचौलियामार्फत सर्लाहीमा १५ बिघा जग्गा किन्दा २० करोडभन्दा बढी घोटाला

कम्तीमा एक महिनाको माग धान्ने भण्डारणगृह बनाउन किनिएको जग्गा पनि अलपत्र



फाइल तस्बिर

सर्लाहीको नेत्रगन्जमा आयल निगमले ०७४ मा १५ बिघा ६ कट्ठा १४ धुर जमिन ग्यास भण्डारणगृह निर्माणका लागि खरिद गरेको थियो। त्यतिवेला बढीमा प्रतिकट्ठा दुई लाख ७५ हजारमा किनबेच भइरहेको जग्गा आयल निगमले बिचौलियामार्फत नौ लाख ६० हजारका दरले खरिद गरेको थियो। संसदीय छानबिन समितिले योसहितका चार ठाउँमा जग्गा खरिद गर्दा एक अर्बभन्दा बढी भ्रष्टाचार भएको प्रतिवेदन तयार गरेको थियो। यसमा अख्तियारले दायर गरेको मुद्दामा निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्कालाई विशेष अदालतले दोषी ठहर गरेको थियो। खड्का पुनरवलोकनमा गएपछि यो मुद्दा अहिले सर्वोच्चमा विचाराधीन छ। ग्यास भण्डारणगृह बनाउन खरिद गरिएको जग्गा पनि सदुपयोग भएको छैन, त्यसमा स्थानीयले खेती गर्दै आएका छन्।



● निगमका नवनियुक्त कार्यकारी निर्देशक नागेन्द्र साह भन्छन्-

निगमको अबको प्राथमिकता ग्यास भण्डारणगृह बनाउने नै हो, तीन वर्षभित्र सर्लाहीमा निर्माण हुन्छ

■ ग्यास ढुवानीमा खर्च हुन्छ वार्षिक ६ अर्ब

५९ ग्यास उद्योगले भारतको हल्दिया, मथुरा, बन्थरा, पाराद्वीप, दुर्गापुर र बरौनी रिफाइनरी पुगेर ग्यास आयात गर्दै आएका छन्। भारतीय रिफाइनरीदेखि ग्यास उद्योगसम्मको ढुवानीबापत वार्षिक करिब ६ अर्ब खर्च हुने गरेको निगम प्रवक्ता मनोज ठाकुरले बताए। ग्यास ढुवानीका लागि भारतीय व्यवसायीकै बुलेट प्रयोग भइरहेका छन्। त्यसैले, निगमले ढुवानी भाडाबापत भुक्तानी गर्ने सबै रकम भारतीय व्यवसायीले पाइरहेका छन्। सर्लाहीमा भण्डारणगृह निर्माण भए त्यहाँसम्म सिधै पाइपलाइनमा आउने र देशभित्र मात्रै ढुवानी खर्च लाग्ने हुँदा ठुलो रकम बचत हुने निगमको बुझाइ छ।

■ झापामा मलका लागि महाभारत

सात बोरा मल, ५० किसान

गोलाप्रथाबाट सातजनाले पाए एक-एक बोरा युरिया

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको कमल गाउँपालिका- ७, धरधरेका ६५ वर्षीय किसान हरिप्रसाद सेढाईंले लखनपुर साना किसान कृषि सहकारीमा रासायनिक मल आएको जानकारी पाए। बिहीबार बिहान १० बजे चर्को घाममा साइकल चलाएर चार किलोमिटर टाढा मंगलबारेस्थित सहकारीको कार्यालयमा पुगेपछि उनी अचम्ममा परे। युरिया मल सात बोरा रहेछ, किसान भने ५० जना पुगेछन्। गोलाप्रथाबाट सातजनाले एक-एक बोरा युरिया मल पाएका छन्।



लखनपुर साना किसान कृषि सहकारीमा बिहीबार मल पाउनका लागि भएको गोलाप्रथामा सहभागी हुन भेला भएका किसान

किसानकै आग्रहमा गोलाप्रथा गरेर सहकारीले सात बोरा मल बाँड्यो। 'मल लिन पनि चिट्ठा तान्नुपर्ने दिन आयो ! म त ढिला आएँ, चिट्ठामा सहभागी हुन पाइनँ,' उनी भन्छन्, 'यस्तो घाममा साइकल पेलेर आएँ। रित्तो हात घर फर्कनुपऱ्यो।'

सेढाईं तीन बिघा खेती गर्छन्। उनलाई कम्तीमा तीन बोरा मल आवश्यक पर्छ। धानमा युरिया मल हाल्ने समय भएको छ। तर, अहिले मल अभाव

» पृष्ठ २ मा क्रमशः



■ **मल नपाएका झापा धरधरेका ६५ वर्षीय किसान हरिप्रसाद सेढाईं भन्छन्-**

पहिलो लटमा मल हाल्ने वेला बितिसक्यो। अब कहिले आउँछ थाहा छैन। जहिले आए पनि पर्खिएर हाल्नैपऱ्यो। हरियो भएसम्म हाल्न पाइयो भने अलिअलि फल्छ कि ?

खेती गरेर केही फाइदा छैन। तर, खेती नगरेर पनि भएको जग्गामा के गर्ने ? समयमा मल पाइँदैन। धानको मूल्य पनि छैन। गत वर्षसम्म दुई हजार प्रतिघण्टामा ट्र्याक्टर पाइन्थ्यो। यसपटक तीन हजार लाग्यो। मजदुर पनि पहिला ६ सयमा पाइन्थ्यो। अहिले सात सय भएको छ।

कर्नर किक

● रवि मिश्र



क्यान्सरपीडित श्रीमतीलाई पिठ्युँमा बोकेर सुनकोशीमा हामफाले पराजुली



गोताखोर परिचालन गरी दुई दिनदेखि खोज्दा पनि फेला परेनन् पराजुलीदम्पती

(विस्तृत पृष्ठ ३)

सुडानमा बारम्बार किन भइरहन्छ नरसंहार ?



द्वन्द्वका कारण सुडानमा एक करोड ४० लाखभन्दा बढी मानिस विस्थापित छन् भने करिब साढे दुई करोड जनसंख्या अन्तर्राष्ट्रिय सहायतामा निर्भर छन्

(विस्तृत पृष्ठ ५)

■ काठमाडौंमा यातायात पूर्वाधार र सेवाको गुरुयोजना

चाबहिल-गौशालामा सुरुङमार्ग, चाबहिल र विष्णुमतीमा 'एलिभेटेड हाइवे'

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

खोलाकिनारको बस्ती हटाइएको चार हजार रोपनी जग्गामा पार्क, करिडोर र व्यायामशाला बनाउने योजना

सरकार खोलाकिनारलाई हरियाली र सार्वजनिक खुला क्षेत्र बनाउने योजनामा अघि बढिरहेका वेला त्यही योजनाका कारण विस्थापित परिवारको पुनर्स्थापना भने अझै अनिश्चित

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकाका नदीकिनारबाट अवैध बस्ती र संरचना हटाएर खाली गरिएको करिब चार हजार रोपनी जग्गालाई अब हरियाली, सार्वजनिक पार्क र खुला मनोरञ्जन क्षेत्रका रूपमा विकास गर्ने योजना सरकारले अघि बढाएको छ।

बागमती, विष्णुमती, मनोहरा र गोंगबु खोलाको किनारमा वर्षौंदेखि अतिक्रमणमा परेका क्षेत्र खाली गरिएपछि अब ती स्थानलाई सार्वजनिक उपयोगमा ल्याउने तयारी सुरु भएको हो।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले खाली भएका जग्गामा हरियाली विस्तार, पार्क, बाल उद्यान, सार्वजनिक व्यायामशाला, मर्निङवाक ट्र्याक तथा आवश्यक स्थानमा करिडोर सडक निर्माण गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिरहेको छ। साउनभित्र डिपिआर सम्पन्न भए भदौको पहिलो सातादेखि ठेक्का आह्वान गर्ने तयारी रहेको समितिका इन्जिनियर टोपबहादुर बानियाँले बताए। उनका अनुसार अहिले वास्तविक क्षेत्रफल यकिन गर्ने र

» पृष्ठ २ मा क्रमशः



थापाथली



मनोहरा

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सरकारले बागमती नदीकिनारका सिनामंगल, थापाथली, गैरीगाउँ, पशुपति-तिलगंगा, शान्तिनगर, शंखमूल, वंशीघाट, बल्खुलगायतका क्षेत्रबाट करिब २४ सय घरटहरा हटाएको थियो। त्यस्तै, विष्णुमती खोलाकिनारका बुद्धपोखरी, जागृतटोलका १८० घरटहरा र मनोहरा खोलाकिनारमा रहेका करिब तीन सय घरटहरा भत्काएको थियो। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले पहिलो चरणमै विभिन्न स्थानको उपयोग योजना तयार पारेको छ। वंशीघाट र शंखमूलमा पार्क तथा खेलमैदान निर्माणको योजना छ भने थापाथलीमा नदी क्षेत्र छुट्याएर करिडोर सडक तथा बाँकी भागमा पार्क बनाइने भएको छ। त्यस्तै, थापाथलीमै प्रसूति गृहपछाडि खुला विश्रामस्थल, मेच तथा प्रहरीका अस्थायी संरचना बनाउने योजना छ। तीनकुने-सिनामंगल क्षेत्रमा पार्क, बाल उद्यान, योगास्थल र मर्निङवाक ट्र्याक बनाउने योजना छ। यसैगरी, मनोहरा नदीकिनारमा पार्क तथा सम्भव भए खेलमैदान बनाइने भनिएको छ। गौशालामा पशुपति दक्षिण क्षेत्रमा हरियाली पार्क र बागमती नदीको क्षेत्र संरक्षण गरिने भएको छ। समितिका अनुसार अधिकांश काम यही आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। हालसम्म अधिकांश स्थानबाट भग्नावशेष हटाइसकिएको छ भने धेरै ठाउँ सम्याएर राखिएको छ। 'डिपिआर साउनभित्र तयार हुन्छ। त्यसपछि भदौको पहिलो सातादेखि टेन्डर प्रक्रिया अघि बढाउँछौं। कुन ठाउँमा के बन्ने र कति बजेट लाग्ने भन्ने अन्तिम विवरण डिपिआरपछि मात्रै टुंगिन्छ,' समितिका इन्जिनियर टोपबहादुर बानियाँले भने।

पूर्ण इजलासमा...

पृष्ठ १ बाट क्रमशः

को नियम २५ बमोजिम विवरण अद्यावधिक गर्नुअघि निर्वाचन आयोगले निवेदकहरूलाई सुनुवाइको मौका नदिई गरेको निर्वाचन आयोगको मिति २०८२/१०/२९ को निर्णय बदर नहुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०८३/०१/०४ मा भएको फैसलामा यस अदालतबाट ने.का.प. २०६८ अंक ८ नि.नं. ८६६३ र ने.का.प. २०६९, अंक ८ नि.नं. ८८७१ मा प्रतिपादित कानुनी सिद्धान्तसमेतको परिपालनाको प्रश्न सन्निहित रहेको देखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दामा पुनरवलोकनको अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गर्नू,' फैसलामा भनिएको छ। पुनरवलोकन निवेदनमा निर्वाचन आयोग, विशेष महाधिवेशनबाट चुनिएका सभापति थापा र उपसभापति विश्वप्रकाश शर्मालाई विपक्षी बनाइएको थियो।

सर्वोच्चले पुनरवलोकनको मौका दिएसँगै देउवा पक्ष हौसिएको छ। नेता विमलेन्द्र निधिले पुनरवलोकनको अनुमति दिने निर्णय सर्वाधिक खुसीको विषय भएको भन्दै आफूहरूले न्याय पाउनेमा विश्वस्त रहेको बताए। 'सर्वोच्च अदालले पुनरवलोकनका लागि अनुमति दिएको छ। यो सर्वाधिक खुसीको विषय हो। हामी यसलाई स्वागत गर्छौं,' उनले भने, 'अब सुरुदेखि नै सुनुवाइ हुने प्रक्रियामा शेरबहादुर देउवा पार्टी सभापति रहेको १४औं महाधिवेशनको कार्यसमिति पुनर्स्थापित हुन्छ र हामीले आधिकारिकता पाउँछौं भन्ने पूर्ण विश्वास भएको छ। हामीलाई पूर्ण विश्वास छ, सर्वोच्चले हामीलाई न्याय दिन्छ।'

संस्थापन पक्ष पनि तथ्य, प्रमाणका आधारमा अदालतमा बहस गर्ने र आधिकारिकता आफूले नै पाउनेमा विश्वस्त छ। 'अदालतले तथ्यमा भन्दा निर्वाचन आयोगको निर्णय प्रक्रियालाई हेरेर पुनरवलोकन गर्न अनुमति दिएको देखिन्छ। पूर्णपाठ नहेरी धेरै बताउन सकिँदैन। योसहित समग्र राजनीतिक विषयमा हामी केन्द्रीय कार्यसमिति बैठकमा विस्तृत छलफल गर्छौं,' कांग्रेस प्रवक्ता देवराज चालिसेले भने, 'विशेष महाधिवेशन बहुमत महाधिवेशन प्रतिनिधिको सहभागितामा भएको हो। विधानको व्यवस्थामै टेकेर भएको विशेष महाधिवेशनले चयन गरेको कार्यसमिति अहिले कायम छ। हामीले १५औं महाधिवेशनको निर्णय गरेर त्यसको तयारी पनि गरिरहेका छौं। तथ्य, प्रमाणको आधारमा अदालतमा बहस गर्न तयार छौं। पुनरवलोकन हुँदा पनि तथ्य प्रमाण हेरेरै फैसला आउने हो। पुनरवलोकनको अनुमति दिनु भनेको अघिल्लो फैसला उल्टिनु होइन।'

अदालतले यसअघि फैसला गर्दा विशेष महाधिवेशनबाट निर्वाचित थापाको हस्ताक्षरबाट २१ फागुनको निर्वाचनमा उम्मेदवारी दिइएको र उक्त निर्वाचन सम्पन्न भई राजनीतिक वैधता पाइसकेको, निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ को परिधिभित्र रहेर उपलब्ध तथ्य, कागज र प्रमाणको अध्ययन र जाँचबुझ गरी निर्णय गरेको र दफा ४६ (२) बमोजिम उक्त निर्णय अन्तिम हुने भएकाले प्रस्तुत रिट निवेदनको रोहबाट हस्तक्षेप गरी हेर्न उपयुक्त नदेखिएको, देउवा नेतृत्वको कार्यसमितिको समय सकिएको स्वीकार गरेको, निर्वाचन आयोगले गरेको निर्णयमा कुनै कानुनी र कार्यविधिगत त्रुटि रहेको मान्न नमिल्ने भनेको थियो।

अब यो मुद्दा हेरेका संयुक्त इजलासका दुई र पूर्ण इजलासका तीन गरी पाँच न्यायाधीशबाहेक तीन न्यायाधीशले हेरेर फैसला दिनेछन्। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी नजिर स्पष्ट बाझिएको वा फैसलामा गम्भीर त्रुटि भएको अवस्थामा निस्सा दिइने बताउँछन्। 'सामान्यतया निस्सा सजिलै दिइँदैन। नजिर प्रस्ट बाझिएको, फैसलामा गम्भीर त्रुटि भएको अवस्थामा निस्सा दिने गरिन्छ। सर्वोच्चले यसअघि नै एउटा फैसला गरिसकेको छ। यसअघि फैसला गरेका र निस्सा दिएका न्यायाधीशबाहेकका न्यायाधीशले अब सुनुवाइ गर्नुपर्ने हुन्छ। सर्वोच्चले अर्को पक्ष (निर्वाचन आयोग र गगन-विश्वप्रकाश)लाई सूचना पठाउँछ,' उनले भने, 'निस्सा दिँदैमा मुद्दा उल्टिहाल्छ भन्ने होइन, उल्टिँदैन भन्ने पनि हुँदैन। सुरुदेखि दुवै पक्षका कानुन व्यवसायीले बहस गर्छन्। त्यसपछि पुनः फैसला आउँछ। पाँच न्यायाधीशले यो मुद्दा हेर्न नपाउने भएकाले प्रक्रियाले समय लिन सक्छ।'

कांग्रेस विवादको यो निर्णयमा पूर्ण इजलासले पुराना दुई मुद्दाका नजिरलाई आधार मानेको छ। रत्नकाजी महर्जनसमेत निवेदक तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग विपक्षी भएको मुद्दामा गरिएको व्याख्यालाई एउटा नजिर मानेको छ। उक्त मुद्दामा सर्वोच्चको व्याख्या थियो, 'कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीले कुनै निर्णय गर्दा जबसम्म सम्बन्धित पक्षलाई उसको विरुद्धमा निर्णय गर्नुपूर्व प्रतिरक्षा गर्ने वा सफाइ पेस गर्ने पूर्ण अवसर प्रदान गरेको हुँदैन यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल तथा बदरयोग्य हुने।' त्यस्तै, ०६८ भदौमा भएको अर्को एक फैसलाको व्याख्यालाई समेत कांग्रेस आधिकारिकता मुद्दासँग दाँजेको छ। सर्वोच्चकै पूर्ण इजलासले वीरबहादुर राउत अहिर निवेदक तथा गृह मन्त्रालयसमेत विपक्षी भएको एक मुद्दामा भनिएको छ, 'कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ। सुनुवाइको मौका नदिई गरिएको निर्णयको स्थान नै लिन सक्ने हुँदा न्यायिक प्रक्रियामा वैधानिक मान्यता प्राप्त गर्न नसक्ने।' प्राकृतिक न्यायको सिद्धान्तले न्यायिक प्रक्रियालाई स्वच्छ र विश्वसनीय बनाउने हुँदा यसको उपेक्षा गरी भएको निर्णयलाई पूर्वाग्रही निर्णयको संज्ञा दिनुपर्ने उक्त पूर्ण इजलासको व्याख्या छ।

विशेष महाधिवेशनका सात महिना

सात महिनाअघि गत पुस अन्तिममा कांग्रेसको विशेष महाधिवेशन भएको थियो। तत्कालीन संस्थापन पक्षविनै भएको विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको थियो। नेतृत्वसँगै विशेष महाधिवेशनले विधान संशोधन पनि गरेको थियो। २ माघमा निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिँदै नयाँ कार्यसमितिको विवरण अद्यावधिक गरेको थियो। उक्त निर्णय खारेज गर्न माग गर्दै तत्कालीन सभापति देउवा र कार्यवाहक सभापति खड्काले ४ माघमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। २१ फागुनको निर्वाचनअघि उक्त मुद्दाको फैसला भएन। प्रतिनिधिसभा निर्वाचनमा देउवाको हस्ताक्षरमा समानुपातिक र विशेष महाधिवेशनबाट चयन भएका सभापति गगन थापाको हस्ताक्षरमा प्रत्यक्षतर्फका उम्मेदवार बने। विशेष महाधिवेशनप्रति असन्तुष्ट शेखर कोइराला, विमलेन्द्र निधिलगायतका नेताहरू पनि उम्मेदवार भएका थिए। यद्यपि, सभापति थापासहित पदाधिकारी र पूर्वपदाधिकारी कोही पनि निर्वाचित भएनन्। गत ४ वैशाखमा सर्वोच्च अदालतले निर्वाचन आयोगको निर्णय सदर गर्दै विशेष महाधिवेशनलाई मान्यता दिएको थियो। त्यसपछि १४औं महाधिवेशन पक्षधर निरन्तर छलफल र भेलामा छन्। सातै प्रदेशमा भेला सम्पन्न गरेर उनीहरू यही २९ साउनमा राष्ट्रिय कार्यकर्ता भेलाको तयारीमा छन्। त्यसअघि सभापति गगन थापाले २४ साउनमा केन्द्रीय कार्यसमितिको बैठक बोलाएका छन्।

देशमा ग्यास...

पृष्ठ १ बाट क्रमशः

निगमले ०७२ को आफ्नो नीति तथा कार्यक्रममै समेटेर देशका पाँच स्थानमा कुल ३५ हजार टन क्षमताको ग्यास भण्डारणगृह बनाउने योजना अघि सारेको थियो। मधेशलाई लक्षित गरी धनुषाको महेन्द्रनगरमा १० हजार टन, काठमाडौं उपत्यकालाई लक्षित गरेर आसपासको जिल्लामा १० हजार टन, कोशी र लुम्बिनीमा पाँच-पाँच हजार टन तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि उपयुक्त स्थानमा पाँच हजार टन क्षमताका भण्डारणगृह बनाउने योजना वर्षौंसम्म कागजमै सीमित राखेको निगम अहिले पछि हटिसकेको छ।

निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुख विनीतमणि उपाध्यायले ग्यास भण्डारणगृहको आवश्यकता महसुस भए पनि निर्माणले गति लिन नसकेको स्वीकार गरे। 'जब असहजता हुन्छ, त्यो वेला भण्डारणगृह निर्माणको विषय अलि जोडतोडले उठ्छ। त्यसपछि भने विविध कारणले अपेक्षाअनुसारको गतिमा अघि बढ्न सकेको छैन,' उनले भने।

पछिल्लो समय भने भण्डारणगृह निर्माण गर्ने कामलाई गति दिन थालिएको उपाध्यायले बताए। उनका अनुसार सर्लाहीको नेत्रगन्जमा १५ बिघा जमिनमा पाइपलाइनसहित भण्डारणगृह निर्माणका लागि कमिटी बनाएर पहल भइरहेको छ। यहाँ ०७९ मा सर्भे गरिएकोमा अहिलेसम्म काम भने सुरु भएको छैन, भारतसँग छलफल मात्रै भएको छ। गत वर्ष २२ मंसिरमा नयाँदिल्लीमा नेपाल-भारत संयुक्त पेट्रोलियम तथा ग्यास कार्यदलको पाँचौं बैठक बसेको थियो। नेपालको तर्फबाट आपूर्ति मन्त्रालयका सहसचिव र भारतको तर्फबाट पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको सहसचिवले नेतृत्व गर्ने कार्यदलको बैठक प्रत्येक वर्ष बस्ने प्रावधान छ। पाँचौं बैठकको नेतृत्व नेपालबाट तत्कालीन सहसचिव शिवराम पोखरेल थिए भने भारतको तर्फबाट सहसचिव इशा श्रीवास्तवले गरेकी थिइन्। तर, उक्त बैठकमा ग्यास पाइपलाइनको एजेन्डामा छलफल भए पनि भण्डारणगृहको प्रसंग नै प्रवेश भएन। कार्यदलको बैठकपछि एनओसी र आइओसीका अधिकारी सम्मिलित समिति बनिसकेको र उक्त समितिले भण्डारणगृहसमेत निर्माण गर्ने विषयमा छलफल थालेको उपाध्यायले बताए।

'दुई देशका विभागीय मन्त्रालयका सहसचिवले नेतृत्व गर्ने कार्यदलको पाँचौं बैठकमा पाइपलाइन निर्माण गर्ने विषय प्राथमिकताका साथ छलफल भएछ। भण्डारणगृह बनाउने विषय भने छुटेछ,' उनले भने, 'एनओसी र आइओसीका अधिकारी सम्मिलित समितिको बैठकमा पाइपलाइन र भण्डारणगृहलाई एउटै एजेन्डामा राखिएको छ।' उपाध्याय उक्त समितिको सदस्यसमेत हुन्।

वीरगन्जबाट ३९ किलोमिटरपारि मोतीहारीमा इन्डियन आयल निगम (आइओसी)ले ०८० पुसदेखि नै पाइपलाइनमार्फत ग्यास ढुवानी गरेर भण्डारणसमेत गर्ने गरेको छ। सोही स्थानबाट सर्लाहीसम्म पाइपलाइनमा ल्याउन कार्यदलको बैठकपछि एनओसी र आइओसीका अधिकारी सम्मिलित समिति बनेको उपाध्यायले बताए। उनका अनुसार समितिको पहिलो बैठक भर्चुअल रूपमा ११ जेठमा बसेको थियो।

'आइओसीको प्राविधिक टोलीले आठ वा १० इन्च गोलाइमध्ये एउटा पाइपलाइन बिछ्याउन विकल्पसहितको अध्ययन गरिरहेको छ। समितिको बैठकमा पाइपलाइनसँगै भण्डारणगृह निर्माणलाई पनि एउटै एजेन्डामा राखिएको छ। कम्तीमा एक महिनाको माग धान्ने क्षमताको भण्डारणगृह पनि सँगै अघि बढ्नुपर्ने प्रस्ताव गरेका छौं। आयोजना भारतीय सहयोगमै बन्नुपर्छ भन्नेमा पनि हाम्रो जोड छ। यसमा भारतीय पक्ष सकारात्मक नै छ, दुवै देशका उच्च तहमा छलफल गर्नुपर्छ भनेको छ। त्यसैले लगानीको मोडालिटी भने तय भइसकेको छैन,' उनले भने, 'नेत्रगन्जमा ४५ हजारदेखि ५० हजार टन क्षमताको भण्डारणगृह बन्ने अपेक्षा छ।'

अहिले नेपालमा एउटै पनि ग्यास भण्डारणगृह छैन। ५९ वटा उद्योगको बुलेटमा आएको ग्यास अनलोड गर्न उद्योगपरिसरमा पनि बुलेट नै गाडेर राखिएको छ। सबै उद्योगको गरी कुल १० हजार एक सय टन क्षमताका बुलेटमा अनलोड गरेर त्यहीँबाट सिलिन्डरमा ग्यास भरेर डिलरमा पठाउने गरिन्छ। डिलरबाट डिपो हुँदै उपभोक्ताको भान्सासम्म पुग्छ।

आयल निगमका कार्यकारी निर्देशक नागेन्द्र साह तीन वर्षभित्र सर्लाहीमा ग्यास भण्डारण गृह निर्माण भइसक्ने दाबी गर्छन्। 'आयल निगमको अबको प्राथमिकता भनेको ग्यास भण्डारण गृह निर्माण गर्ने नै हो। अहिले १२०० किमि टाढा रहेको भारतको पाराबिप रिफाइनरीबाट बुलेटमा ग्यास ल्याउँदा ढिला हुने र ढुवानी भाडावापत ठूलो रकम बाहिरिने गरको छ। अबको तीन वर्षभित्र पाइपलाइनबाटै ग्यास ल्याएर जम्मा गर्नेगरी सर्लाहीमा भण्डारण गृह निर्माण गरेरै छाड्छौं,' उनले भने।

०७२ को भूकम्प र नाकाबन्दीपछि निगमले ल्याएको थियो पाँच ठाउँमा ३५ हजार टन क्षमताको भण्डारणगृह बनाउने योजना

०७२ वैशाखको भूकम्पले संकट भोगिरहेको नेपालमा सोही वर्ष भारतले गरेको 'अघोषित' नाकाबन्दीका कारण इन्धन संकट निम्तियो। पेट्रोल, डिजेल र ग्यासको हाहाकार मच्चियो। सोही वर्ष निगमले आफ्नो नीति तथा कार्यक्रमबाटै देशका पाँच ठाउँमा कुल ३५ हजार टन क्षमताका ग्यास भण्डारणगृह बनाउने योजना अघि सार्‍यो। मधेशलाई लक्षित गरी धनुषाको महेन्द्रनगरमा १० हजार टन, काठमाडौं उपत्यकालाई लक्षित गरेर आसपासको जिल्लामा १० हजार छन्, कोशी र लुम्बिनीमा पाँच-पाँच हजार टन तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि उपयुक्त स्थानमा पाँच हजार टन क्षमताका भण्डारणगृह बनाउने योजना बनाएको थियो। धनुषास्थित महेन्द्रनगरको १० हजार टनको भण्डारणगृहका लागि करिब तीन अर्ब रुपैयाँ लागत अनुमानसमेत तयार गरेको थियो। त्यस्तै, काठमाडौंलक्षित १० हजार टन भण्डारणका लागि काभ्रेमा जग्गा खोजिएको थियो। तर, अहिले यी सबै स्थानमा भण्डारणगृह बनाउने योजनाबाट निगम पछि हटिसकेको छ।

कोभिडकालमा पनि झापा, जनकपुर र चितवनमा भण्डारणगृह बनाउन प्रक्रिया थालिएको थियो, पछि बिजुलीको उपभोग बढाउने भन्दै रद्द

कोभिडको समयमा पनि ग्यास आपूर्ति असहज भएपछि पुनः भण्डारणगृह निर्माण गर्ने योजना ब्युँतियो। पुरानै योजनाअन्तर्गत धनुषाको महेन्द्रनगर र झापाको चारआलीमा निगमको स्वामित्वमा रहेको जग्गामा तीन हजारदेखि पाँच हजार टन क्षमताको भण्डारणगृहका लागि अध्ययन गर्न निगमले परामर्शदाता नियुक्तिको प्रक्रियासमेत अघि बढाउँदै टेन्डर आह्वान गरेको थियो। भण्डारणगृहमा बोटलिङ प्लान्ट पनि सञ्चालन गरेर सिलिन्डरमा ग्यास भर्ने सुविधासमेत राख्ने योजना निगमको थियो। तर, पछि ग्यासको सट्टा बिजुलीको उपयोग बढाउने नीति लागू गर्ने भन्दै रद्द गरेको थियो।

त्यस्तै, ०७६ मै झापाको चारआली र चितवनको लोथरमा भण्डारणगृह अघि बढाउन निगमको प्रस्ताव उद्योग मन्त्रालय हुँदै मन्त्रिपरिषद् पुगेको थियो। तर, मन्त्रिपरिषद्ले ग्यासको खपत घटाउने र बिजुलीको उपयोग बढाउने भन्दै योजना रद्द गरिदिएको आयल निगमका तत्कालीन कार्यकारी निर्देशक सुरेन्द्र पौडेलले बताए।

'०७६ मा विभागीयमन्त्री लेखराज भट्ट हुनुहुन्थ्यो, उहाँको समेत समर्थन लिएर झापा र चितवनमा ग्यास भण्डारणगृह पनि बनाउने भनेर फाइल मन्त्रिपरिषद् पुगेको थियो,' पौडेलले भने, 'तर, दुवै स्थानमा पेट्रोल, डिजेल, मट्टीतेल र हवाई इन्धनको भण्डारणगृह बनाउने कुरामा भारतसँग वार्ता गर्न मन्त्रिपरिषद्ले स्वीकृति दिए पनि ग्यास भण्डारण गर्ने योजना रोकियो।'

०७९ चैतमा भारतले आफ्नै खर्चमा गरेको थियो अध्ययन

०७५ मा मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएपछि पाइपलाइनमार्फत इन्धन ढुवानी विस्तार गर्ने योजनाहरू प्राथमिकतामा पर्दै आएका छन्। भारतीय लगानीमा थप स्थानमा पाइपलाइन विस्तार गर्न सरकारले अग्रसरता देखाएपछि एनओसीले मोतीहारी-सर्लाहीमा ग्यासका पाइपलाइन र ग्यास भण्डारणगृह निर्माण गर्ने विषयमा आइओसीलाई सर्भे गरिदिन आग्रह गरेको थियो।

निगमको प्रस्तावपछि आइओसीले ०७९ को चैतबाट सर्भे थालेको थियो। मोतीहारीमा भने ०८० पुसबाट पाइपलाइनमा ग्यास ढुवानी भई स्टोरेज सुरु भइसकेको छ। एनओसीले निगमले मोतीहारीसम्म आएको पाइपलाइन सर्लाहीसम्म विस्तार गरेर ग्यास ल्याउन चाहेको छ। त्यतिवेला आइओसीले गरेको अध्ययनअनुसार पाइपलाइन र १५ हजार टन क्षमताको भण्डारणगृह निर्माणका लागि १५ अर्ब रुपैयाँ प्रारम्भिक लागत अनुमान तयार गरिएको थियो। उक्त भण्डारणगृहबाट एकैपटकमा आठ बुलेटमा ग्यास भर्ने सुविधा हुने आइओसीको प्रतिवेदनमा उल्लेख छ। सो लागत आइओसीले व्यहोरेर निर्माण गरिदिनुपर्ने नेपालको प्रस्ताव थियो, तर त्यसबारे खासै छलफल भएन।

खोलाकिनारको...

पृष्ठ १ बाट क्रमशः

आवश्यक डिजाइन तथा लागत निर्धारणको काम भइरहेको छ।

'डिपिआर साउनभित्र तयार हुन्छ। त्यसपछि भदौको पहिलो साताबाट टेन्डर प्रक्रिया अघि बढाउँछौं। कुन ठाउँमा के बन्ने र कति बजेट लाग्ने भन्ने अन्तिम विवरण डिपिआरपछि मात्रै टुंगिन्छ,' उनले भने।

सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत उपत्यका विकास प्राधिकरण र बागमती सभ्यता विकास समितिलाई एकीकृत गर्ने नीति लिएकाले बजेट व्यवस्थापनको काम पनि सँगै अघि बढिरहेको समितिले जनाएको छ।

समितिका आयोजना निर्देशक मचाकाजी महर्जनका अनुसार पहिलो प्राथमिकता खोलाको वास्तविक क्षेत्र सुरक्षित गर्नु हो। त्यसपछि मात्रै बाँकी जग्गामा पार्क र हरियालीका संरचना निर्माण गरिनेछ।

उनका अनुसार बागमती नदीको धेरै भाग अतिक्रमणमा परेको थियो। विशेष गरी सिनामंगल क्षेत्रमा नदीको चौडाइ १० मिटरभन्दा कममा सीमित भएको अवस्थामा अवैध बस्ती हटाइएपछि अहिले नदीको वास्तविक क्षेत्र कायम गर्ने काम सुरु गरिएको छ।

नक्साअनुसार खोलाको करिब ८० मिटर क्षेत्र सुरक्षित गरिसकेपछि बाँकी भागमा हरियाली, पार्क, बाल उद्यान, व्यायामशाला तथा सार्वजनिक खुला क्षेत्र निर्माण गरिने योजना छ।

सात बोरा...

पृष्ठ १ बाट क्रमशः

भएको उनी बताउँछन्। 'पहिलो लटमा मल हाल्ने वेला बितिसक्यो। अब कहिले आउँछ थाहा छैन,' उनी भन्छन्, 'जहिले आए पनि पर्खिएर हाल्नै पर्‍यो। हरियो भएसम्म हाल्न पाइयो भने अलिअलि फल्छ कि ?'

समयमा मल नपाउने, उत्पादन भएपछि मूल्य नपाउने, उत्पादन लागत नै धेरै लाग्नेलगायत समस्याले किसान मर्कामा परेको उनी बताउँछन्। 'खेती गरेर केही फाइदा छैन। तर, खेती नगरेर पनि भएको जग्गामा के गर्ने ? समयमा मल पाइँदैन। धानको मूल्य पनि छैन,' उनी भन्छन्, 'गत वर्षसम्म दुई हजार प्रतिघण्टामा ट्र्याक्टर पाइन्थ्यो। योपटक तीन हजार लाग्यो। मजदुर पनि पहिला ६ सयमा पाइन्थ्यो। अहिले सात सय भएको छ।'

रासायनिक मल युरिया थोरै आएको र किसानको माग धेरै भएका कारण गोलाप्रथा गरेर मल वितरण गर्नुपर्ने अवस्था आएको लखनपुर साना किसान कृषि सहकारीका व्यवस्थापक टंक पराजुलीले बताए। अहिले डिएपी मल पर्याप्त रहेको उनी बताउँछन्। तर, डिएपी भने खेती तयारी गर्दाको अवस्थामा लगाइन्छ। 'अहिले युरिया माग छ, डिएपी मल आएको छ। किसानको मागअनुसार मल नै पाइँदैन। बुधबार १८० बोरा मल आएको थियो। बिघाको एक बोराका दरले बाड्यौं। एक दिनमै सकियो। रहेको सात बोरा लिन ५० जना आएपछि गोलाप्रथा गर्‍यौं,' उनले भने, 'अब सात सय बोरा मल आयो भने मात्रै किसानको माग पूरा हुन सक्छ।'

गोलाप्रथाबाट मल पाएका किसान पनि खुसी छैनन्। ६ बोरा मल आवश्यक हुँदा बल्ल एक बोरा मल पाइएको कमल गाउँपालिका-७, ठुलो बाह्रघरेका किसान पुण्यप्रसाद चम्लागाईंले बताए। 'मेरो ६ बिघा खेत छ। मल पाएको छ एक बोरा। अब कसरी खुसी हुनु। यसले त एक छेउ पनि पुग्दैन,' उनी भन्छन्, 'सरकारले सधैं यस्तै गर्छ। युरिया चाहिएको वेलामा डिएपी दिन्छ। अनि कसरी हामीले खेती गर्न सक्छौं।'

धानको एउटा सिजनमा किसानलाई दुईपटक युरिया मल आवश्यक पर्छ। धान रोपेको २१ दिनदेखि २५ दिनसम्म पहिलोपटक युरिया लगाइन्छ भने त्यसको एक महिनापछि दोस्रोपटक युरिया लगाइन्छ। झापामा साल्ट ट्रेडिङ कर्पोरेसन र कृषि सामग्री कम्पनी लिमिटेडले सहकारी र डिलरमार्फत मल किसानलाई उपलब्ध गराउँदै आएका छन्। साल्ट ट्रेडिङसँग डिएपी मल भए पनि युरिया नभएको झापास्थित बिर्तामोड कार्यालयले जनाएको छ। यस्तै, कृषि सामग्रीमा भने दैनिकजसो युरिया मल आइरहेको झापा कार्यालय प्रमुख दीपक राजवंशीले बताए। 'झापाको कोटामा ३० हजार बोरा युरिया र ३० हजार बोरा डिएपी परेको छ। साउनयता १७ हजार ३३८ बोरा युरिया वितरण गरिसकेका छौं। मल पर्याप्त नै छ। किसान डराएर आएको वेला राखौं भन्दा अभाव भएको देखिएको हो,' उनले भने, 'विराटनगर कार्यालयबाट दैनिकजसो ढुवानी भइरहेको छ। त्यहीअनुसार डिलर र सहकारीलाई दिन्छौं। कोटामा परेको मल भण्डारण गर्ने ठाउँ हामीसँग छैन।'

अधिकतम खुद्रा बिक्रि मुल्य प्रकाशनको (MRP) सूचना

यस कम्पनीले चीन बाट पेठारी गरेको देहायको वस्तुहरूको अधिकतम खुद्रा बिक्री मुल्य (MRP VAT सहित) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

क्र.स.	वस्तु विवरण	आकार/प्रकार	ब्रान्ड	मोडल	क्षमता	उत्पादित मुलुक	ईकाइ	प्रति ईकाइ मुल्य	अधिकतम खुद्रा बिक्रि मुल्य
1	Chimmney 90x40	electrical	Advika	AD-01BLACK AD-02CREAM	650m3/h	China	pcs	NRP	12900

BRS Carpenter Home Pvt.ltd
Bharatpur-10 Chitwan
Vat no : 621189522
Phone : 9855012482

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०४/२२

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीहरुले लिएको ऋण/कर्जाको साँवा, ब्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८३/०५/३० गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनुहुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

तपसिल

शाखा कार्यालय : नेपालगंज, बाँके

कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा

ऋणी

नाम : जय वेदान्त इन्टरप्राइजेज प्रा.लि.
दर्ता नं. २२३४९५/०७६/०७७, दर्ता मिति : २०७६/०५/२०
रजिष्टर्ड ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ५, **प्रमोटरहरु/संचालकहरु : मालती शर्मा र सुधीर गौतम**

जमानतकर्ताहरू

१. नाम : मालती शर्मा
ना.प्र.नं. ५७४१, जि.प्र.का. बर्दिया
जारी मिति : २०५५/०४/०३ मा जारी भई मिति २०७२/०६/२० मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : सुधीर गौतम
ससुराको नाम : लक्ष्मण प्रसाद गौतम
स्थायी ठेगाना : बर्दिया जिल्ला, बगनाहा गा.वि.स. वडा नं ६
हालको ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १८

२. नाम : सुधीर गौतम
ना.प्र.नं. ६६१०१९/१७४३, जि.प्र.का. बाँके
जारी मिति : २०६६/०६/१८
बाबुको नाम : लक्ष्मण प्रसाद गौतम
बाजेको नाम : झविलाल गौतम
स्थायी ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १३
हालको ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १८

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : लुम्बिनी, जिल्ला : बाँके

उ.म.न.पा./न.पा./गा.वि.स. साविक	हाल	वडा नं. साविक	हाल	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
खासकारकादो	नेपालगंज	२	१८	मालती शर्मा	७०६	०-२-३-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

जय वेदान्त इन्टरप्राइजेज प्रा.लि. को मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

शाखा कार्यालय : हरिवन, सर्लाही

कर्जा शिर्षक : क्यास क्रेडिट/आवधिक कर्जा

ऋणी

नाम : फुयाल कृषि फर्म
दर्ता नं. ९२९७/०७७/०७८, दर्ता मिति : २०७७/०७/२८
रजिष्टर्ड ठेगाना : सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ३, **प्रोप्राईटर : रिता कुमारी वुढाथोकी फुँयाल**

जमानतकर्ताहरू

१. नाम : रिता कुमारी वुढाथोकी फुँयाल
ना.प्र.नं. ५४९८१०१०, जि.प्र.का. सर्लाही
जारी मिति : २०६१/०३/०७
पतिको नाम : दिल बहादुर फुँयाल
ससुराको नाम : गंगा बहादुर फुयाल
स्थायी ठेगाना : सर्लाही जिल्ला, ढुंग्रेखोला गा.वि.स. वडा नं. ९
हालको ठेगाना : सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ३

२. नाम : दिल बहादुर फुयाल
ना.प्र.नं. १०८४/५४९८००६९, जि.प्र.का. सर्लाही
जारी मिति : २०५३/१२/०१ मा जारी भई मिति २०७६/०३/१८ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : गंगा बहादुर फुयाल
बाजेको नाम : भक्त बहादुर फुयाल
ठेगाना : सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ३

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेस, जिल्ला : सर्लाही

उ.म.न.पा./न.पा./गा.वि.स. साविक	हाल	वडा नं. साविक	हाल	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
हरिवन	बागमती	९	३	दिल बहादुर फुयाल	१८१२	०-१-१०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
					८५२	०-०-१०-०	

फुयाल कृषि फर्मको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

शाखा कार्यालय : इलाम

कर्जा शिर्षक : आवधिक कर्जा (सहुलियतपूर्ण कर्जा अन्तर्गत व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा)

ऋणी

नाम : हात्तीढुङ्गा अर्गानिक कृषि तथा पशुपालन फर्म
दर्ता नं. ४१४५/०७६/०७७, दर्ता मिति : २०७७/०३/३०
रजिष्टर्ड ठेगाना : इलाम जिल्ला, इलाम न.पा. वडा नं. १२, **प्रोप्राइटर : शान्तिका कार्की खत्री**

जमानतकर्ताहरू

१. नाम : शान्तिका कार्की खत्री
ना.प्र.नं. ०३-०१-७५-००९५७, जि.प्र.का. इलाम
जारी मिति : २०७५/०२/२९
पतिको नाम : देव कुमार खत्री
ससुराको नाम : गंगा कुमार खत्री
ठेगाना : इलाम जिल्ला, इलाम न.पा. वडा नं. १२

२. नाम : देव कुमार खत्री
ना.प्र.नं. ०३-०१-७०-०१४४७, जि.प्र.का. इलाम
जारी मिति : २०७०/०४/२४
बाबुको नाम : गंगा कुमार खत्री
बाजेको नाम : चन्द्र बहादुर खत्री
स्थायी ठेगाना : इलाम जिल्ला, साङरुम्बा गा.वि.स. वडा नं. ३
हालको ठेगाना : इलाम जिल्ला, इलाम न.पा वडा नं. १२

३. नाम : ज्ञानेश्वरी खत्री
ना.प्र.नं. ८६०१/७९९, जि.का. इलाम
जारी मिति : २०३८/०१/०४
पतिको नाम : गंगा कुमार खत्री
ससुराको नाम : चन्द्र बहादुर खत्री
स्थायी ठेगाना : इलाम जिल्ला, साङ्गरुम्बा नगर/गाउँ पञ्चायत वडा नं. ३
हालको ठेगाना : इलाम जिल्ला, इलाम न.पा वडा नं. १२

४. नाम : गंगा कुमार खत्री
ना.प्र.नं. ८६०२/७९८, जि.का. इलाम
जारी मिति : २०३८/०१/०४
बाबुको नाम : चन्द्र बहादुर खत्री
बाजेको नाम : पदम सिं खत्री
स्थायी ठेगाना : इलाम जिल्ला, साङ्गरुम्बा नगर/गाउँ पञ्चायत वडा नं. ३
हालको ठेगाना : इलाम जिल्ला, इलाम न.पा वडा नं. १२

५. नाम : शोभा थापा
ना.प्र.नं. १७५४, जि.प्र.का. इलाम
जारी मिति : २०५२/०९/१३
पतिको नाम : योग्य कुमार खत्री
ससुराको नाम : गंगा कुमार खत्री
स्थायी ठेगाना : इलाम जिल्ला, इलाम न.पा. वडा नं. २
हालको ठेगाना : इलाम जिल्ला, इलाम न.पा. वडा नं. १२

६. नाम : योग्य कुमार खत्री
ना.प्र.नं. ३७८६२-४९८, जि.प्र.का. इलाम
जारी मिति : २०४८/०९/०५ मा जारी भई मिति २०७६/०३/०९ प्रथम प्रतिलिपी जारी
बाबुको नाम : गंगा कुमार खत्री, बाजेको नाम : चन्द्र बहादुर खत्री
स्थायी ठेगाना : इलाम जिल्ला, साङरुम्बा गा.वि.स. वडा नं. ३
हालको ठेगाना : इलाम जिल्ला, इलाम न.पा. वडा नं. १२

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : इलाम

न.पा./गा.वि.स.	वडा नं.	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (रोपनी)	कैफियत
साङरुम्बा (मंगलबारे)	८	गंगा कुमार खत्री	६५	११-७-३-१	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
			६७	२-७-३-३	

हात्तीढुङ्गा अर्गानिक कृषि तथा पशुपालन फर्मको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
इलाम ०२७-५२१७२४ नेपालगंज, बाँके ०८१-४१५१२६,
हरिवन, सर्लाही ०४६-५३००५७

क्यान्सरपीडित श्रीमतीलाई पिठ्युँमा बोकेर सुनकोशीमा हामफाले पराजुली

गोताखोर परिचालन गरी दुई दिनदेखि खोज्दा पनि फेला परेनन् पराजुलीदम्पती

काभ्रेपलाञ्चोकमा **इन्द्रबहादुर थापा**

दुई वर्षदेखि बोनम्यारो क्यान्सरसँग जुधिरहेकी श्रीमती । आफैं पनि प्रोस्टेट रोगबाट पीडित । उपचारका लागि अस्पताल धाउँदाधाउँदै थकित भएपछि सुनकोशी नदीमा हामफाले, क्यान्सरपीडित श्रीमतीलाई पिठ्युँमा बोकेर ।

काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका- ८ स्थित दुलालेश्वर महादेव मन्दिरनजिक बुधबार साँझ करिब साढे ६ बजे ६८ वर्षीय केदारनाथ पराजुलीले ६७ वर्षीया श्रीमती तिलकुमारी पराजुलीलाई पिठ्युँमा बोकेर सुनकोशी नदीमा हामफालेको प्रत्यक्षदर्शीको भनाइ छ । घटना भएको दोस्रो दिनसम्म दुवैजना बेपत्ता छन् ।

परिवारका अनुसार तिलकुमारी दुई वर्षदेखि बोनम्यारो क्यान्सरबाट पीडित थिइन् । उनको काठमाडौंमा रहेको सिभिल अस्पतालमा उपचार भएको थियो । किमोथेरापीसमेत गरिएको थियो । तर, स्वास्थ्यले साथ नदिएपछि किमो रोकिएको थियो । पछिल्लो समय घरमै औषधि सेवन गर्दै आवश्यक परे मन्डनदेउपुर नगर अस्पतालमा उपचारका लागि लगिने गरिएको थियो । रोगका कारण उनी अपांगतासमेत भएकी थिइन् ।

श्रीमान् केदारनाथ पनि प्रोस्टेट रोगबाट पीडित थिए । केही दिनअघि मात्रै उपचारपछि उनको शरीरमा पिसाबको थैली झुन्ड्याइएको थियो ।


बेपत्ता दम्पतीका भतिजा प्रेम पराजुलीका अनुसार बुधबार दुवैजना घरमै थिए । छोराबुहारी काममा गएका थिए । साँझ घर फर्किँदा दुवैजना घरमा थिएनन् । सुरुमा अस्पताल गएको अनुमान गरियो । तर, नगर अस्पतालमा सम्पर्क गर्दा उनीहरू नपुगेको जानकारी आयो ।

त्यसपछि खोजी गर्दै जाँदा उनीहरूले ट्याक्सी प्रयोग गरेको खुलेको थियो । ट्याक्सीचालकसँग सम्पर्क गर्दा दम्पतीले आफूहरू 'धामी हेर्न जाने' भन्दै दोलालघाटसम्म लगेर छाड्न आग्रह गरेका थिए । त्यहाँ पुगेपछि एक हजार रुपैयाँ भाडा तिरेर आफूलाई फर्काईदिएको उनले जानकारी दिएका थिए । त्यसपछि आएको सूचनाले परिवारलाई स्तब्ध बनायो ।

दुलालेश्वर महादेव मन्दिरका पुजारीले बोलाउँदाबोलाउँदै केदारनाथले श्रीमतीलाई पिठ्युँमा बोकेर सुनकोशी नदीमा हामफालेको जानकारी परिवारले पाएको भतिज प्रेमले बताए ।

परिवारका अनुसार आर्थिक अभावका कारण उपचार रोकिएको अवस्था भने थिएन । मन्डनदेउपुर नगरपालिका- ७ का वडाध्यक्ष विष्णुप्रसाद पौडेलले पनि पराजुली परिवार आर्थिक रूपमा समस्याग्रस्त नभएको बताए । बेपत्ता दम्पतीका एक छोरा र तीन छोरी छन् ।

घटनापछि नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय बासिन्दा, गोताखोर टोली तथा ड्रोनको प्रयोग गरेर दिनभर खोजी गरिएको थियो । तर, बिहीबार पनि दुवैजनाको अवस्था पत्ता लाग्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रविन विष्टका अनुसार शुक्रबार पनि खोजी कार्यलाई निरन्तरता दिइनेछ ।



बुधबारदेखि बेपत्ता पराजुलीदम्पतीको खोजीमा गोताखोरको टोली । तस्बिर सौजन्य : देवराज केसी

■ सिभिल अस्पतालमा मात्र हुन्छ बोनम्यारोको उपचार

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. उज्ज्वल चालिसेले बोनम्यारो नेपालमा जटिल समस्याको रूपमा रहेको र यसको उपचारका लागि स्रोत-साधनदेखि जनशक्तिसम्मको अभाव रहेको बताए । उनका अनुसार हाल सरकारी अस्पतालमध्ये सिभिल अस्पतालमा मात्रै यसको उपचार हुन्छ ।

'रगतसम्बन्धी क्यान्सर बोनम्यारोबाट हुने हो, यसलाई मल्टिपल माइलोमा पनि भनिन्छ,' उनले भने, 'यो निकै नराम्रो किसिमको क्यान्सर हो, अति दुखाइ हुन्छ र खर्चिलो पनि । निको हुन कठिन हुन्छ, भक्तपुर क्यान्सर अस्पतालमा बोनम्यारोको उपचार हुँदैन ।'

> ● भक्तपुर क्यान्सर अस्पतालका निर्देशक **डा. उज्ज्वल चालिसे** भन्छन्-
>
> 
>
> रगतसम्बन्धी क्यान्सर बोनम्यारोबाट हुने हो, यसलाई मल्टिपल माइलोमा पनि भनिन्छ । यो निकै नराम्रो किसिमको क्यान्सर हो, अति दुखाइ हुन्छ र खर्चिलो पनि । निको हुन कठिन हुन्छ, भक्तपुर क्यान्सर अस्पतालमा बोनम्यारोको उपचार हुँदैन ।

महाराजगन्जस्थित शिक्षण अस्पतालले यो सेवा दिने योजना बनाए पनि अझै सुरु हुन सकेको छैन । शिक्षण अस्पतालका निर्देशक डा. सुवास आचार्यका अनुसार हाल नेपालमा बोनम्यारोसम्बन्धी पाँच-सातजना मात्रै विशेषज्ञ डाक्टर छन् । यो रोगको उपचारसम्बन्धी राम्रो नीति, राम्रो योजना र उपचार सेवा नहुँदा बिरामी मारमा रहेको आचार्यले बताए । नेपालमा बोनम्यारो क्यान्सरका रोगीको वास्तविक संख्या कसैसँग पनि छैन । अधिकांश बोनम्यारोका रोगी उपचारका लागि भारतलगायतका देशमा जाने गरेका छन् ।

चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले बोनम्यारो प्रत्यारोपणका लागि आवश्यक भौतिक एवं चिकित्सकीय तयारी थालेको छ । चीन सरकारले भवन निर्माण, उपकरण खरिद र चिकित्सक, नर्सलाई तालिम दिने गरी यो परियोजना अघि बढाएको हो । चिकित्सकका अनुसार शरीरको फ्ल्याट हड्डीभित्र हुने बोनम्यारोमा रातो रक्तकोष (आरबिसी), सेतो रक्तकोष (डब्लुबिसी) र प्लेटलेट्स बढ्ने गर्छ । बोनम्यारो रोग एप्लास्टिक एनिमिया र रक्त क्यान्सर वा बोनम्यारो क्यान्सर गरी तरिकाको हुन्छ । यी दुवै रोगले बोनम्यारोको नियमित काममा बाधा ल्याइदिन्छ र बोनम्यारोमा बढ्नुपर्ने आरबिसी, डब्लुबिसी र प्लेटलेट्स बढ्न पाउँदैन । यस्तो अवस्थामा बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने हुन्छ । बोनम्यारो सुईबाट रगत झिक्ने वा बोनम्यारो झिक्ने र सुईबाटै राख्ने विधि हो ।

देशभर ५० हजारभन्दा बढी अस्थायी करार र ज्यालादारीका कर्मचारी

संघका करार कर्मचारी व्यवस्थापनबारे अध्ययन गर्न समिति गठन

सुवास भट्ट / नयाँ पत्रिका

संघीय सरकारी निकायमा कार्यरत करारका कर्मचारीको व्यवस्थापनबारे अध्ययन गर्न सरकारले समिति गठन गरेको छ । करारका कर्मचारीको व्यवस्थापन पेचिलो बनेपछि यसबारे अध्ययन गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनले सहसचिवको नेतृत्वमा समिति गठन गरेको हो ।

संघमा कर्मचारीको संख्या आवश्यकताभन्दा बढी रहेको निष्कर्षसहित वर्तमान सरकार दरबन्दी कटौतीको अभियानमा छ । संघमा मन्त्रालयको संख्या नै २२ बाट १८ मा झारेको सरकारले स्थायी दरबन्दी कटौती गरिरहेको छ । यसका लागि मन्त्रालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) चलिरहेको छ । स्थायी दरबन्दी नै कटौती गरेको सरकार करारका कर्मचारी सके नराख्ने, नभए यथाशक्य कम गर्ने प्रयासमा छ ।

मन्त्रालयका अधिकारीहरूका अनुसार हाल करार, अस्थायी र ज्यालादारीमा तीनै तह र सबै निकायमा गरेर ५० हजारभन्दा बढी कर्मचारी कार्यरत छन् । उनीहरू कम्प्युटर अपरेटर, प्राविधिक जिम्मेवारी, ड्राइभर, कार्यालय सहयोगीलगायतका रूपमा छन् । वार्षिक रूपमा करार सम्झौता नवीकरण गर्दै उनीहरू काम गर्दै आएका छन् । करारका कर्मचारीको संख्या आवश्यताभन्दा धेरै र अधिकांश राजनीतिक-प्रशासनिक सम्बन्धका आधारमा करारमा छिरेका बुझाइ सरकारको छ । कतिपय यस्ता करारका कर्मचारी त २०-२५ वर्षदेखि नै कार्यरत छन् ।

अहिलेको निर्णय भने संघको हकमा हो । संघमा कटौती गरेपछि तल्ला तहमा पनि कार्यरत रहेका ठुलो संख्याका करारका कर्मचारी कटौती गर्न सहज हुने बुझाइ सरकारको छ ।

स्थायी दरबन्दी आवश्यक नभएका वा त्यसबाट पूर्ति हुन नसक्ने प्रकृतिका कर्मचारीलाई करारको सट्टा 'आउटसोर्सिङ'लगायतका वैकल्पिक विधिबाट ल्याउने विषयमा सरकारी अधिकारीहरूले छलफल थालेका थिए । मितव्ययिता र खर्च कटौतीको उद्देश्यसहित साउनदेखि नै करार, अस्थायी र ज्यालादारीका कर्मचारीलाई घर पठाउने गरी सरकारले योजना गरेको भन्दै ती कर्मचारी संगठित रूपमा आन्दोलनमै उत्रेका थिए । लामो समयदेखि करारमा कार्यरत रहे पनि रित्तो हात घर जानुपर्ने अवस्था सिर्जना भएको, सामाजिक सुरक्षा, हटाउँदाको क्षतिपूर्तिलगायतको सुनिश्चितता उनीहरूले खोजेका छन् ।

करार, अस्थायी र ज्यालादारीका कर्मचारीहरू एकट्ठा भएर ठुलो संख्यासहित सिंहदरबारमा धर्नालगायतका आन्दोलनका कार्यक्रम गरेपछि ३२ असारमा मन्त्रिपरिषद्ले यसबारे निर्णय गरेको थियो । त्यही निर्णय कार्यान्वयनको सिलसिलामा मन्त्रालयले समिति गठन गरेको हो ।

निर्णयबमोजिम त्यस्ता कर्मचारीको र आगामी दिनमा करारका कर्मचारीको व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी १० दिनभित्र उपयुक्त विकल्पसहितको प्रतिवेदन तयार गर्न मन्त्रालयले निर्णय गरेको हो । सोमबार मन्त्री प्रतिभा रावलले यस सम्बन्धमा निर्णय गरिदिएपछि समिति गठन भएको हो । मन्त्रालयका सहसचिव धोलकराज ढकालको संयोजकत्वमा गठन गरिएको समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थ मन्त्रालयका उपसचिव प्रतिनिधिसहित भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव महेन्द्रप्रसाद साँखी सदस्य र मन्त्रालयकै उपसचिव देवेन्द्र सापकोटा सदस्यसचिव छन् ।

गत ३२ असारको मन्त्रिपरिषद् बैठकले ओएन्डएमबाट कटौती हुने नेपाल सरकारका विभिन्न मन्त्रालय र मातहतका कार्यालयमा स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धमा गरेको निर्णयको ७ नम्बर बुँदा कार्यान्वयनका क्रममा समिति गठन गरिएको हो । उक्त बुँदामा 'उल्लेखित व्यवस्थाको कार्यान्वयनपश्चात् पुलमा बाँकी रहने करारका कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्न आगामी दिनमा करारका कर्मचारीलाई काममा लगाउँदा गरिने



करार सम्झौतामा समेटुनुपर्ने न्यूनतम सेवा-सुविधाका सर्तका सम्बन्धमा र हाल करारमा कार्यरत कर्मचारीलाई स्वीकृत दरबन्दीबमोजिम करारमा काममा लगाउन नसकी सम्झौता अन्त्य गर्नुपर्दा उपलब्ध गराइने सेवा-सुविधाका सम्बन्धमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक महिनाभित्र अध्ययन गरी उपयुक्त विकल्प सिफारिस गर्ने' उल्लेख छ ।

समितिका संयोजक ढकालले आफूले समिति संयोजकका रूपमा चिठी पाएको बताउँदै अब काम सुरु गर्ने बताए । समितिले संघीय तहका करारका कर्मचारीको हकमा अध्ययन गर्ने उनको भनाइ छ । समितिलाई प्राप्त कार्यजिम्मेवारीबमोजिम काम गर्ने उनले बताए । समितिका सदस्य सचिव रहेका मन्त्रालयका उपसचिव देवेन्द्र सापकोटाका अनुसार समितिलाई तीन विषयमा अध्ययनको जिम्मेवारी छ । त्यसमा दरबन्दी कटौतीका क्रममा करारका कर्मचारी हटाउँदा लिने आधारबारेको मापदण्ड, यसरी हटाउँदा दिने सेवा-सुविधाको विषय र भविष्यमा पनि करारका कर्मचारी राख्दा तथा तिनलाई दिने सेवा-सुविधाका मापदण्डबारे समितिले अध्ययन गरेर सिफारिस गर्ने सापकोटाले बताए । १० दिनभित्र प्रतिवेदन तयार गरेर पेस गर्ने जिम्मेवारी दिइएको छ ।

घात नगर्न सांसदलाई लिङ्देनको निर्देशन

काठमाडौं / एमाले-नेकपाले प्रदेशहरूमा थालेको नयाँ समीकरणमा निर्णायक मानिएको राप्रपाले आफ्ना सांसदहरूलाई 'बेलगाम' बनेर कलंकित नबन्न सचेत गराएको छ । बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापासहित सांसदहरूलाई बिहीबार सामूहिक निर्देशन दिँदै अध्यक्ष राजेन्द्र लिङ्देनले त्यसरी सचेत गराएका हुन् । कतिपय सांसदहरूले केन्द्रको निर्णय र नेतृत्वको जानकारीविनै सत्ता-समीकरणका विषयमा एमाले अध्यक्ष केपी ओलीलाई भेटेको, प्रदेशहरूमा पनि विभिन्न पार्टीका नेताहरूसँग छलफलमा बसेको जस्ता विषय बाहिर आएपछि काठमाडौंमा बोलाएर लिङ्देनले सचेत गराएका हुन् । उनले पार्टी निर्णय र निर्देशनविपरीत अरू दललाई समर्थन गर्दा या मतदान गर्दा गण्डकी र मधेश प्रदेशमा सांसदहरूको पदै गएकोसम्मका नजिरसमेत प्रस्तुत गर्दै सचेत गराएका थिए ।

'राजनीतिमा यो नै अन्तिम अवसर होइन । प्रदेशमा शून्यबाट २८ सिट र संघमा १४ सिटसम्म ल्याएको राप्रपाको राष्ट्रिय राजनीतिमा औचित्य र सान्दर्भिकता छ । अझै पार्टी प्रबल रूपमा उदय हुने सम्भावना छ,' लिङ्देनले भने, 'त्यसैले राजनीतिमा अवसरहरू प्रशस्त आइरहन्छन् । तर, आएका जति अवसरहरू हाम्रै हो भनेर कहिले पनि सोच्नुहुँदैन । त्यसैले पार्टीलाई धोका दिएर कलंकको टीका नलगाउन र आफ्नै छोरानातिलाई गद्दारको सन्तानको पहिचान नदिलाई पार्टी निर्णयमा अडिग रहन तथा नेतृत्वको जानकारीविना भेटघाट, छलफलमा नबस्न म तपाईंहरूलाई निर्देशन दिन्छु ।'

■ सरकारी अनुदान हिनामिना प्रकरण

आठबिसकोटका मेयरसहित ११ विरुद्ध मुद्दा

नयाँ पत्रिका

दुग्ध चिस्यान केन्द्र निर्माणमा सरकारी अनुदान हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाका बहालवाला मेयरसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । चिस्यान केन्द्र निर्माण गर्दा प्रदेश र नगरपालिकाबाट दुई लटमा लिएको कुल एक करोड ७१ लाख ४० हजार ९२४ को अनुदान रकम हिनामिना गरेको दाबी अख्तियारको छ ।



रवि केसी

जिल्लाको पशु अस्पताल तथा पशु सेवा कार्यालय र नगरपालिकाका पदाधिकारी तथा कर्मचारीको मिलेमतोमा अनुदान दुरुपयोग गरेको आरोप अख्तियारको छ । मुद्दामा अख्तियारले आठबिसकोटका नगर प्रमुख रवि केसीलाई प्रमुख प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको छ । केसीसहित नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराज शाहलाई जनही ८० लाख २३ हजार रुपैयाँ बिगो कायम गरिएको छ ।

त्यस्तै, पशु अस्पताल तथा पशु सेवा कार्यालयका तत्कालीन पशु विकास अधिकृत तथा निमित्त कार्यालय प्रमुख सुवर्णसिंह ठकुरी, कार्यालयकै तत्कालीन पशु स्वास्थ्य अधिकृत तथा निमित्त कार्यालय प्रमुख ज्ञानुकुमार शर्मा, पशु सेवा अधिकृत शेरबहादुर खड्का, लेखा अधिकृत यमबहादुर पुन, कृषि विकास कार्यालयका कृषि अधिकृत मीनबहादुर केसीलाई जनही ९१ लाख १७ हजार ८७३ रुपैयाँ बिगो छ । त्यस्तै, आठबिसकोट दुग्ध सहकारी संस्था लिमिटेडका अध्यक्ष जनक बटाला, संस्थाकै उपाध्यक्ष वीरबहादुर रोकाय, सचिव गोविन्दप्रकाश खड्का र कोषाध्यक्ष जुनकुमारी चनेललाई जनही रूपमा दुवै लटमा लिएको अनुदान जोड्दा हुने एक करोड ७१ लाख ४० हजार ९२४ बिगो कायम गरिएको छ ।

कर्णाली प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ विपरीत पशु अस्पताल तथा पशु सेवा कार्यालयले चिस्यान केन्द्र निर्माण ठेक्काको प्रस्ताव मूल्यांकनका क्रममा बदनियतपूर्वक गलत मूल्यांकन गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

आठबिसकोट दुग्ध सहकारी संस्थासँग अनुदान उपलब्ध गराउन सम्झौता गरिएको थियो । अनुदानका लागि योग्यता नै नपुगेको सहकारी छनोट गरी कार्यविधि तथा सम्झौताको सर्तविपरीत आठबिसकोट दुग्ध सहकारी संस्था लिमिटेडलाई गैरकानुनी लाभ हुने गरी चिस्यान केन्द्र निर्माण गर्न ९१ लाख १७ हजार ८७३ रुपैयाँ अनुदान दिएको अख्तियारको दाबी छ ।

चिस्यान केन्द्र स्थापना भएको दुई वर्षसम्म पनि सञ्चालनमा नआएको अख्तियारको दाबी छ । स्थापनाको लामो समयसम्म पनि सञ्चालनमा नआएको थाहा पाउँदापाउँदै अरू दुरुपयोग गर्ने गरी थप ८० लाख २३ हजार रुपैयाँ गैरकानुनी रूपमा अनुदान नगरपालिकाले दिएको थियो । थप अनुदान दिएको रकममा मिल्क ट्यांकर र दुईवटा सिंगल ल्याब गाडी उपलब्ध गराई प्रयोगविहीन अवस्थामा राखेको अख्तियारको आरोपपत्रमा उल्लेख छ । यसक्रममा निर्णय प्रक्रियामा संलग्न पदाधिकारी र कर्मचारीलाई अख्तियारले प्रतिवादी कायम गरेको छ ।

संक्षेप

इन्टर्न डाक्टरको मागमा सरकारको बेवास्ता

काठमाडौं / पेसागत माग राख्दै चार दिनदेखि अनशनरत एमबिबिएस तथा बिडिएसका इन्टर्न चिकित्सकको मागमा सरकारले बेवास्ता गरेको छ । अनशनको चार दिन बित्दा पनि कुनै पनि सरकारी प्रतिनिधिले उनीहरूसँग औपचारिक भेट तथा छलफल गरेका छैनन् । अनशनमा बसेका इन्टर्न डा. डिल्ली हरिजनको स्वास्थ्य कमजोर बनेपछि उनलाई वीर अस्पतालमा चिकित्सकको निगरानीमा राखिएको छ । स्वास्थ्यमा समस्या देखिएपछि उनलाई बुधबार माइतीघरबाट अस्पताल भर्ना गरिएको छ । तर, उनीसँग सरकारी टोलीले वार्ता गरेको छैन । 'हाम्रा मागमा सरकारले बेवास्ता गरिरहेको छ, बिगतमा पनि बेवास्ता गरेको हुनाले आन्दोलन गरेका हौं,' डा. हरिजनले भने, 'तर, सरकारी निकायले अझै सुनेको छैन, स्वास्थ्य अवस्था कमजोर बनिरहेको छ, देशैभरका इन्टर्न चिकित्सकहरू आन्दोलनमा छौं ।'

सुकुमवासी बालबालिकालाई साउनभित्र भर्ना गराउन आदेश

काठमाडौं / सर्वोच्च अदालतले काठमाडौंका सुकुमवासी बस्तीबाट विस्थापित भएका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्दै उनीहरूलाई साउन मसान्तभित्र विद्यालयमा भर्ना गराउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्चका न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका प्रत्यर्थीका नाममा यस्तो अन्तरिम आदेश दिएको हो । १८ साउनमा जारी भएको अन्तरिम आदेशमा सुकुमवासी क्षेत्रका विद्यालयसमेत भत्काइएकाले वा बस्ती विस्थापित हुँदा विद्यालय टाढा भई बालबालिका शिक्षाको हकबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको उल्लेख छ ।

नेपालको संविधानको धारा ३१ (शिक्षाको हक), धारा ३९ (बालबालिकाको हक), धारा १६ (सम्मानपूर्वक बाँच्न पाउने हक) र धारा ३७ (आवासको हक) लाई ध्यानमा राख्दै अदालतले बालबालिकाको शैक्षिक निरन्तरताका लागि तत्काल व्यवस्था मिलाउन भनेको छ ।

३२औं विश्व आदिवासी दिवस टुँडिखेलमा हुने

काठमाडौं / नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले ३२औं विश्व आदिवासी जनजाति दिवस टुँडिखेलस्थित खुलामञ्चमा मनाउने भएको छ । महासंघका अनुसार यसपटकको दिवसमा ५० हजारभन्दा धेरै आदिवासी जनजाति सहभागी हुनेछन् । महासंघले बिहीबार पत्रकार सम्मेलन गर्दै दिवसका लागि आवश्यक सबै तयारी पूरा भएको जनाएको छ । यसपटक महासंघले 'प्राप्त अधिकारको रक्षा आजको आवश्यकता, पहिचानसहितको समावेशी र न्यायपूर्ण नेपाल निर्माणमा हाम्रो साझा प्रतिबद्धता' भन्ने मूल नारासहित देशव्यापी रूपमा विविध कार्यक्रम आयोजना गरी दिवस मनाउँदै छ । संयुक्त राष्ट्रसंघको घोषणाअनुसार प्रत्येक वर्ष ९ अगस्टका दिन विश्वभर विश्व आदिवासी दिवस मनाइँदै आएको छ ।

ब्रोड पिक हिमपहिरोमा पुरिएकामध्ये एक नेपालीको शव भेटिएन

पुरबहादुर गुरुङको शव नेपाल ल्याइयो, निर्मल पुर्जाको लन्डनमा अन्त्येष्टि गरिने

पर्शुराम काफ्ले / नयाँ पत्रिका

गत १४ साउनमा पाकिस्तानको काराकोरम क्षेत्रमा रहेको ब्रोड पिक हिमाल (८,०४७ मिटर) मा आएको भीषण हिमपहिरोमा परी मृत्यु भएका नेपालीसहित १० पर्वतारोहीमध्ये एकजना नेपालीसमेत दुईजनाको शव स्वदेश पुऱ्याइएको छ । उद्धार टोलीले बाँकी शव हिमाल आरोहण गर्ने क्षेत्रबाट हेलिकोप्टरमार्फत पाकिस्तानको स्कार्दु भन्ने ठाउँमा पुऱ्याएका छन् । त्यहाँबाट शव कानुनी प्रक्रिया पुऱ्याएर इस्लामाबाद ल्याउने र सम्बन्धित देशमा पठाइनेछ ।

'एकजना नेपालीसहित दुईजनाको शव सम्बन्धित देशमा पठाइएको र भेटिएका बाँकी सबै शव स्कर्दुस्थित सैन्य अस्पतालमा राखिएको जानकारी छ,' पाकिस्तानका लागि नेपाली राजदूत रिता धितालले भनिन् । विश्वकीर्तिमानी आरोही निर्मल पुर्जा (निम्स दाइ)को शव स्कर्दुमा छ । उनी बेलायती राहदानीवाहक थिए । पुर्जाले नेपाली एनआरएन नागरिकता पनि लिएका थिए । उनको परिवार बेलायतमा रहेकाले उनको शव बेलायतमा लैजाने तयारी छ । उनको शव नेपाल ल्याउने वा नल्याउने विषयमा आरोहण कम्पनी वा निम्स दाइका परिवारका सदस्यले नेपाली दूतावाससँग छलफल नगरेको राजदूत धितालले बताइन् ।

हिमपहिरोमा परेर मृत्यु भएका नेपाली आरोही पुरबहादुर गुरुङको शव बिहीबार पाकिस्तानबाट कतार हुँदै स्वदेश ल्याइएको छ । हिमपहिरोमा निम्स दाइसहित ६ जना नेपालीको मृत्यु भएको थियो । अब चारजना नेपालीको शव बाँकी छ । मृत्यु भएका किली पेम्बा शेर्पा, निमा शेर्पा, ग्यालु शेर्पाको शव ब्रोड पिक हिमालको आधार शिशिरबाट स्कार्दु ल्याइएको छ । तर, नवाङ थेन्दु शेर्पाको शव अझै भेटिएको छैन ।

सम्बन्धित ट्रेकिङ कम्पनीको खर्चमा एयर कार्गोमार्फत शव सम्बन्धित देशमा पुग्नेछ । तीनजना नेपालीको शव नेपाल ल्याउने प्रक्रिया सुरु भएको छैन । सम्बन्धित आरोही कम्पनीले विस्तृत विवरण नेपाली दूतावासलाई पेस गरेपछि त्यहाँबाट बनेको कागजातका आधारमा पाकिस्तान सरकारले कागजात बनाउने र त्यसपछि मात्रै शव स्कर्दुबाट इस्लामाबाद लगिनेछ । सबै काजजात पूरा गरेर तीनजनाको शव अर्को साता नेपाल आउन सक्ने सम्भावना छ ।

ब्रोड पिक हिमालको अत्यन्तै चुनौतीपूर्ण प्राविधिक र हाई-अल्टिच्युड रिकभरी अपरेसनपछि अल्पाइन क्लब अफ पाकिस्तानले बिहीबार निर्मल पुर्जा (निम्स दाइ), निमा शेर्पा, ग्यालु शेर्पा र किल्ली पेम्बा शेर्पा र चिनियाँ नागरिक वाङ जोङको शव हेलिकोप्टरमार्फत स्कार्दुस्थित सैन्य अस्पताल पुऱ्याएको जनाएको छ । 'त्यहाँबाट आवश्यक कानुनी प्रक्रिया र कागजी काम पूरा भएपछि ती शवलाई इस्लामाबाद लगिनेछ र सम्बन्धित मुलुकमा पठाइनेछ,' अल्पाइन क्लबले विज्ञप्तिमार्फत भनेको छ ।



आरोही पुरबहादुर गुरुङको शव बिहीबार काठमाडौं ल्याएपछि भाव विह्वल आफन्त । तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

अत्यन्तै जोखिमपूर्ण अवस्थाबाट शव संकलन कार्यमा मिङ्मा डेभिड शेर्पा, दीपेन गुरुङ, सिरवाज खान, पेम्बा छिरिङलगायत खटिएका थिए । मिङ्मा स्वदेश फर्किसकेका छन् ।

निर्मल पुर्जाको नेतृत्वमा ब्रोड पिक हिमाल आरोहण गर्न गएको १० सदस्यीय टोलीमा नेपालीहरू पुरबहादुर गुरुङ 'युक्ता', किली पेम्बा शेर्पा 'किलु', निमा शेर्पा, नवाङ थिन्दु शेर्पा र ग्यालु शेर्पा थिए । हिमपहिरोमा नधिरा अहमद अब्दुल्लाह अल हार्थी (ओमान), सोहेल साखी (पाकिस्तान), वाङ जोङ (चीन) र म्यालोरी गाइस (अमेरिका) को मृत्यु भएको थियो । अघिल्लो बिहीबार मध्याह्नतिर करिब ६,६०० मिटरको उचाइमा रहेको क्याम्प २ र ३ को बिचमा पर्ने हिमालको पश्चिमी क्षेत्रमा परेको भीषण हिमपहिरोमा निम्स दाइलगायत पर्वतारोही परेका थिए ।

■ निम्स दाइको शव बेलायत लगिने



निम्स दाइको शव बेलायतमा लगेर उतै दाहसंस्कार गर्ने तयारी छ । उनका परिवार बेलायतमा बस्दै आएको छ । म्याग्दीमा जन्मेका निम्स दाइ चितवनमा हुर्केका थिए । उनले ब्रिटिस गोर्खा सैनिकमा १५ वर्ष काम गरेका थिए । उनले ब्रिटिस नागरिकता र नेपाली गैरआवासीय नागरिकता पनि लिएका छन् । सन् २०१९ मा पुर्जाले आठ हजार मिटरभन्दा अग्ला सबै १४ वटा हिमाल आरोहण गर्ने उद्देश्यले 'प्रोजेक्ट पोसिबल' नामक अभियान सुरु गरेका थिए । उनले नेपालका आठ हजार मिटर अग्ला ६ वटा हिमाल ३१ दिनमा र पाकिस्तानका पाँच हिमाल २३ दिनमा आरोहण गरेका थिए । उनले सगरमाथा र अन्य तीन चुचुरा ४८ घण्टा ३० मिनेटभित्रै आरोहण गरे भने ६ महिना ६ दिनमा आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल आरोहण गरेका थिए । पुर्जाको कीर्तिमानीबारे '१४ पिक्स : नथिङ इज इम्पोसिबल' नामक वृत्तचित्र बनेको छ । शुक्रबार आरोहण दलका पुरबहादुर गुरुङ र ओमानी आरोही नाधिरा अल हार्थीको शव फेला परेको र पहिचान भएको पुष्टि भएको थियो । अमेरिकी आरोही मेलोरी गिसको एउटा खुट्टा हिमपहिरोमा फेला परेसँगै मृत घोषणा गरिएको थियो ।

संकटमा लोकतन्त्रको 'च्याम्पियन'

कांग्रेसको आन्तरिक विवादमा प्राविधिक रूपमा जुन पक्षले जिते पनि पराजय भने सबै लोकतन्त्रवादीको हुने निश्चित छ



● धर्मेन्द्र झा

अग्रलेख

महान् नीतिकार चाणक्यले एक सन्दर्भमा भनेका छन्- सँगै बसेर जसले छल गर्छ, त्योभन्दा ठुलो शत्रु अरू कोही हुन सक्दैन र मुखमै जसले कमजोरीबारे जानकारी गराइदिन्छ, त्योभन्दा ठुलो मित्र अरू कोही हुन सक्दैन ।

चाणक्यको भनाइले आमव्यक्तिको चरित्र र व्यवहारको विश्लेषण गर्ने प्रयत्न गरेको छ भन्दा गलत ठहर्दैन । यति मात्र होइन, वर्तमान सन्दर्भमा चाणक्यको यो भनाइ राजनीतिक दृष्टिकोणले पनि अत्यन्त सान्दर्भिक हुन पुगेको छ । यो अलग कुरा हो, व्यक्तिले यस भनाइलाई कसरी ग्रहण गर्छ । कुनै व्यक्ति वा संस्थाले साँच्चै आफ्नैमा सुधारको यत्न गर्ने हो भने यस भनाइलाई आत्मसात् गर्नैपर्छ । पछिल्लो सन्दर्भमा चाणक्यको यो भनाइ नेपालका सबैजसो राजनीतिक दलका हकमा समेत लागू हुन्छ, तर सबैभन्दा बढी नेपाली कांग्रेसका सन्दर्भमा दुरुस्त मिल्छ । कुनै द्विविधा छैन, यस भनाइलाई आत्मसात् गरी कांग्रेसले आफूभित्र सुधारको प्रारम्भ गर्नु आवश्यक छ ।

नेपाली कांग्रेस इतिहासको चौरस्तामा किंकर्तव्यविमूढ अवस्थामा उभिएको छ । स्थापनाकालपछि सम्भवतः यो पार्टी अहिले सर्वाधिक कठिन मोडमा पुगेको छ । हेर्नु छ, यसले यो मोड कसरी पार गर्छ ? मोड काटेर अगाडि बढ्न सक्छ कि कतै ठोक्किएर दुर्घटना पो हुन्छ । जानकारले दुर्घटनाको सम्भावनालाई अस्वीकार गरेका छैनन् ।

नेपालको राजनीतिमा नेपाली कांग्रेसको योगदान र उपस्थितिबारे धेरै चर्चा गरिरहनु आवश्यक छैन । जजसलाई नेपालको इतिहासबारे थोरै पनि जानकारी छ र लोकतान्त्रिक मूल्य-मान्यतामा विश्वास राख्छन्, तिनले नेपाली कांग्रेसलाई चिन्छन् । अर्कातिर नेपालको इतिहास, भूगोल र समाजबारे जसले रुचि राख्दैनन् र यहाँको लोकतान्त्रिक आन्दोलनबारे जानकारी राख्दैनन् वा राख्न चाहँदैनन्, तिनले नेपाली कांग्रेसलाई चिन्दैनन् र चिन्न पनि खोज्दैनन् । अहिले नेपाली कांग्रेसलाई नचिन्ने जमातको आकार बढ्दो छ । प्रश्न उठ्छ, किन ? के कांग्रेस अप्रासंगिक हुन थालेको हो ? तर, एउटा कुरा सत्य हो, त्यो के भने नेपाली कांग्रेस लोकतन्त्रको 'च्याम्पियन' हो र यो पार्टी बलियो भएर रहुन्जेल नेपालमा लोकतन्त्रको दियो निभ्दैन । हो, सत्तामा रहँदा कांग्रेसबाट अनेक कमजोरी भएका छन्, त्यसलाई कसैले पनि ढाकछोप गर्नु जरुरी छैन, तर जेसुकै भए पनि कांग्रेसले लोकतन्त्र, राष्ट्रियता र समाजवादको मूल अवधारणाविरुद्ध कुनै सम्झौता गरेको छैन । हो, आफ्नो सिद्धान्तअनुसारका कार्यक्रम कति कार्यान्वयन गर्न सक्यो, त्यस सम्बन्धमा भने दिल खोलेरै बहस गर्न सकिन्छ ।

लोकतन्त्रप्रतिको निःसर्त त्याग र समर्पणकै कारण होला, इतिहासको प्रत्येक कालखण्डमा यो पार्टीमाथि घोषित-अघोषित आक्रमण हुँदै आएका छन् । त्यस्तो आक्रमण पार्टीभित्र र बाहिर दुवैतर्फबाट हुने गरेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । कांग्रेस सधैं नै षड्यन्त्रको सिकार भइरह्यो । ध्येय एउटै हो- नेपाली कांग्रेसलाई कसैगरी कमजोर बनाउने । कांग्रेस कमजोर नहुन्जेल लोकतान्त्रिक आन्दोलन पनि कमजोर हुन सक्दैन, यो सत्य हो । इतिहास साक्षी छ, नेपालमा सधैं नै सर्वसत्तावादी सत्ताका उपासक लोकतन्त्रका विरोधमा रहे र उनीहरू विभिन्न बहाना र नाममा लोकतन्त्रलाई कमजोर बनाई सर्वसत्तावादलाई मजबुत बनाउँदै आफ्नो स्वार्थ सिद्ध गर्न तल्लीन रहँदै आए ।

मिहिन ढंगले अवस्था विश्लेषण गर्ने हो भने नेपाली कांग्रेसको अहिलेको अवस्था कुनै षड्यन्त्रबाट पो गुज्रिरहेको हो कि जस्तो देखिएको छ । अवस्था स्वाभाविक हो या कृत्रिम अथवा मौलिक हो वा प्रायोजित ? यसको निर्क्योलको जिम्मा त भविष्यमा कोरिने इतिहासमाथि नै छोड्नु युक्तिसंगत हुन्छ । कांग्रेस यतिखेर समस्याग्रस्त छ, यसमा दुईमत छैन, तर प्रश्न उठ्छ, किन ? यसका अनेक कारण हुन सक्छन् । एउटा आशंका के व्यक्त गर्न सकिन्छ भने कांग्रेसलाई कमजोर बनाउन नियोजित प्रयास त भइरहेको छैन ?


विशेषतः जेन-जी आन्दोलनपछि कांग्रेसमा एक किसिमको विग्रहको जस्तो अवस्था अनुभूत गरिँदै आएको छ । पार्टीको बहुमत महाधिवेशन प्रतिनिधिको मागका आधारमा सम्पन्न विशेष महाधिवेशनले गगन थापाको सभापतित्वमा नयाँ नेतृत्व चयन गऱ्यो । अदालत र निर्वाचन आयोगसमेतले त्यही नेतृत्वलाई मान्यता प्रदान गऱ्यो तर असन्तुष्ट भनिएको समूहले आफूहरूलाई नै नेतृत्वका रूपमा प्रस्तुत गरिरह्यो/गरिरहेको छ । यद्यपि, सर्वोच्च अदालतले बिहीबार मात्र कांग्रेसको आधिकारिकतासम्बन्धी मुद्दामा पुनरावलोकनको निस्सा दिएको छ । एउटा खास गुटका नाममा संस्थापनविरुद्ध क्रियाशील रहँदै आएकाहरूले पछिल्लो समयमा पार्टीका संस्थापक बिपी कोइरालाका कान्छा पुत्र शशांक कोइरालाको संयोजकत्वमा राष्ट्रिय भेला आयोजक समिति बनाएका छन् । यो समितिले यसै महिनाको अन्त्यतिर भेलाको आयोजना गर्ने जनाइएको छ । अचम्म त के छ भने हिजोसम्म यो समूहको नेतृत्व गर्नेहरूले अबको नेतृत्व 'कोइराला'को जिम्मा लगाएका छन् । यसले केही कुरातर्फ स्पष्ट संकेत गर्न खोजेको अर्थ्याउन सकिन्छ । पहिलो, एउटा खास नाममा सञ्चालित हुँदै आएको गुटको अन्त्य भएको छ । दोस्रो, विगतमा गुटको नेतृत्व गर्दै आएकाले औपचारिक रूपमा नेतृत्वको भारी बिसाउँदै अन्यत्र सारेका छन् । तेस्रो, विगतमा खास व्यक्ति र समूहका नाममा सञ्चालन हुँदै आएको गुटको नेतृत्वका लागि एकपटक पुनः 'कोइराला' कार्ड प्रयोग गर्न खोजिएको छ । । चौथो, पार्टीको विभाजनको सम्भावना बढेको छ । पाँचौं, तर कोइरालालाई अगाडि बढाएर पार्टी विभाजनको सम्भावना न्यून गर्ने रणनीति पनि अपनाइएको हुन सक्छ । छैटौं, कोइरालाको कब्जाबाट नेतृत्व खोसेको भन्नेहरूले विगतमा आफूहरूले गरेको कार्य सच्याउँदै पुनः कोइरालामा नै नेतृत्व सार्न खोजेको देखिएको छ । सातौं, पार्टी विभाजनको अवस्थामा पार्टीका संस्थापक नेताहरूको पारिवारिक उत्तराधिकारीको आकर्षणको सम्भावित 'जादु'का आधारमा कांग्रेसको विरासत प्राप्तिको प्रयास भएको छ । आठौं, पार्टी विभाजन भइहालेछ भने त्यसको सम्पूर्ण अपजस कोइरालामाथि नै थोपर्ने र नवौं, विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वमाथि एकताका लागि नैतिक दबाब सिर्जना गर्न खोजिएको हुन सक्छ ।

> कांग्रेस लोकतन्त्रको 'च्याम्पियन' भएकाले लोकतन्त्रलाई पूर्ण लोकतन्त्रमा परिवर्तन गर्ने अभियानको नेतृत्व पनि कांग्रेसले नै लिनु अपरिहार्य छ । सम्भवतः कांग्रेस सुधारको सर्वाधिक उपयुक्त मार्ग पनि यही हो ।

माथिको विश्लेषणका आधारमा गर्न सकिने प्रश्न अर्को पनि छ- के पार्टी विभाजनको अवस्थामा त्यसको सम्पूर्ण अपजसको भारी बोक्न शशांक तयार भएका हुन् ? आफ्ना पिताले कांग्रेसको पर्याय बनाएको चारतारे झन्डा र रुख चुनाव चिह्नलाई तिलाञ्जलि दिन सहमति जनाएका हुन् ? वा पार्टीलाई विभाजनबाट जोगाउन राष्ट्रिय भेला आयोजनाको नेतृत्व स्विकारेका हुन् ? यी सबै प्रश्नको उत्तर त भविष्यको गर्भमै निहित छ । यो परिस्थितिमा 'बल' हालको संस्थापनको 'कोर्ट'मा सरेको पनि मान्न सकिने अवस्थाको विकास भएको छ । विद्यमान सबै विवादको समाधान गरेर पार्टी एकताका सन्दर्भमा अर्थपूर्ण पहल गर्ने दायित्व संस्थापन पक्षको हो । संस्थापनइतर समूहबाट आह्वान गरिएको भेलाका सन्दर्भमा संस्थापनले स्पष्ट दृष्टिकोण तय गर्नु अपरिहार्य छ । कथंकदाचित् पार्टी विभाजन भइहालेछ भने संस्थान पक्षचाहिँ ओभानो भएर रहन सक्ने अवस्था छैन । अरूमाथि दोष पन्छाउँदैमा आफ्नो दोषबाट उन्मुक्ति पाउन सकिँदैन ।

यस परिस्थितिमा कसले जित्छ ? त्यो प्राविधिक विषय हो । स्विकार्नुपर्छ, पराजय भने सबै लोकतन्त्रवादीको हुनेछ । निश्चय पनि विवादको यो भुमरीले निर्मित संकटको प्रभावबाट कुनै पनि कांग्रेसी मुक्त रहन सक्नेछैनन् । कांग्रेस कमजोर हुन्छ र अन्ततः यसको प्रभाव लोकतन्त्रको भविष्यमाथि पर्छ । लोकतन्त्र कमजोर भई मुलुकमा एकपटक पुनः सर्वसत्तावाद हाबी हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

यस अवस्थामा समीक्षाको इमानदार प्रयत्न गर्ने हो भने माथि चाणक्यले भनेजस्तो मनोदशाको विकास गर्ने कि नगर्ने ? सोचनीय छ । कांग्रेस अहिले विभिन्न गुट-उपगुटमा विभक्त रहेका वेलामा सम्बन्धित नेताहरू आआफ्नो गुटको स्वार्थअनुकूल व्यवहार गरिरहेका छन् र आफ्नो पक्षको पृष्ठपोषणका आधारमा काम गरिरहेका छन्, यसमा विमति हुन सक्दैन । यस्तो हो भने यहाँनेर चाणक्यको भनाइले काम गर्न सक्दैन । होइन, साँच्चै कांग्रेस सुधारको नियत हो भने चाणक्यको यो नीतिको अनुसरण गर्नैपर्छ । नेतृत्वले चिन्न सक्नुपर्छ, चाणक्यले भनेजस्तै को शत्रु हो र को मित्र हो ? कसले नेतालाई मात्र खुसी पार्ने काम गरिरहेको छ र कसले सिंगो पार्टीको पक्षमा कुरा गरिरहेको छ ? के कांग्रेस साँच्चै नै षड्यन्त्रको सिकार त हुन गइरहेको छैन ? यी सबै प्रश्नबारे नेतृत्व गम्भीर हुनैपर्छ । कांग्रेस निश्चय पनि लोकतन्त्रको 'च्याम्पियन' हो । यसो हो भने लोकतन्त्रलाई सम्पूर्ण लोकतन्त्रमा परिवर्तन गर्ने अभियानको नेतृत्व कांग्रेसले नै लिनु अपरिहार्य छ । सम्भवतः कांग्रेस सुधारको सर्वाधिक उपयुक्त मार्ग पनि यही नै हो ।



३ प्रश्न

संसद्का पूर्वमहासचिव **सूर्यकिरण गुरुङलाई**



संसद्को मर्यादामा पोसाक या पहिरनको भूमिका कस्तो हुन्छ ?

सांसदको पोसाक मर्यादित हुनुपर्छ भन्नेमा द्विविधा छैन । तर, मर्यादित भनेको कस्तो हो भन्ने विषयमा चाहिँ छुट्टै बहस हुन सक्छ । पहिले राष्ट्रिय पोसाक दौरासुरुवाल नै लगाउने चलन थियो । त्यतिखेर गजेन्द्रनारायण सिंहको सद्भावना पार्टीले चाहिँ त्यसलाई मान्दैनथ्यो । अहिले त आआफ्नो पहिचानअनुसार पोसाक लगाउने चलन बढेको देखिन्छ । विगतमा पनि ठुला नेताले नै टाई-सुट लगाएको देखियो । पोसाकको मर्यादा ठुला नेताबाटै बिग्रिन सुरु भएको हो । यतिखेर कालो चस्मा या पोसाकको विषयभन्दा पनि संसद्का अन्य गहन विषयमा केन्द्रित हुनुपर्ने हो । तर, त्यताचाहिँ कसैको ध्यान गएको नदेखिनु दुःखद छ ।

संसद्लाई मर्यादित बनाउने जिम्मेवारी कसको हो ?

संसद्लाई मर्यादित बनाउने मुख्य जिम्मेवारी सभामुखकै हो । तैपनि, विभिन्न दलका संसदीय दलका नेता, प्रमुख सचेतक तथा सचेतकको पनि यसमा गहन जिम्मेवारी हुन्छ । आआफ्ना दलका सांसदलाई मर्यादित गराउनु उहाँहरूकै दायित्व हो । सभामुखले पनि दलका नेता, प्रमुख सचेतक, सचेतकलाई बोलाएर तिम्रा सांसदलाई सम्झाऊ भन्नुपर्छ । यति गर्दा पनि नमाने रुलिङ गर्न सक्नुपर्छ । तर, अहिले त्यस्तो होला जस्तो लाग्दैन । संसद् चलिरहेको वेलामा महत्त्वपूर्ण सम्बोधन संसद्बाटै हुनुपर्नेमा प्रधानमन्त्रीले केही दिनअघि कार्यालयबाट देशवासीका नाममा सम्बोधन गर्नुभयो । यसबारे प्रतिपक्षी दलदेखि कसैले प्रश्न उठाएको देखिएन ।


प्रधानमन्त्री, गृहमन्त्रीलगायतले कालो चस्मा लगाएमा वा पोसाकको मर्यादा पालना नगरेमा सभाबाट निष्कासन गर्न सकिन्छ ?

प्रधानमन्त्रीले आफूले बोलेको विषयमा उठेका प्रश्नको जवाफ त दुई महिनाभन्दा बढी समय हुँदा पनि दिनुभएको छैन र सभामुखले उहाँलाई बोलाउन या त्यसबारे रुलिङ गर्न सक्नुभएको छैन भने कालो चस्मा, पोसाक आदिका कारण सभामुखले उहाँहरूलाई निष्कासन गर्नुहोला भनेर कसरी विश्वास गर्ने ?

प्रेरक प्रसंग

व्यावहारिक बन्ने शिक्षा

एकै गाउँका तीन मित्र सिद्धगुरुबाट दीक्षित भएर गाउँ फर्किँदै थिए । गुरुले उनीहरूलाई आध्यात्मिक ज्ञानका साथमा व्यावहारिक ज्ञान पनि दिएका थिए । लामो यात्रासँगै उनीहरूलाई विश्राम गरेर मात्र अघि बढ्नुपर्छ भन्ने अनुभव भयो । उनीहरू एक स्थानमा रोकिए र खानका लागि झोला खोले । झोलामा एउटा मात्र रोटी बचेको थियो । एउटा रोटी तीनजनालाई बाँड्दा कसैको पनि भोक नमेटिने हुनाले त्यसलाई तीनमध्ये एकले मात्र खानु उपयुक्त हुने सल्लाह तीन मित्रबिच भयो ।



सल्लाह त भयो तर रोटी कसले खाने ? यसमा भने धर्मसंकट उत्पन्न भयो । तीनैजनाले आध्यात्मिक ज्ञान प्राप्त गरेको हुनाले त्यसको निर्णय भगवान्माथि छाडिदिने सहमति भयो । भगवान्ले कुनै न कुनै इसारा पक्का गर्ने र त्यसैअनुसार कुनै एकले रोटी खाने सहमति उनीहरूबिच भयो । सहमतिपछि उनीहरू सुते । थाकेको हुनाले सबै एकैछिनमा भुसुक्क निदाए ।

दोस्रो दिन तीनै मित्र उठिसकेपछि पहिलो मित्रले भने- राति मेरो सपनामा एक देवदूत आए । उनले मलाई पूरै स्वर्गको भ्रमण गराइसकेपछि प्रसादस्वरूप एउटा रोटी खान दिए । पहिलो मित्रको भनाइ राम्ररी पूरा नहुँदै दोस्रो मित्रले भने- आहा ! कति अनौठो कुरा । मैले पनि ठिक त्यस्तै सपना देखेको थिएँ । अन्त्यमा एक महात्माले भने- बाबु तिमीले जीवनभर अरूको भलाइको काम गरेका छौ । त्यसैले, यो रोटीमा तिम्रै हक छ ।

तेस्रो मित्र चुपचाप दुवैका कुरा सुनिरहेका थिए । तिमीले चाहिँ कस्तो सपना देख्यौ ? पहिलो मित्रले प्रश्न गरे । उनले भने- मैले कुनै सपना र महात्मा केही देखिनँ । तर, राति निद्राबाट बिउँझिएको वेला मैले रोटी खाइदिएँ ।

दुवै मित्रले रिसले आगो हुँदै प्रश्न गरे- यस्तो गर्दा तिमीलाई लाज लागेन ? हामीलाई किन बताएनौ यसबारे ? तेस्रो मित्रले भने- कसरी बताउनु ? तिमीहरू दुवै आ-आफ्नो सपनामा त्यति टाढा जो पुगेका थियौ । अनि, गुरुले हामीलाई व्यावहारिक बन्नू भन्ने शिक्षा पनि त दिनुभएको थियो । यहाँ बसेर सपना देखेर भोकभोकै मर्नुभन्दा त रोटी खानु नै व्यावहारिक बन्नु होइन र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राप्रपाको दुईजिब्रे निर्णय

राप्रपाले कुनै पनि सत्तासमीकरणमा सहभागी नहुने निर्णय गरे पनि भविष्यमा आवश्यक परे पार्टीको बृहत्तर हितलाई ध्यानमा राखेर निर्णय गर्न सक्ने अधिकार अध्यक्ष राजेन्द्र लिङ्देनलाई दिएको दुईजिब्रे निर्णय देखेर हाँसो उठ्यो । अहिले सबै प्रदेशमा एमाले-नेकपा गठबन्धनले पनि आवश्यक बहुमत जुटाउन नसकेको अप्ठ्यारो अवस्थामा बलियो बार्गेनिङका लागि राप्रपाले यस्तो हास्यास्पद निर्णय गरेको बुझ्न गाह्रो छैन । राप्रपा निर्णायक हुन सक्ने प्रदेशमा जुन गठबन्धनबाट मालदार मन्त्रालय पाइन्छ, उतै लाग्न बार्गेनिङ गरिरहेको जनताले बुझेका छैनन् र ? लिङ्देनजस्ता नेताले आफ्नो पार्टीको स्पष्ट धारणा राख्न सक्नुपर्छ । राप्रपाको पछिल्लो निर्णय त माछा भेटे दुलामा हात, सर्प भेटे दुलाबाहिर हातजस्तै भएन र ! यस्तै काइते पाराले गर्दा नै राप्रपाप्रति जनविश्वास गुमेको हो । दोधारे नीति लिएर जनतामाझ आफ्नो छवि थप धमिल्याउने काम नगरौं ।

● कुबेर श्रेष्ठ, बालाजु, काठमाडौं
kuberstha97@gmail.com

छिटो बनोस् प्रशोधन केन्द्र

काठमाडौंको टुकुचा खोलाको पानी प्रशोधन केन्द्र बनाएर खोलाको प्रदूषित पानी शुद्धीकरण गरी बागमती नदीमा मिसाउने गरी प्रशोधन केन्द्र निर्माण भइरहेको समाचार र तस्बिर देखियो । सम्भवतः काठमाडौंकै सबैभन्दा प्रदूषित मानिने टुकुचाको पानी प्रशोधन हुनु स्वागतयोग्य कदम हो । तर, बाँकी खोलानालालाई शुद्ध नबनाई उपत्यकाका खोलानाला र नदीलाई पुनर्जीवित गराउन सकिन्न । प्रशोधन केन्द्र छिटो बनोस् । अन्य नदी पनि सफा पार्ने काम गरियोस् ।

● कुमिदिनी परियार, गल्कोपाखा, काठमाडौं

प्रदेशको भाँडभैलो कहिलेसम्म ?

यतिखेर प्रदेश सरकारमा भाँडभैलो चलिरहेको छ । पुरानो गठबन्धन भत्केको छ । नयाँ गठबन्धन बनेको छ । तैपनि, नयाँ सरकार बन्ने अवस्था भने बनिसकेको छैन । कर्णाली प्रदेशबाहेक अन्यमा अझै कस्तो अनुहारको सरकार बन्छ भन्ने टुंगो भएको छैन । कोशीमा एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नै पार्टीका मुख्यमन्त्रीलाई राजीनामा गराउन भरमग्दुर दबाब दिइरहेका छन् । बागमतीमा पनि त्यस्तै अवस्था छ । यो भाँडभैलो कहिलेसम्म ?

● पवन रसाइली, सानेपा, ललितपुर

ग्यासको हाहाकार किन भइरहेछ ?

यतिखेर एकातिर अधिपछिको सामान्य अवस्थामा भन्दा एक लाख ५० हजार सिलिन्डरलाई पुग्ने ग्यास आयात भइरहेको समाचार सुनिन्छ अर्कातिर बजारमा ग्यासको चरम अभाव रहेको समाचार आउँछ । आखिर सामान्य अवस्थामा भन्दा ५० प्रतिशत ग्यास बढी आयात भइरहेको छ भने उपभोक्ताले चाहिँ सहज तरिकाले ग्यास किन पाइरहेका छैनन् ? आयल निगमको दाबी सही हो भने बढी आएको ग्यास गयो कहाँ ? उद्योग तथा आपूर्ति मन्त्रालयले यसको अनुगमन गर्नुपर्ने होइन ? मन्त्रालय के हेरेर बसिरहेको छ ? हरेक मन्त्रालयले आफूमातहतको काम चुस्त गर्न हो भने जनताले सास्ती खेप्नुपर्ने थिएन । मन्त्री छन्, मन्त्रालय छ र कर्मचारी पनि छन् । तैपनि, जनताले कहिल्यै सुविधा पाउँदैनन् । पैसा तिरेर ग्यास किन्छु भन्दा पनि सहज नभएपछि के भन्ने ? आयातमा कमी आउँदा ग्यास नपाइनु स्वाभाविक हो । तर, सामान्यभन्दा डेढी बढी आपूर्ति भइरहँदा पनि ग्यास किन पाइएन यो नै मुख्य प्रश्न बनेको छ यतिखेर ।

जोरपाटीबाट एक सिलिन्डर ग्यास लिन टेकु पुग्नुपर्ने अवस्था आउनुले के संकेत गर्छ ? के यो उपभोक्तालाई सताउन गरिएको नाटक त होइन ? नत्र, ग्यासमा भइरहेको के हो ? मन्त्रालयले यस सम्बन्धमा अनुगमन गरी जिम्मेवार व्यक्तिमाथि कराबाही गर्नुपर्दैन ?

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

ग्यास अभावदेखि चाडपर्वलक्षित पूर्वतयारीमाथि प्रश्न

अहिलेको ग्यास अभाव र चाडपर्वमा हुने मूल्यवृद्धि कमजोर योजना, अपर्याप्त भण्डारण, प्रभावहीन वितरण प्रणाली र फितलो अनुगमनको परिणाम हो



● माधव तिमल्सिना

नेपालको बजार व्यवस्थापन प्रणालीको दीर्घकालीन कमजोरी फेरि एकपटक स्पष्ट देखिएको छ । ग्यास अभाव, अस्वाभाविक मूल्यवृद्धि र आपूर्ति असन्तुलनले अहिले नै उपभोक्तालाई संकटमा पारेको छ, जबकि ठुला चाडपर्व आउन अझै केही समय बाँकी नै छ । यसले एउटा गम्भीर प्रश्न उठाउँछ- किन हामी सधैं समस्या आएपछि मात्र सक्रिय हुन्छौं ? किन राज्यको संयन्त्रले पूर्वतयारीलाई प्राथमिकता दिँदैन ?

ग्यास अभाव अहिलेको प्रत्यक्ष उदाहरण हो । उपभोक्ताले सहज रूपमा ग्यास नपाउने, कालोबजारीको आशंका बढ्ने र वैकल्पिक उपाय खोज्न बाध्य हुने अवस्था सिर्जना भएको छ । बिजुलीको भ्याटबाट तर्सिनुपर्ने अवस्था सिर्जना भएको छ । यस्तो अवस्था अचानक आएको होइन, बरु कमजोर योजना, अपर्याप्त भण्डारण र प्रभावहीन वितरण प्रणालीको परिणाम हो । यदि यही ढिलासुस्ती कायम रह्यो भने दसैं-तिहारजस्ता चाडपर्वमा अभाव झन् गहिरो हुने निश्चित छ । यस्तो अवस्थामा सरकारको भूमिका केवल प्रतिक्रियात्मक नभई पूर्वसक्रिय हुनुपर्छ । अहिले नै अत्यावश्यक वस्तुको ग्यास, पेट्रोलियम पदार्थ, चामल, दाल, तेल, तरकारी, मासु, फलफूल, लत्ताकपडाको नियमित आपूर्ति सुनिश्चित गर्ने स्पष्ट योजना आवश्यक छ । सार्वजनिक संस्थाहरू, जस्तै- खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङलगायत निकायमार्फत बजारमा प्रत्यक्ष हस्तक्षेप गरी मूल्य स्थिरता कायम गर्नुपर्छ । निजी क्षेत्रको मनपरी नियन्त्रण गर्न सार्वजनिक आपूर्ति प्रणालीलाई बलियो बनाउनु अपरिहार्य छ ।

नियमित अनुगमन बजार सुधारको प्रमुख आधार हो । चाडपर्व नजिकिँदा केही दिन देखिने औपचारिक अनुगमनले मात्र समस्या समाधान हुँदैन । यसका लागि वर्षभरि नै निरन्तर, पारदर्शी र परिणाममुखी अनुगमन आवश्यक छ । प्रत्येक पसलमा मूल्य सूची अनिवार्य राख्ने, बिल जारी गर्ने, गुणस्तर परीक्षण गर्ने र तोकिएको मापदण्ड उल्लंघन गर्नेलाई तुरुन्त कारबाही गर्ने व्यवस्था कडाइका साथ लागू हुनुपर्छ । उपभोक्ताले बजारमा राज्यको उपस्थितिको महसुस गर्न सक्नुपर्छ ।

सार्वजनिक यातायात पनि चाडपर्वको समयमा अत्यावश्यक सेवाका रूपमा रहन्छ । यस क्षेत्रमा भाडा मनपरी वृद्धि, सिटको दुरुपयोग र सेवामा अनियमितता बारम्बार देखिने समस्या हुन् । त्यसैले, यातायात क्षेत्रमा पनि कडा अनुगमन, भाडा दरको स्पष्टता र उपभोक्ता अधिकारको संरक्षण सुनिश्चित गर्नुपर्छ । लत्ताकपडाको बजारमा पनि चाडपर्वको बहानामा अत्यधिक मूल्यवृद्धि र गुणस्तरमा कमी हुने प्रवृत्ति रोक्न प्रभावकारी नियमन आवश्यक छ ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको भ्रामक सूचनाको नियन्त्रण हो । बजारमा कृत्रिम अभाव सिर्जना गर्न वा मूल्यवृद्धि जायज देखाउन गलत सूचना फैलाउने प्रवृत्ति बढ्दो छ । यस्ता सूचनाले उपभोक्तामा अनावश्यक त्रास सिर्जना गर्छ र बजारलाई अस्थिर बनाउँछ । त्यसैले, सरकारले आधिकारिक सूचना प्रणालीलाई सुदृढ बनाउँदै गलत सूचना फैलाउनेमाथि



कारबाही गर्नुपर्छ । कानुनको पूर्ण कार्यान्वयनविना कुनै पनि नीति प्रभावकारी हुन सक्दैन । नेपालमा उपभोक्ता संरक्षण, कालोबजारी नियन्त्रण, गुणस्तर मापदण्डलगायत पर्याप्त कानुन छन्, तर कार्यान्वयनमा भने गम्भीर कमजोरी देखिन्छ । यदि अनियमितता गर्नेलाई दण्ड नहुने हो भने सुधार सम्भव छैन । त्यसैले, कानुनलाई कागजमा मात्र होइन, व्यवहारमा लागू गरिनुपर्छ र त्यसको अनुभूति उपभोक्ताले प्रत्यक्ष रूपमा गर्न पाउनुपर्छ ।

सुदृढ आपूर्ति प्रणाली निर्माण गर्नु अहिलेको आवश्यकता हो । उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण शृंखलालाई व्यवस्थित गर्दै बिचौलियाको अनावश्यक प्रभाव घटाउनुपर्छ । किसानलाई उचित मूल्य र उपभोक्तालाई सुलभ मूल्य सुनिश्चित गर्ने संरचना विकास गर्नुपर्छ । भण्डारण, ढुवानी र वितरण प्रणालीमा सुधार नगरी मूल्य स्थिरता सम्भव छैन । आजको यथार्थ के हो भने समस्या सुरु भइसकेको छ, तर समाधानका लागि कुनै प्रभावकारी प्रयास भएको छैन । यदि अहिले नै सरकार बलियो रूपमा प्रस्तुत भयो, प्रभावकारी अनुगमन गऱ्यो, सार्वजनिक संस्थामार्फत बजारमा हस्तक्षेप गऱ्यो र कानुनको कडाइसाथ कार्यान्वयन गऱ्यो भने चाडपर्वलक्षित बजार सहज र व्यवस्थित हुन सक्छ । अन्यथा, हरेक वर्ष दोहोरिने अभाव, महँगी र अव्यवस्था फेरि दोहोरिनेछ ।

अन्ततः, मूल्य नियन्त्रण, नियमित आपूर्ति, स्वच्छ बजार र उपभोक्ता अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व मात्र होइन, जवाफदेहिता पनि हो । चाडपर्वको समय नजिकिँदै गर्दा सरकारको बलियो उपस्थिति, समन्वय र स्पष्ट कार्ययोजना अत्यावश्यक छ । समस्या आएपछि होइन, आजैबाट तयारी सुरु गरौं, ताकि भोलिको बजार व्यवस्थित, सन्तुलित र उपभोक्तामैत्री बन्न सकोस् ।

(तिमल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)

लेख, रचना तथा पाठक टिप्पणीका लागि नयाँ इमेल ठेगाना
nayapatrikaopinion@gmail.com

सुडानमा बारम्बार किन भइरहन्छ नरसंहार ?

द्वन्द्वका कारण सुडानमा एक करोड ४० लाखभन्दा बढी मानिस विस्थापित छन् भने करिब साढे दुई करोड जनसंख्या अन्तर्राष्ट्रिय सहायतामा निर्भर छन्

गत महिना संयुक्त राष्ट्र संघका मानव अधिकारसम्बन्धी उच्चायुक्त भोल्कर टर्कले एल-ओबेद सहरका लागि 'रेड अलर्ट' (उच्च जोखिमको चेतावनी) जारी गरे। मध्य सुडानमा रहेको यो सहर व्यापारिक केन्द्र तथा रसद आपूर्तिको मुख्य केन्द्र हो, जुन हाल देशको सेना र आक्रामक 'च्यापिड सपोर्ट फोर्सेस' (आरएसएफ) मिलिसियाबिच चलिरहेको ४० महिना लामो युद्धको अग्रपंक्तिमा छ। एक करोड ४० लाखभन्दा बढी मानिसलाई विस्थापित गराउने र देशको पाँच करोड जनसंख्यामध्ये आधाभन्दा बढीलाई अन्तर्राष्ट्रिय सहायतामा निर्भर बनाउने यस द्वन्द्वको पछिल्लो सिकार अब यस सहरका बासिन्दा बन्दै छन्।

जुन महिनामा आरएसएफले उक्त सहरमा २७ वटा ड्रोन हमला गऱ्यो। यो द्वन्द्व सुरु भएपछि एकै महिनामा भएका सर्वाधिक घैरे हमला हुन्। अधिकांश आक्रमण इन्धन भण्डार, पानीका पम्प र विद्युतीय ग्रिडलाई लक्षित गरिएका थिए, जसका कारण सहरका पाँच लाख बासिन्दाको जीवन अस्तव्यस्त बन्यो।



● क्यामरन हडसन

(हडसन 'हर्न अफ अफ्रिका'मा केन्द्रित स्वतन्त्र राजनीतिक विश्लेषक हुन्। यसअघि उनले सुडानका लागि खटिएका विभिन्न अमेरिकी विशेष दूतको 'चिफ अफ स्टाफ'का रूपमा काम गरिसकेका छन्।)

आरएसएफले सहरबाट बाहिरिने घैरे मार्ग अवरुद्ध पारेको छ। वर्षाका कारण सडक आवागमनका लागि अयोग्य बन्दै जाँदा सहरभित्रको जनजीवन र त्यहाँबाट बाहिरिने प्रयास दुवै असम्भव हुन सक्छ। यही जोखिमलाई मनन गर्दै सुडानको सेनाले राजधानी खार्तुमलाई एल-ओबेदसँग जोड्ने सदारात राजमार्गमा पुनः नियन्त्रण कायम गरेको छ। सेनाको पहलले सर्वसाधारणलाई केही राहत प्रदान गरेको छ। यो सहरका बासिन्दाले अहिले निकै विषम परिस्थितिको सामना गरिरहेका छन्। यस्तो अवस्थामा अमेरिका तथा अन्य विश्व शक्तिले बारम्बार ठोस कदम चाल्न असफल भएका छन्।

गत वर्ष आरएसएफले उत्तर दारफुरको सहर एल-फासरलाई घेराबन्दी गरेको थियो। संयुक्त राष्ट्र संघको अनुसन्धान प्रतिवेदनअनुसार उक्त घेराबन्दीपछि भएको हमलापछि ६ हजारभन्दा बढी सर्वसाधारणको ज्यान गएको थियो। अनगिन्ती मानिस यातना, बलात्कार, दासत्व वा बलपूर्वक बेपत्ता पारिने घटनाको सिकार भएका थिए। गत महिना सार्वजनिक भएको उक्त अनुसन्धान प्रतिवेदनले आरएसएफका अपराधलाई 'नरसंहार'को संज्ञा दिएको थियो। ती अमानवीय घटनापछि कुनै पनि गम्भीर कारबाही गरिएन।

द्वन्द्वको सुरुवाती महिनामा जब आरएसएफले दारफुर क्षेत्रमा आफ्नो नियन्त्रण विस्तार गरिरहेको थियो, पश्चिम दारफुरको सहर 'एल-जेनिना'का सर्वसाधारणले 'नरसंहार' अवस्थाको सामना गर्नुपऱ्यो। उक्त अर्धसैनिक समूहले सहरमा मानवीय सहायता प्रवेश गर्न रोक लगायो र सर्वसाधारणलाई त्यहाँबाट भाग्नबाट समेत रोकेको थियो। जनवरी २०२५ मा तत्कालीन अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले पनि यी अत्याचारलाई नरसंहारको संज्ञा दिए। त्यसवेला यस्तो घोषणाले हिंसा नियन्त्रणबाहिर जानुअघि नै त्यसलाई अन्त्य गर्न अन्तर्राष्ट्रिय प्रतिक्रिया निम्त्याउनेछ भन्ने आशा गरिएको थियो।



अमेरिकी मध्यस्थकर्ताले नरसंहारमा संलग्न पक्ष आरएसएफलाई युद्धविराम वार्तामा सहभागी गराउन खोजिरहेका छन्, जसले गर्दा भविष्यको राजनीतिक सम्झौतामा उनीहरूले सत्ताको हिस्सा पाउन सक्ने सम्भावना बन्न सक्छ। यसले युद्धलाई तत्काल रोके पनि सम्भवतः भविष्यमा द्वन्द्वको बिउ मात्र रोप्नेछ।

तर, इतिहासले देखाउँछ कि त्यो आशा कति गलत थियो। सन् १९९४ मा पनि यस्तै भल्को दिने परिस्थितिमा अमेरिकाले रुवान्डामा 'नरसंहारका घटना' भइरहेको स्वीकार त गऱ्यो, तर कुनै ठोस कदम चालेन। तत्कालीन अमेरिकी विदेशमन्त्री वारेन क्रिस्टोफरले एक पत्रकारको प्रश्नको जवाफ दिने क्रममा अलमलिँदै सोधेका थिए, 'नरसंहारका कतिवटा घटना मिलेर एउटा पूर्ण नरसंहार बन्छ ?' शीतयुद्धको अन्त्यतिर प्रचलित कानुनी मान्यता यो थियो कि हिंसालाई नरसंहार घोषणा गर्दा त्यसलाई रोक्न अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक पर्छ। रुवान्डा र त्यसको एक वर्षपछि बोस्नियामा देखिएको अन्तर्राष्ट्रिय प्रतिक्रियाको असफलताले पश्चिमा नेता यस्ता 'जघन्य अपराध' रोक्न र त्यसको सामना गर्न जिम्मेवार अन्तर्राष्ट्रिय संस्थालाई गम्भीर आत्मसमीक्षा गर्न बाध्य बनायो। यसै क्रममा संयुक्त राष्ट्र संघको 'संरक्षण गर्ने दायित्व'जस्ता अवधारणा अघि सारिए, जसले यदि कुनै राज्य आफ्ना नागरिकको रक्षा गर्न असमर्थ भएमा वा स्वयं आक्रमणकारी बनेमा हस्तक्षेप गर्ने दायित्व अन्तर्राष्ट्रिय समुदायमा सर्ने मान्यता स्थापित गऱ्यो। साथै, यस्ता अपराधका दोषीलाई जवाफदेही बनाउन अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) जस्ता संस्थाको स्थापना गरियो।

सन् २००४ मा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसको प्रशासनले डार्फरमा भइरहेको सामूहिक हत्यालाई परिभाषित गर्न 'नरसंहार' शब्दको प्रयोग गऱ्यो। घैरैजसो नीति-निर्माताले आफ्नो राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण नठानेको उक्त क्षेत्रमा एकीकृत विश्वव्यापी कदम चाल्न प्रेरित गर्ने उद्देश्यले यो शब्दलाई एक सशक्त आह्वानका रूपमा प्रयोग गरिएको थियो। दुई दशकभन्दा बढी समयपछि सुडानभर अपराध दोहोरिँदै छ। र, अहिले सुडानको द्वन्द्वलाई अघि बढाउने घटना केवल एउटा नरसंहारमा मात्र सीमित छैनन्, बरु त्यहाँ एकभन्दा बढी नरसंहार भइरहेका छन्, जसले 'फेरि कहिल्यै होइन' र 'डार्फर बचाऊ'जस्ता नाराको वास्तविक अर्थमाथि नै प्रश्न खडा गरेका छन्।

ती २० वर्षको अवधिमा नरसंहार रोक्नका लागि कदम चाल्ने अवधारणालाई असफल हस्तक्षेपले राजनीतीकरण गरिदिए। आज, अमेरिकाले नरसंहारबाट बचाउन बनाइएका अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त र संरचनालाई नै प्रत्यक्ष रूपमा कमजोर बनाइरहेको छ। यसै महिना मात्र ट्रम्प प्रशासनले 'अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिजे) को क्षमतालाई भत्काउन' आवश्यक परे 'पूर्ण कूटनीतिक अभियान' चलाउने घोषणा गऱ्यो।

यसले सुडानमा शान्ति स्थापना गर्ने र हिंसाका लागि जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउने प्रशासनको घोषित उद्देश्यलाई नै कमजोर बनाइरहेको छ। अझ नराम्रो कुरा त के छ भने अमेरिकी मध्यस्थकर्ताले नरसंहारमा संलग्न पक्ष आरएसएफलाई युद्धविराम वार्तामा सहभागी गराउन खोजिरहेका छन्, जसले गर्दा भविष्यको राजनीतिक सम्झौतामा उनीहरूले सत्ताको हिस्सा पाउन सक्ने अवस्था बन्न सक्छ। यसले द्वन्द्वलाई तत्कालका लागि रोक्ने स्वार्थ त पूरा गर्न सक्ला, तर सम्भवतः भविष्यको द्वन्द्वको बिउ मात्र रोप्नेछ। यस्तो नतिजाले हाल सर्वसाधारणका लागि विश्वकै सबैभन्दा घातक बनेको द्वन्द्वलाई तत्कालका लागि रोक्ने स्वार्थ त पूरा गर्न सक्ला, तर यसले सम्भवतः भविष्यको द्वन्द्वको बिउ मात्र रोप्नेछ।

सुडानको सबैभन्दा ठुलो त्रासदी सायद यो हो कि नरसंहारका अघिल्ला घटनाको विपरीत, यहाँको हिंसा रोक्न कुनै पश्चिमा वा अन्तर्राष्ट्रिय गठबन्धनले सैन्य हस्तक्षेप गर्नुपर्छ भन्नेबारे कुनै बहस भइरहेको छैन। साथै, सन् २०१६ मा ओबामाले भनेजस्तै 'नरसंहारको रोकथाम राष्ट्रिय सुरक्षाको मुख्य चासो र प्रमुख नैतिक दायित्व दुवै हो' भन्ने मान्यता (जुन अहिले असान्दर्भिक लाग्न सक्छ) कुनै पनि सरकारले राख्दैनन्। वास्तवमा सुडानलाई विश्वले बेवास्ता गर्नुको कारण एक प्रकारको रणनीतिक विरोधाभास हो। यो देश आकार र सम्पत्तिका हिसाबले विशाल छ र यसको स्रोत-साधनमाथि कब्जा जमाउन यस क्षेत्रका शक्तिबिच प्रतिस्पर्धा हुने गरी भौगोलिक रूपमा महत्त्वपूर्ण पनि छ, तैपनि मानवीय पीडा अन्त्य गर्न वा देशको सम्भावित विघटन रोक्न आफ्नो ठुलो राजनीतिक प्रभाव वा पुँजी प्रयोग गर्ने मामिलामा भने यो अमेरिका र युरोपेली संघजस्ता शक्तिको मुख्य चासोको दायराभन्दा टाढा र विच्छेदित अवस्थामा छ।

यसको सट्टा वासिंटनले अंकारा, कायरो, रियाद र अबुधाबीमा रहेका आफ्ना मित्रलाई हतियार बेच्न, सुन उत्खनन गर्न र द्वन्द्व लम्ब्याउन मद्दत पुग्ने रणनीतिक सहयोग उपलब्ध गराउन छुट दिइरहेको छ। अर्कोतर्फ, तिनै शक्तिहरू सुडानको वर्तमान संकटलाई मलजल गर्ने अज्ञात बाह्य पक्षको आलोचना गर्छन्, जबकि उनीहरू आफैं पनि यस प्रक्रियाको हिस्सा हुन्। हालै जी-७ का विदेशमन्त्रीले पनि द्वन्द्व अन्त्यको मागमा ऐक्यबद्धता जनाउँदै 'आरएसएफ'द्वारा 'एल-ओबेद'मा गरिएको बमबारीको निन्दा गरे। साथै, उनीहरूले सम्बन्धित पक्षलाई युद्धविराम वार्तामा बस्न तथा सुडानका छिमेकी र विदेशी समर्थकलाई युद्धका लागि दिइँदै आएको सहयोग रोक्न आह्वान गरे। तर, तीन वर्षदेखि बैठकले आधिकारिक रूपमा जारी गर्ने वक्तव्यमा कति पनि नेताहरूले 'आरएसएफ'को ज्यादतीको निन्दा गर्नुभन्दा बढी केही गर्ने तत्परता देखाएको पाइँदैन।

अलजजिराबाट

इतिहासमा आज

अगस्ट ७

सन् १९६५ : दुई वर्षदेखि संघीय मलेसियाको एकाइका रूपमा रहेको सिंगापुरलाई मलेसियाले नै राख्न नचाहेपछि सो क्षेत्रका प्रधानमन्त्री ली क्वान यूले अलग भएर जाने सम्झौतामा हस्ताक्षर गरे।



मलेसियाबाट अलग्गिन नचाहेका ली (बिच) हस्ताक्षरपछि भावुक हुँदै

● **१८८४** : जर्मनीले हालको नामिबिया (जसको तत्कालीन नाम जर्मन साउथ वेस्ट अफ्रिका थियो) माथि औपनिवेशिक शासन सुरु गऱ्यो।

● **सन् १९४४** : अघिल्लो महिना २० जुलाईमा हिटलरको हत्या गर्ने असफल प्रयासमा संलग्न सैन्य अधिकारीविरुद्ध अदालती सुनुवाइ सुरु भयो।

● **सन् १९४८** : अश्वेत अमेरिकी खेलाडी एलिस कोचम्यानले ओलम्पिकमा 'हाई जम्प'मा स्वर्ण जित्ने पहिलो अफ्रिकन-मूलकी महिलाको रेकर्ड बनाइन्।

● **सन् १९५७** : अमेरिकी कंग्रेसले 'सिभिल राइट्स एक्ट-१९५७' पारित गऱ्यो, जसले राज्यलाई मताधिकारमा अवरोध पुऱ्याउने व्यक्ति र संस्थालाई दण्डित गर्ने अधिकार प्रदान गऱ्यो।

● **सन् १९६०** : अफ्रिकी मुलुक 'आइभोरी कोस्ट (फ्रेन्चमा कोट् डी'भ्वार)' फ्रान्सबाट स्वतन्त्र भयो।

● **सन् १९६४** : साइप्रस गृहयुद्धमा ग्रिक मूलका सिप्रियोटले टर्किस मूलका सिप्रियोटमाथि दमन गरेको आरोप लगाउँदै टर्कीले ग्रिकवासी क्षेत्रमा हवाई आक्रमण सुरु गऱ्यो।


● **सन् १९७६** : अमेरिकाले प्रक्षेपण गरेको 'भाइकिङ २' ११ महिनापछि मंगलग्रह प्रवेश गऱ्यो।

● **सन् १९९०** : कुवेतमाथि इराकले आक्रमण गरेपछि अमेरिकाले आफ्नो सेना साउदी अरबमा परिचालन गरेर 'अप्रेसन डिजर्ट सिल्ड' सुरु गऱ्यो।

● **सन् २०२२** : अमेरिकी सिनेटले जलवायु परिवर्तनसँग जुध्न, स्वास्थ्य खर्च कटौती गर्न र ठुला कर्पोरेटमाथि कर बढाउने विषय समेटेको 'इन्फ्लेसन रिडक्सन एक्ट' नामक ठुलो आर्थिक प्याकेज पारित गऱ्यो।

लाइभस्ट्रिमका क्रममा मेक्सिकोका चर्चित टिकटकरको हत्या

मेक्सिको सिटी / मेक्सिकोको उत्तरी सहर कुलियाकननजिकै मोटरसाइकलमा आएका मानिसले एकजना लोकप्रिय टिकटकर ग्यास्टेलमलाई गोली हानी हत्या गरेका छन्। आक्रमण गरिँदा ग्यास्टेलम आफ्ना फलोअर्ससँग लाइभस्ट्रिम गरिरहेका थिए।



हत्यामा मेक्सिकोमा सक्रिय कुनै ड्रग्स कार्टेलको हात हुन सक्ने आशंका गरिएको छ। पछिल्लो समय कुलियाकन सहरको नियन्त्रणका लागि प्रतिद्वन्द्वी कार्टेलबिच संघर्ष चलिरहेकाले सहर हिंसाको केन्द्रबिन्दु बनेको छ।

मेक्सिकन मिडियाका अनुसार सेप्टेम्बर २०२४ यता कुलियाकन सहरमा कम्तीमा १२ सामाजिक सञ्जाल इन्फ्लुएन्सरको हत्या भएको छ। यसअघि गत वर्ष मे २०२५ मा पश्चिमी राज्य जालिस्कोमा 'ब्युटी इन्फ्लुयन्सर' भलेरिया मार्केजको हत्याले पूरै देश तरंगित भएको थियो। २४ वर्षीय ग्यास्टेलम टिकटकमा हास्यप्रधान कन्टेन्ट राख्थे र उनले प्रायः जीवनशैलीसम्बन्धी सामग्रीको प्रचार गरिरहेका हुन्थे। ग्यास्टेलमको टिकटकमा सात लाखभन्दा बढी फलोअर देखिन्छन्। उनीमाथि स्थानीय अभियोजक कार्यालयनजिकै आक्रमण भएको थियो। लाइभस्ट्रिमका क्रममा ग्यास्टेलमसँगै दुई साथी पनि रहेको तर उनीहरू भने सुरक्षित नै रहेको स्थानीय मिडियाले जनाएका छन्।

घटना सम्बन्धमा अहिलेसम्म अधिकारीहरूले कुनै पनि गिरफ्तारी गरेका छैनन् भने हत्यापछाडि कुनै उद्देश्य पनि खुलाएका छैनन्। आक्रमणबारे प्रतिक्रिया दिने क्रममा मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबाउमले बुधबार पत्रकारसँग बोल्दै सुरक्षा अधिकारीले घटनाको अनुसन्धान गरिरहेको बताइन्।

मेक्सिकोको संघीय सुरक्षा मन्त्रिपरिषद्ले बुधबार सामाजिक सञ्जाल एक्समा एक विज्ञप्ति जारी गर्दै ग्यास्टेलमका विभिन्न सामाजिक सञ्जाल पोस्टको विश्लेषण गरिरहेको बताएको छ। यीमध्ये केही पोस्टले कार्टेल समूहको एउटा गुटबारे उल्लेख गरेको पाइएको बताइएको छ, तथापि त्यो कुन गुट हो वा कुन कार्टेल समूह भनेर खुलाइएको छैन।

मिडिया रिपोर्टअनुसार ग्यास्टेलमको सामाजिक सञ्जाल पोस्टमध्ये एउटामा उनी डिसेम्बर २०२४ मा गोली हानी मारिएका एक प्रभावशाली कार्टेल नेता लिओबार्डो ऐस्पुरो वा 'एल गोर्डो पेरुसी'को चिहानमा भिडियो बनाइरहेका देख्न सकिन्छ।

एल गोर्डो पेरुसीको हत्या 'सिनालोआ कार्टेल'भित्रका गुटगत हिंसाका कारण भएको हुन सक्ने प्रहरीले अनुसन्धानले देखाएको थियो। जुलाई २०२४ मा सिनालोआका सह-संस्थापक इस्माइल 'एल मेयो' जाम्बाडाको गिरफ्तारीपछि सिनालोआ कार्टेलका प्रतिद्वन्द्वी गुटबिच गम्भीर आन्तरिक युद्ध भड्किरहेको छ। यसले धेरैको ज्यान लिइसक्यो।

हसिना बहिर्गमनको दुई वर्षमा बंगलादेशले अपनाएको मार्ग

नागरिकहरू केवल भाषण वा बहाना होइन, बरु ठोस नतिजा र वास्तविक सुधारको अपेक्षा गर्छन्

सन् २०२४ मा बंगलादेशमा भएको जुलाई क्रान्ति र त्यसको निष्कर्ष अगस्ट ५ को घटनाको दुई वर्षपछि यो देश अहिले यस्तो मोडमा उभिएको छ, जहाँ इमानदार आत्म-समीक्षा र अघि बढ्ने दृढ संकल्प दुवैको आवश्यकता छ। डेढ दशकभन्दा लामो समयपछि सेख हसिनाको सरकारको पतन देख्दा हामीले सामूहिक रूपमा अनुभव गरेको राहतको त्यो क्षण निःसन्देह यस देशको इतिहासकै सबैभन्दा महत्त्वपूर्ण घटनामध्ये एक रहनेछ।

यसलाई केवल 'अभूतपूर्व घटना' भन्नु यसको महत्त्वलाई कम आँक्नु हुनेछ। तसर्थ विद्यार्थीको ऐतिहासिक आन्दोलनलाई कुनै हालतमा पनि अवमूल्यन गरिनुहुँदैन। किनकि, यो घटना सुरुमा जागिरसम्बन्धी अनुचित कोटा प्रणालीविरुद्ध विद्यार्थीको नेतृत्वमा भएको प्रदर्शनका रूपमा अघि बढेको थियो। तर, पछि यो आन्दोलन देशका तमाम जनताको कठोर व्यवस्थाविरुद्धको राष्ट्रव्यापी जनविद्रोहमा परिणत भयो।

हसिनाको शासन व्यवस्था खासमा कुशासन, अभाव, असमानता र संस्थागत भ्रष्टाचारको पर्याय बनेको थियो। यसले आफैले सेवा गर्ने वाचा गरेका जनतामाथि दुर्व्यवहारसमेत गरेको थियो। आर्थिक अनियमितता, संरचनागत कमजोरी, भ्रष्टाचार र बेरोजगारका कारण प्रदर्शनमा उत्रिएका विद्यार्थीमाथि सरकारले चरम दमन गरेको थियो। प्रहरी दमनमा सयौंको मृत्यु भएको थियो भने हजारौं घाइते भएका थिए।

विद्यार्थी आन्दोलन उत्कर्षमा पुगिरहेका वेला ५ अगस्टमा सेख हसिना देश छाडेर भारत पुगेकी थिइन। उनी भारत निर्वासनमै रहेको समयमा बंगलादेशको एक अदालतले उनलाई मृत्युदण्डको सजाय मात्र सुनाउँदै उनलाई सुपर्दगी गर्न भारतसँग अनुरोध गर्दै आएको छ। हसिनाले देश छाडेपछि सरकारले उनको पार्टी अबामी लिगमाथि प्रतिबन्ध लगाएको थियो। अबामी लिगका दर्जनौं नेता तथा कार्यकर्तामाथि अहिले मुद्दा चलाइएको छ। कतिपय नेता कारागारमा छन्। मृत्युदण्डको फैसलाबिच हसिनाले आगामी डिसेम्बरमा स्वदेश फर्किने घोषणा गरेकी छिन्।

यद्यपि, दुई वर्षको अन्तरालमा बंगलादेश एउटा नयाँ देश बनिसकेको छ र अझ उत्कृष्ट राष्ट्र बन्ने लक्ष्य राखेको छ। तैपनि, हामी अझै पनि तिनै समस्याको सामना गरिरहेका छौं, जसले हाम्रो इतिहासभर हामीलाई पिरोलेका छन् र हाम्रो विकासक्रमको अर्को चरणमा अघि बढ्नबाट रोकिरहेका छन्।

सन् २०२६ को फेब्रुअरीमा भएको आमनिर्वाचन (जसले बंगलादेश नेसनल पार्टी अर्थात् बिएनपीलाई सत्तामा पुऱ्यायो) अगस्ट २०२४ पछि मुलुकलाई स्थिरता प्रदान गर्ने अर्को एक महत्त्वपूर्ण राजनीतिक परिवर्तन थियो। अन्तरिम सरकारको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिका रूपमा व्यापक रूपमा हेरिएको यस निर्वाचनले परिवर्तन, स्थिरता र सक्षम प्रशासनप्रतिको जनआकांक्षालाई पनि प्रतिबिम्बित गऱ्यो।

तर, केवल राजनीतिक संक्रमणले मात्र सन् २०२४ को अशान्तिको कारक बनेका र जरा गाडेर बसेका समस्या समाधान गर्न सक्दैन। नागरिकहरू केवल भाषण वा बहाना होइन, बरु ठोस नतिजा र वास्तविक सुधारको अपेक्षा गर्छन्। तरिक रहमानको नेतृत्वमा रहेको बिएनपी सरकारले यस्तो राष्ट्रको जिम्मेवारी सम्हाल्दै छ, जुन नतिजाका लागि आतुर छ र हाम्रो हालैको इतिहासले देखाएझैं सार्वजनिक जीवनमा लामो समयदेखि जरा गाडेर बसेको आत्मसन्तुष्टि वा शिथिलतालाई कदापि सहन तयार छैन। तसर्थ, सरकारमा आबद्ध सबैले यस्तो आत्मसन्तुष्टिबाट टाढा रहँदै आमजनताको हितलाई सर्वोपरि राखी काम गर्नुपर्छ।

वर्तमान समयमा ग्यास तथा ऊर्जा, स्वास्थ्य सेवा र शिक्षाका क्षेत्रमा देखिएका चुनौती सरकारले प्राथमिकतामा राख्नुपर्ने र तत्काल सम्बोधन गर्नुपर्ने विषय हुन्। दादुराको हो। साथै, यो आयातित विद्युत्मा अत्यधिक निर्भर रहँदै ऊर्जाका स्रोतमा विविधता ल्याउन नसक्नुको प्रमाण पनि हो। हाम्रो ऊर्जा प्रणालीमा लामो समयदेखि संरचनागत सुधारको आवश्यकता छ, जसमा स्रोतहरूको विविधीकरण, पारदर्शी खरिद प्रक्रिया, उत्कृष्ट योजना तर्जुमा र नवीकरणीय ऊर्जामा तीव्र लगानी समावेश छन्। ऊर्जाको बलियो आधारविना आर्थिक पुनरुत्थानको कुनै पनि प्रयास अधुरै रहनेछ र जनअसन्तुष्टि अझ बढ्दै जानेछ।

शिक्षा र बेरोजगारीका समस्याले पनि हाम्रो भविष्यमाथि गहिरो असर पारिरहेको छ। जुलाई क्रान्ति' मुख्यतया सम्मान र अवसरको माग गर्ने युवाहरूको अगुवाइमा भएको थियो। दुई वर्ष बितिसक्दा पनि ती माग पूरा भएका छैनन् र सुधारको कुनै खास संकेत पनि देखिएको छैन। जुलाई क्रान्तिमा गरिएका बलिदानहरूको सम्मान गर्दै युवा शक्तिको सम्भावनालाई सदुपयोग गर्ने हो भने बंगलादेशले आफ्नो शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्नुपर्छ तथा रोजगारी सिर्जना, सिपमूलक तालिम र नवीनतामा लगानी बढाउनुपर्छ।



दुई वर्ष बितिसक्दा र परिवर्तनका बाबजुद पनि हामी गहिरो जनअसन्तुष्टि प्रकट गर्ने राजनीतिक विघटनको परिणामबाट गुज्रिरहेका छौं। फेब्रुअरी २०२६ को चुनावले लोकतान्त्रिक पुनर्स्थापना प्रदान गऱ्यो, तर विश्वास पुनर्निर्माण गर्ने र परिणाम प्रदान गर्ने काम अझै पूरा भएको छैन।

दुई वर्षपछि सन्देश स्पष्ट छ। हामीले नयाँ र राम्रो बंगलादेशको आशामा आफ्नो जीवन अर्पण गर्नेहरूलाई सम्मान गर्नुपर्छ। त्यसको लागि, यदि हामीले बंगलादेशको त्यो संस्करण साँच्चै निर्माण गर्ने हो भने हामीले यो राष्ट्रले स्थापनाकालदेखि नै कसरी काम गरेको छ भन्ने धैरै कुराबाट सिक्नुपर्छ।

> विद्यार्थी आन्दोलन उत्कर्षमा पुगिरहेका वेला ५ अगस्टमा सेख हसिना देश छाडेर भारत पुगेकी थिइन्। दुई वर्षको अन्तरालमा बंगलादेश बदलिरहेको छ। तथापि, अझै पनि यो देशले तिनै समस्याको सामना गरिरहेको छ, जसले देशलाई इतिहासभर पिरोलेर यसको विकासक्रममा अवरोध सिर्जना गरिरहेको छ।

हालै देखिएको प्रकोप वास्तवमा कहिल्यै नहुनुपर्ने संकट हो र यस मामिलामा अन्तरिम सरकारको असफलताका लागि उसको आलोचना हुनु स्वाभाविकै हो। यद्यपि, यसरी भइरहेको अकाल र अर्थहीन मानवीय क्षति रोक्न हामीले हरसम्भव प्रयास जारी राख्नैपर्छ।

ग्यास र ऊर्जाको संकट राज्यको कार्यक्षमताको अर्को कसी

ढाका ट्रिब्युनको विश्लेषण

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २२ साउन ०८३

■ काठमाडौंमा यातायात पूर्वाधार र सेवाको गुरुयोजना

चाबहिल–गौशालामा सुरुङमार्ग, चाबहिल र विष्णुमतीमा 'एलिभेटेड हाइवे'

जाइकाको गुरुयोजनाअनुसार रत्नपार्कदेखि सूर्यविनायकसम्म मेट्रोरेल, चक्रपथमा युटिलिटी करिडोर

पूर्वाधार विकास मन्त्रालयका सहसचिव **सुशीलबाबु ढकाल** भन्छन्–

हामीले मिलेर अध्ययन तथा सुझाव संकलनको काम गरेका छौं। प्राप्त सुझावका आधारमा गुरुयोजनालाई अन्तिम रूप दिएर स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्नेछौं। त्यहाँबाट स्वीकृति भयो भने कार्यान्वयनमा अघि बढ्छ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले काठमाडौं उपत्यकाको यातायात सेवालाई व्यवस्थित बनाउन एक सुरुङमार्ग र दुई एलिभेटेड हाइवे बनाउने प्रस्ताव गरेको छ। जाइकाले आफ्नै खर्चमा दुई वर्ष लगाएर तयार गरेको 'काठमाडौं उपत्यका सहरी यातायात प्रणाली गुरुयोजना'मार्फत यस्तो प्रस्ताव गरेको हो।

गुरुयोजनामा उपत्यकाभित्र यातायातसम्बन्धी २२ वटा पूर्वाधार परियोजना छन्। यातायात सेवासम्बन्धी भने १३ कार्यक्रम प्रस्ताव गरिएको छ। अल्पकालीन वर्गका आयोजना सन् २०३२, मध्यकालीन वर्गका सन् २०४० र दीर्घकालीन वर्गका २०५० सम्म निर्माण गर्ने लक्ष्य राखिएको छ। त्यसमा चाबहिलदेखि गौशालासम्म अन्डरग्राउन्ड सुरुङमार्ग बनाउन प्रस्ताव गरिएको छ। त्यसको लम्बाइ १५ सय ६२ मिटर लामो हुनेछ। चार लेनको हुने सुरुङमार्गलाई दीर्घकालीन योजनामा राखिएको र यो सुरुङमार्ग २०५० भित्र सम्पन्न गर्ने लक्ष्य छ।

जाइकाले आफ्नै सहयोगमा यसको गुरुयोजना तयार गरेको हो। सन् २०५० सम्ममा उपत्यकामा हुन सक्ने जनसंख्या र त्यसका लागि आवश्यक पर्ने यातायात सेवा तथा पूर्वाधारलाई केन्द्रित गरेर बनाइएको मस्यौदामा अहिले जाइकाले सरोकारवालाको सुझाव पनि संकलन गरिरहेको छ। प्राप्त सुझावका आधारमा उक्त गुरुयोजना स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिने पूर्वाधार विकास मन्त्रालयका वैदेशिक सहायता महाशाखा प्रमुख तथा सहसचिव सुशीलबाबु ढकालले बताए।

मन्त्रिपरिषद्बाट स्वीकृति भएसँगै उल्लिखित आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन (डिपिआर), निर्माण मोडालिटीलगायतका प्रक्रिया टुंग्याएर निर्माणमा प्रवेश गराइनेछ। यही क्रममा जाइकाले बिहीबार काठमाडौंमा सरोकारवालासँग छलफल पनि गरेको छ।



तस्बिर : एआई जेनेरेटेड

काठमाडौंको उत्तरी क्षेत्रमा १८ किमि लामो कनेक्टिङ सडक

जाइकाले काठमाडौंका उत्तरी क्षेत्रमा १८ किमि लामो कनेक्टिङ सडक बनाउन प्रस्ताव गरेको छ। तारकेश्वरबाट बुढानीलकण्ठ हुँदै सूर्यविनायकसम्म पुग्ने उक्त सडक चार लेनमा बनाउन प्रस्ताव गरिएको छ। यसले सहरको छेउछाउमा भइरहेको बस्ती विकासलाई काठमाडौं सहरसँग जोड्न सहज हुनेछ। यसमा उत्तरी क्षेत्रमा हाल सञ्चालनमै रहेको सडकलाई पनि स्तरोन्नति गर्न भनिएको छ, जसको लम्बाइ ११.३ किमि हुनेछ।

■ दुईवटा एलिभेटेड हाइवे बनाउन प्रस्ताव

गुरुयोजनाले उपत्यकामा दुईवटा एलिभेटेड हाइवे बनाउन प्रस्ताव गरेको छ। त्यसमा चाबहिलदेखि बागमती रिभरसम्म एलिभेटेड हाइवे बनाउन भनिएको छ, जुन दुई लेनको ३४ सय मिटर लामो हुनेछ। यस्तै, विष्णुमती रिभर करिडोर एलिभटेड हाइवे पनि प्रस्ताव गरिएको छ। गोंगबुबाट सुरु भएर टोखासम्म पुग्ने भनिएको यो सडक ३६ सय २० मिटर लामो हुनेछ। चार लेनमा यो सडक बनाउन प्रस्ताव गरिएको छ। यी परियोजना २०५० भित्र सम्पन्न गर्ने लक्ष्य छ।

एलिभेटेड हाइवे जमिनको पिलरको सहारामा त्यसमाथि निर्माण गरिएको सडक हो। यो फ्लाई ओभरभन्दा उच्चस्तरको प्रविधि हो। सामान्यतया एउटा चोक वा सानो दूरी पार गर्न फ्लाई ओभर बनाइन्छ। एलिभेटेड हाइवे भने लामो दूरीका लागि बनाइन्छ। जसमा दुई वा त्योभन्दा बढी चोक निर्बाध रूपमा सोझै पार गर्न सकिन्छ।

■ महाराजगन्जमा ३०८ मिटर लामो अन्डरपास

ट्राफिक जामले सधैं प्रभावित भइरहने चक्रपथको महाराजगन्जमा तीन सय आठ मिटर लामो अन्डरपास बनाउन प्रस्ताव गरिएको छ। चार लेन डिजाइनमा उक्त अन्डरपास बनाउन प्रस्ताव गरिएको जाइकाको भनाइ छ। यो परियोजना तत्काल अघि बढाउने योजनामा छ। अर्थात्, २०३२ भित्रै यो परियोजना बनाउन भनिएको छ।

■ त्रिपुरेश्वर र थापाथलीको जाम हटाउन नदी करिडोर

हाल अत्यधिक जाम हुने क्षेत्र त्रिपुरेश्वर र थापाथलीको जाम हटाउन बागमती नदीमा छुट्टै करिडोर प्रस्ताव गरिएको छ। दुई लेन डिजाइन हुने गरी प्रस्ताव गरिएको उक्त करिडोरको लम्बाइ नौ सय ५८ मिटर हुनेछ। नदीको दायाँ किनारमा उक्त करिडोर प्रस्ताव गरिएको छ, जहाँ अहिले सडक छैन।

■ रत्नपार्कदेखि सूर्यविनायकसम्म मेट्रोरेल, चक्रपथमा द्रुत बस सेवा

जाइकाले रत्नपार्कदेखि सूर्यविनायकको जगातीसम्म मेट्रोरेल सेवा सञ्चालन गर्न प्रस्ताव गरेको छ। पूर्वाधारतर्फ नभएर सार्वजनिक यातायात कार्यक्रमअन्तर्गत जाइकाले १४.६ किमि लामो मेट्रोरेल सेवा सञ्चालन गर्न प्रस्ताव गरेको छ। दीर्घकालीन योजनाअन्तर्गत राखिएको यो परियोजना २०५० भित्र सञ्चालनमा ल्याउनुपर्ने प्रस्ताव गरिएको छ। मास ट्रान्जिटअन्तर्गत यो प्रस्ताव गरिएको हो। यस विषयमा थप विस्तृत अध्ययन आवश्यक रहेको सहसचिव ढकालले जानकारी दिए। यसैगरी, चक्रपथमा द्रुत बस सेवा (बिआरटी) सञ्चालन गर्न पनि प्रस्ताव गरेको छ। वित्तीय रूपमा आकर्षक नभएपछि यसअघि लगानी बोर्डको कार्यालय चक्रपथमा द्रुत बस सेवा परियोजना बनाउने योजनाबाट पछि हटिसकेको छ। त्यो अवस्थामा जापानले चक्रपथमा बिआरटी सञ्चालन गर्न प्रस्ताव गरेको छ। मध्यकालीन योजनामा राखिएको बिआरटी २०४० सम्म सञ्चालनमा ल्याउने भनिएको छ।

■ पाँचवटा नयाँ पुल

जाइकाले पाँच ठाउँमा नयाँ पुल बनाउन प्रस्ताव गरेको छ। विष्णुमती, धोबीखोला, कर्मा नासा (गोदावारी सडक), बागमती र ग्वार्कोमा मोटरेबल पुल बनाउन प्रस्ताव गरिएको छ।

■ स्तरोन्नतिका चार परियोजना

जाइकालले हालका सडक तथा पुल स्तरोन्नति गर्न चार परियोजना प्रस्ताव गरेको छ। चक्रपथ विस्तार (गौशाला-तीनकुने खण्ड), बागमती नदीआसपासका कच्ची सडक सुधार, बालाजु विष्णुमती करिडोर र युनएन पार्कलाई स्तरोन्नति गर्न प्रस्ताव गरिएको छ।

■ चक्रपथमा युटिलिटी करिडोर, रत्नपार्कमा अन्डरग्राउन्ड पार्किङ

जाइकाले चक्रपथसहित मुख्य सडकमा अन्डरग्राउन्ड युटिलिटी करिडोर बनाउन प्रस्ताव गरेको छ। यस्तै, रत्नपार्क क्षेत्रमा अन्डरग्राउन्ड पार्किङ बनाउन पनि प्रस्ताव गरिएको छ। यसैगरी ठमेल, दरबारमार्ग, पाटन दरबार क्षेत्रलाई कार फ्री जोन बनाउन भनिएको छ।

सरकारी लट्टीबाट आज २५ लाख वितरण हुने



नयाँ पत्रिका

सरकारले शुक्रबार सय रुपैयाँभन्दा बढीको वस्तु तथा सेवा खरिद गर्दा बिजक लिएका उपभोक्तामध्येबाट १५ जनालाई जनही एक लाख र एकजनालाई १० लाख रुपैयाँ वितरण गर्ने भएको छ। आन्तरिक राजस्व विभागले करदाता प्रोत्साहन उपहार कार्यक्रमको सम्पूर्ण प्राविधिक तयारी पूरा गरेकाले शुक्रबार सरकारी लट्टीअनुसार रकम वितरण हुन लागेको हो।

> एक सय रुपैयाँभन्दा बढीको वस्तु तथा सेवा खरिद गर्दा कर बिजक लिएका उपभोक्तामध्ये १५ जनालाई जनही एक लाख र एकजनालाई १० लाख उपहार दिइँदै

विभागका महानिर्देशक तथा सहसचिव डा. भीष्मकुमार भुसालका अनुसार विभागले पहिलो उपहार कार्यक्रम शुक्रबार घोषणा गर्नेछ। विभागका प्राविधिकले नमुना उपहार छनोट बिहीबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष प्रस्तुत गरिसकेका छन्। उनका अनुसार १ साउनदेखि १५ साउनसम्म अनलाइनमार्फत वस्तु तथा सेवा खरिद गरेका उपभोक्ता र नगदमा वस्तु तथा सेवाको कारोबार गरेर विभागको वेबसाइटमा भौतिक रूपमा बिल अपलोड गरेका उपभोक्ताका लागि शुक्रबार उपहार घोषणा गरिनेछ।



जसमा हरेक दिनको कारोबारका आधारमा १५ जनाले करकट्टी गरेर एक-एक लाख रुपैयाँ नगद उपहार पाउनेछन्। यस्तै, सोही अवधिमा सबै उपभोक्ताका लागि एउटा बम्पर उपहार घोषणा हुनेछ। जसमा एकजनाले १० लाख रुपैयाँ नगद जित्नेछन्। यी पुरस्कार रकममा भने २५ प्रतिशत कर लाग्ने व्यवस्था छ।

अर्थमन्त्री डा. वाग्लेले आर्थिक वर्ष ०८३/८४ को बजेटमा करदातालाई प्रोत्साहन गर्न उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका थिए। त्यसलगत्तै विभागले करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि तयार गरेको थियो। कार्यविधिअनुसार हरेक महिनाको १६ गते (१ देखि १५ गतेसम्मको) र महिनाको अन्तिम दिन (१६ गतेदेखि बाँकी दिनको) वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ताका लागि उपहार घोषणा गरिनेछ।

आयल निगमका कार्यकारी निर्देशक साहले सम्हाले कार्यभार

ग्यासको आपूर्ति सहजता पहिलो प्राथमिकतामा राखेर काम गर्ने

नयाँ पत्रिका

नेपाल आयल निगमको कार्यकारी निर्देशक नागेन्द्र साहले आफ्नो कार्यभार सम्हालेका छन्। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले साहलाई निगमको कार्यकारी निर्देशक नियुक्त गरिएको थियो।



साह निगमको पूर्वनिमित्त कार्यकारी निर्देशक हुन्। उनी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आह्वान गरेको खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक नियुक्तिका लागि उत्कृष्ट तीनमा परेका थिए। साहसँगै प्युठानका कौशल केसी र सप्तरीका सञ्जीवकुमार देव प्रतिस्पर्धामा थिए। यीमध्ये अनुभव र योग्यताका आधारमा साह नै बलिया उम्मेदवार भएका कारण मन्त्रिपरिषद्ले उनलाई नै नियुक्त गरेको हो।

साहको काँधमा सरकारको योजनाअनुसार ९० दिनलाई पुग्ने पेट्रोलियम पदार्थको भण्डारणगृह निर्माण गर्नुपर्ने प्रमुख चुनौती छ। बिहीबार दिउँसो बबरमहलस्थित केन्द्रीय कार्यालय पुगेर पदभार ग्रहण गरेका साहले भारतबाट ग्यास आयात बढाएर छिट्टै आपूर्ति सहज गराउने बताए।

'ग्यास आपूर्ति असहज भएका बेला मेरो नियुक्ति भएको छ। त्यसैले, ग्यासको आपूर्ति सहजतालाई पहिलो प्राथमिकतमा राखेर काम गनुपर्नेछ,' उनको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'भारतबाट आयात परिमाण तत्कालै बढाएर बजारमा आपूर्ति पनि बढाइनेछ। यसबाट अहिलेको समस्या छिट्टै समाधान हुने मेरो विश्वास छ।'

उनले उपभोक्तालाई लाइनमा लागेर ग्यास लिनुपर्ने बाध्यता हटाउन प्रभावकारी अनुगमन गर्ने, क्विक रेस्पोन्स टिमलाई थप जिम्मेवार बनाउने र हटलाइनमा आउने गुनासोलाई तत्काल सम्बोधन गर्न पनि कर्मचारीलाई निर्देशन दिए। ग्यासको दीर्घकालीन आपूर्ति सहजताका लागि भण्डारणगृहसमेत निर्माण गर्ने उनले बताए। आयल निगमले सर्लाहीको नेत्रगन्जमा रहेको १५ बिघा जमिनमा ग्यासको भण्डारणगृह निर्माण गर्ने योजना आठ वर्षदेखि अघि सारे पनि अहिलेसम्म कार्यान्वयन भएको छैन। सरकारको नीति तथा कार्यक्रमअनुसार आफ्नो कार्यकालमा तीन महिनालाई पुग्ने भण्डारणगृह निर्माणलाई प्राथमिकतामा राख्ने पनि उनले बताए। 'ग्याससहित अन्य पेट्रोलियम पदार्थको भण्डारणगृह निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ,' उनले भने।

स्थानीयलाई अंकित मूल्यमै आइपिओ दिलाउन अर्थ समितिको निर्देशन

काठमाडौं/ प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले जलविद्युत् आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दालाई १०० रुपैयाँ अंकित मूल्यमै अनिवार्य रूपमा १० प्रतिशत सेयर उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको छ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ९ को उपनियम ४ मा संगठित संस्थाले आफ्नो जारी पुँजीको १० प्रतिशतसम्म सेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट् याउनुपर्ने स्पष्ट व्यवस्था छ। तर, सो व्यवस्थाबमोजिम जलविद्युत् आयोजना प्रभावित क्षेत्रका नागरिकले पाउनुपर्ने सेयर प्राप्त गर्न नसकेको भन्दै सरोकारवालाले गुनासो गर्नुका साथै अर्थसमितिमा उजुरीसमेत दर्ता गराएका थिए।

स्थानीय बासिन्दाको हक खोसिएको विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै समितिले नियमअनुसारको हक तत्काल सुनिश्चित गर्न निर्देशन दिएको हो। समितिको बैठकले जलविद्युत् आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय नागरिकलाई नियमावलीको सोही व्यवस्थाबमोजिम १० प्रतिशत सेयर अंकित मूल्य सय रुपैयामै उपलब्ध गराउने व्यवस्था तत्काल कार्यान्वयन गर्न र गराउन अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल धितोपत्र बोर्डलाई स्पष्ट निर्देश गरेको छ।

संसदीय समितिको यो निर्णयसँगै अब जलविद्युत् कम्पनीहरूले आयोजना प्रभावित स्थानीयका लागि छुट्याइने सेयर अंकित मूल्यमै जारी गर्नुपर्ने भएको छ।

उच्च आर्थिक वृद्धिका लागि वास्तविक क्षेत्रको विस्तार : आयोग उपाध्यक्ष

काठमाडौं/ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न वास्तविक क्षेत्रको विस्तार आवश्यक रहेको बताएका छन्। अहिले बाह्य क्षेत्र तथा वित्तीय क्षेत्रको स्थिति सन्तोषजनक रहेको भए तापनि उच्च आर्थिक वृद्धिका लागि वास्तविक क्षेत्रको क्रियाकलाप भने बढ्नुपर्ने आवश्यक रहेको बताएका हुन्।

आयोगमा राष्ट्रिय विकास समस्या समाधान समिति बैठकको पूर्वतयारीको सन्दर्भमा सोह्रौं योजना कार्यान्वयन, अर्थतन्त्रको वर्तमान अवस्था तथा आगामी कार्यदिशालगायतका विषयमा बिहीबार सम्बन्धित विषय क्षेत्रगत मन्त्रालय र निजी क्षेत्रबिच अन्तर्क्रिया कार्यक्रम भएको थियो। उक्त छलफलमा उपाध्यक्षले चालू आवको बजेटले लिएको आर्थिक वृद्धिका लागि आन्तरिक अर्थतन्त्रलाई गतिशील बनाउन आवश्यक रहेको बताएका हुन्।

कार्यक्रममा १६औं योजनाले लिएका लक्ष्य तथा कार्यान्वयनको अवस्था एवं सरकारको वार्षिक सात प्रतिशतको आर्थिक वृद्धि तथा १०० बिलियन अमेरिकी डलरको अर्थतन्त्र निर्माणका लक्ष्य हासिल गर्न सरकारले गर्नुपर्ने नीतिगत तथा कानुनी सुधारलगायतका विषयमा छलफल भएको थियो। सार्वजनिक तथा निजी निर्माण, निजी क्षेत्रको लगानी परिचालन, वित्तीय स्रोतको उपयोग र तरलता व्यवस्थापनलगायतका विषयमा समेत छलफल भएको थियो। कार्यक्रममा आयोगका सहसचिव खोमराज कोइरालाले सोह्रौं योजना कार्यान्वयन, समष्टिगत आर्थिक अवस्था तथा निजी क्षेत्रको भूमिका सम्बन्धमा प्रस्तुति तथा सहजीकरण गरे।

लगानी बोर्डकी सिइओ कार्यभार सम्हाल्दै

काठमाडौं/ लगानी बोर्ड नेपालकी नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) यांकी उक्याबले शुक्रबार कार्यभार सम्हाल्ने भएकी छिन्। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले बोर्डको सिइओमा अर्थशास्त्री उक्याबलाई नियुक्त गरेको हो।



दुई दर्जनभन्दा बढीले लगानी बोर्ड सिइओमा आवेदन दिएका थिए। त्यसमध्ये उक्याबसहित जितेन्द्र धिताल, मनोज पौडेल, मनमानसिंह बस्न्यात, मुकुन्दप्रसाद पौड्याल, सरोज कोइराला, बखतबहादुर शाही र मधुप्रसाद भेटुवाल प्रतिस्पर्धामा थिए। अर्थमन्त्री तथा लगानी बोर्डका उपाध्यक्ष स्वर्णिम वाग्लेको संयोजकत्वमा गठित समितिले उक्याबसहित मनोज पौडेल र जितेन्द्र धितालको नाम सिफारिस गरेको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा यांकीलाई लगानी बोर्ड सिइओ नियुक्त गरिएको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताए।

बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट सार्वजनिक नीतिमा स्नातकोत्तर गरेकी यांकीले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)को प्रशान्त क्षेत्र कार्यालयकी वरिष्ठ नीति सल्लाहकार भएर काम गरिसकेकी छिन्। त्यस्तै, युएनडिपी नेपालको विकास अर्थशास्त्रीसमेत रहेकी उक्याबले लगानी बोर्डमा परामर्शदाताका रूपमा समेत काम गरिसकेकी छिन्। विकास अर्थशास्त्र र सार्वजनिक नीतिविज्ञका रूपमा परिचित उक्याबले आगामी चार वर्षका लागि बोर्डको नेतृत्व सम्हाल्नेछिन्।

■ राष्ट्र बैंकको भुक्तानी पर्यवेक्षण प्रतिवेदन

दुई वालेटको लाइसेन्स खारेज, एकको नवीकरण रोकियो

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले ऐन, नियम र निर्देशन पालना नगर्ने भुक्तानी सेवाप्रदायकलाई कारबाही गरेको छ। राष्ट्र बैंकले 'भुक्तानी प्रणाली पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गर्दै डिजिटल भुक्तानी क्षेत्रमा देखिएका कमजोरी, गरिएका कारबाही र नीतिगत सुधार सार्वजनिक गर्दै कारबाही पनि गरेको हो।

अनुगमनका क्रममा कानुनी तथा प्राविधिक मापदण्ड पूरा नगरेको भेटिएपछि पेवेल नेपाल प्रालि र सजिलो पे पेमेन्ट सर्भिसेज प्रालिको अनुमतिपत्र खारेज गरिएको छ। त्यस्तै, नेपाल पेटाइम प्रालिको लाइसेन्स नवीकरण नगरिएको राष्ट्र बैंकले जनाएको छ। नियमनकारी निर्देशन उल्लंघन गरेपछि प्रभु टेक्नोलोजी प्रालि, खल्ती प्रालि, आइक्यास प्रालि र फिनटेक प्रालिलाई सचेत गराइएको छ। अनुगमनका क्रममा गम्भीर अनियमितता भेटिएका चारवटा वालेट कम्पनीलाई वार्षिक वित्तीय विवरण सार्वजनिक गर्न स्वीकृति नै दिइएको छैन।



■ अनुगमनमा भेटिएका कमजोरी

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारी, निर्देशकहरू सुवास आचार्य र सम्झना ढकाल, कार्यवाहक निर्देशक सुधा श्रेष्ठ, उपनिर्देशक सुरेश सिवाकोटी तथा सहायक निर्देशकहरू राजेश पनेरू र सबिन श्रेष्ठ सम्मिलित टोलीले गत आर्थिक वर्षमा १६ वटा भुक्तानी सेवाप्रदायकको नियमित, एउटाको विशेष र ६ वटा बैंक तथा वित्तीय संस्थाको आरटिजिएस प्रणालीको स्थलगत निरीक्षण गरेको थियो। साथै, २४ वटा संस्थाको अप्रत्यक्ष अनुगमन गरिएको थियो।

स्थलगत निरीक्षणका क्रममा सञ्चालनमा रहेका भुक्तानी संस्थाहरूमा १९ वटा मुख्य गम्भीर कमजोरी भेटिएका छन्। अनुमतिपत्र पाए पनि तोकिएको समयभित्र प्रणाली र सेवा सञ्चालन गर्न नसकेको पाइएको उल्लेख छ। प्रतिवेदनअनुसार आन्तरिक नियन्त्रण नीति र जोखिम व्यवस्थापन नीति सञ्चालक समितिबाट समीक्षा नगराएको पाइएको छ। व्यवसाय सञ्चालनका लागि न्यूनतम भौतिक तथा सञ्चालन पूर्वाधार अपर्याप्त रहेको र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण कार्यक्रमका लागि वार्षिक बजेटमा रकम विनियोजन नगरेको उल्लेख छ।

त्यस्तै, वालेटमा ग्राहकको खाता सक्रिय वा निष्क्रिय रहेको स्पष्ट देखिने प्रणाली नभएको भेटिएको छ। एन्टिभाइरस सफ्टवेयर नवीकरण नगर्दा सिंगो प्रणालीलाई साइबर जोखिममा पारेको भनिएको छ। तोकिएको अवधिभित्र प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न नसकेको पनि उल्लेख छ। अर्धवार्षिक रूपमा गर्नुपर्ने अनिवार्य प्रणाली लेखा परीक्षण नगरिएको र विपत् उद्धार योजना कार्यान्वयनमा नरहेको प्रतिवेदनमा औंल्याइएको छ। वालेट प्रणालीको जोखिम मूल्यांकन तथा पहुँच परीक्षण नगरेको प्रतिवेदनमा छ। वास्तविक वातावरणमा विपत् उद्धार अभ्यास नगरेको, निश्चित समयपछि वालेट सेसन स्वतः समाप्त नहुने अवस्था रहेको र राफसाफका लागि निर्दिष्ट बैंक खाता अन्य प्रयोजनमा प्रयोग गरेको पनि भनिएको छ। प्रतिवेदनमा सेटलमेन्ट खातामा रहेको वास्तविक मौज्दातभन्दा बढी ई-मनी जारी गरेको औंल्याइएको छ।

■ नीतिगत सहजीकरण र सुविधा

सुपरिवेक्षण र कारबाहीबाहेक राष्ट्र बैंकले वित्तीय समावेशिता र भुक्तानी प्रणाली सुदृढीकरणका लागि गत आवमा नीतिगत सुविधा पनि दिएको प्रतिवेदनमा उल्लेख छ। इन्टरनेट नहुने क्षेत्रका लागि किप्याड फोनबाट भुक्तानी गर्न सकिने सुविधासम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक भएको उल्लेख छ। दसैं तथा तिहारको समयमा वालेट कारोबारको अधिकतम संख्यामा अस्थायी छुट दिएको, नेपाली वालेटमा विदेशी बैंकका कार्ड जोडी नेपाली व्यापारीले विदेशी कार्डबाट भुक्तानी लिन सक्ने स्वीकृति र भुक्तानी प्रणाली सञ्चालकलाई डोमेस्टिक कार्ड स्किम र इन्टरओपरेबल कार्ड स्विच सञ्चालन अनुमति दिएको प्रतिवेदनमा उल्लेख छ। बैंक तथा वित्तीय संस्थासँगको सहकार्यमा वालेटमार्फत स्मार्ट डिपोजिट वा आवधिक निक्षेप योजना चलाउन स्वीकृति दिएको भनिएको छ।

संस्थागत कारबाहीको विवरण

भुक्तानी सेवाप्रदायक	कारबाही
प्रभु टेक्नोलोजी प्रालि	सचेत गराइएको
खल्ती प्रालि	सचेत गराइएको
आइक्यास प्रालि	सचेत गराइएको
फिनटेक प्रालि	सचेत गराइएको
नेपाल पेटाइम प्रालि	अनुमतिपत्र नवीकरण नगरिएको
पेवेल नेपाल प्रालि	अनुमतिपत्र खारेज
सजिलो पे पेमेन्ट सर्भिसेज प्रालि	अनुमतिपत्र खारेज

याडियाको तीन स्मार्ट विद्युतीय स्कुटर सार्वजनिक



नयाँ पत्रिका

नेपालका लागि याडियाको आधिकारिक वितरक कुजु नेपाल प्रालिले याडिया जिएस७०, जिटी७० र जिटी८० मोडेलका विद्युतीय स्कुटर सार्वजनिक गरेको छ।

आधुनिक प्रविधि, उत्कृष्ट कार्यक्षमता तथा नेपाली उपभोक्ताको बदलिँदो आवश्यकतालाई ध्यानमा राखेर विकास गरिएका यी स्कुटरहरूले नेपालमा स्मार्ट विद्युतीय गतिशीलताको नयाँ अध्याय सुरु गर्ने कम्पनीको विश्वास छ।

विद्युतीय दुईपांग्रे सवारीसाधन ब्रान्ड याडियाले नवीन प्रविधि, उच्च कार्यसम्पादन र दिगो यातायात समाधानमार्फत नेपाली बजारमा आफ्नो उपस्थिति अझ सुदृढ बनाउँदै आएको छ। नयाँ मोडेलका स्कुटरले दैनिक सहरी यात्रादेखि लामो दूरीको यात्रा तथा प्रिमियम प्रदर्शन खोज्ने ग्राहकसम्मका विविध आवश्यकता पूरा गर्ने उद्देश्य राखेका छन्। यी स्कुटर लामो रेन्ज, स्मार्ट प्रविधि तथा उन्नत सुरक्षा सुविधासहित बजारमा उपलब्ध गराइएका छन्।

याडियाले आफ्नो अत्याधुनिक ब्याट्री प्रविधि तथा उत्पादन गुणस्तरप्रति विश्वास व्यक्त गर्दै नयाँ मोडेलमा तीन वर्ष वा ५० हजार किलोमिटरसम्मको ब्याट्री वारेन्टी उपलब्ध गराएको छ। जसले ग्राहकलाई दीर्घकालीन विश्वसनीयता र मानसिक सन्तुष्टि प्रदान गर्नेछ।

लन्चको अवसरमा कुजु नेपालले नाइमा अटो सो सम्पन्न नहुँदासम्म तीनै मोडेलमा १० हजार रुपैयाँको विशेष छुट प्रदान गरिरहेको छ। इच्छुक ग्राहकले आफ्नो नजिकको आधिकारिक याडिया सोरुममा गई नयाँ मोडेलको अवलोकन गर्न, टेस्ट राइड लिन तथा फाइनान्सिङ सुविधा र स्वामित्वसम्बन्धी थप जानकारी प्राप्त गर्न सक्नेछन्।

गुमुखोला भ्याकुरे हाइड्रोपावरको बिक्री प्रबन्धक आरबिबी मर्चेन्ट

काठमाडौं/ गुमुखोला भ्याकुरे हाइड्रोपावर लिमिटेडले सर्वसाधारण तथा आयोजना प्रभावित स्थानीयवासीका लागि पाँच लाख कित्ता साधारण सेयर निष्कासन गर्न आरबिबी मर्चेन्ट बैंकिङलाई बिक्री प्रबन्धक नियुक्त गरेको छ। उक्त नियुक्तिसम्बन्धी सम्झौतापत्रमा गुमुखोला भ्याकुरे हाइड्रोपावर लिमिटेडका तर्फबाट अध्यक्ष मित्रबहादुर श्रेष्ठ र आरबिबी मर्चेन्ट बैंकिङ लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलबिच हस्ताक्षर भएको छ।



प्रवर्द्धक कम्पनी गुमुखोला भ्याकुरे हाइड्रोपावर लिमिटेडद्वारा निर्मित आयोजना दोलखाको कालिञ्चोक गाउँपालिकामा छ। रन अफ रिभर प्रविधिमा आधारित यस आयोजनाको कुलजडित उत्पादन क्षमता नौ सय ५० किलोवाट रहेको छ। यस आयोजनाबाट वार्षिक करिब ५.६ गिगावाट आवर विद्युत् ऊर्जा उत्पादन भइरहेको छ। आयोजनाबाट उत्पादित विद्युत् ३३ केभी प्रसारणलाइनमार्फत नेपाल विद्युत् प्राधिकरणको सिंगटी सबस्टेसनमा जोडिने कम्पनीले जनाएको छ।

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.
"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"
केन्द्रीय कार्यालय : कोहलपुर नगरपालिका वडा नं. ११ बाँके, लुम्बिनी प्रदेश, नेपाल, फोन नं. : ०८१-५४०२१३, ईमेल : info@unlbsl.com.np

अपरिकृष्त वित्तीय विवरणमा भूल सुधार

यस युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको मिति २०८३/०४/२१ गते प्रकाशित आ.व. २०८२/८३ को चौथो त्रैमासिक वित्तीय विवरणको Condensed Statement of Comprehensive Income खण्डमा Current Year/This Quarter को Profit for the Period र Total Comprehensive Income शिर्षकमा रकम रु. ३७,५६३,९१६।- हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको व्यहोरा अनुरोध छ।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.

VACANCY ANNOUNCEMENT

Positions:

Sales Manager	- 1
Sales Officer	- 1
Information Security Officer	- 1
Business Analyst	- 1
Business Executive	- 1
Operations Associate	- 3
Sales Associate	- 1

To Apply:
www.merojob/ndpc

शिवम प्लास्टीक इण्डष्ट्रि लिमिटेड
मोरङ जिल्ला, बुढीगंगा गा.पा. वडा नं. ०३

विशेष साधारण सभा सम्बन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८३/०४/२९ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभामा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय, स्थान:

सभा हुने मिति : २०८३/०५/०७ (तदनुसार, अगष्ट २३, २०२६)।
सभा हुने स्थान : मोरङ्ग जिल्ला, बुढीगंगा गा.पा. वडा नं. ०३।
सभा हुने समय : बिहान १०:०० बजे।

प्रस्तावित छलफलका विषयहरु:

क) सामान्य प्रस्ताव:
१. संचालकहरुलाई उपलब्ध गराउने मासिक तलब, भ्रमण भत्ता तथा बैठक भत्ता तय गरि पारित गर्ने सम्बन्धमा।
२. विविध।

ख) विशेष प्रस्ताव:
१. कम्पनीले बैंक तथा वित्तीय संस्था मार्फत थप कर्जा सुविधा उपभोग गर्ने तथा उपभोग गर्दै आएको कर्जा सुविधा नविकरण गर्ने सम्बन्धमा।
२. अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

लर्डबुद्धमा एमबिए इन एआई र डिजिटल लिडरसिप सुरु



काठमाडौं/ लर्डबुद्ध एजुकेसन फाउन्डेसनले 'एमबिए इन एआई' र 'डिजिटल लिडरसिप' पाठ्यक्रम सुरु गरेको छ। कृत्रिम बुद्धिमत्ता (एआई) र सूचना प्रविधिको तीव्र विकास तथा बजारको मागलाई मध्यनजर गर्दै फाउन्डेसनले नयाँ पाठ्यक्रम सञ्चालनमा ल्याएको हो।

एसिया प्यासिफिक युनिभर्सिटी अफ टेक्नोलोजी एन्ड इनोभेसनको सम्बन्धनमा शिक्षा मन्त्रालयबाट स्वीकृति प्राप्त गरी त्रिभुवन विश्वविद्यालयबाट समकक्षतासहित एमबिए इन एआई र डिजिटल लिडरसिप कार्यक्रम सञ्चालनमा आएको फाउन्डेसनका अध्यक्ष इन्जिनियर पंकज जालानले जानकारी दिए। एमबिए इन एआई र डिजिटल लिडरसिप कार्यक्रमका लागि फाउन्डेसनले डिएलए कन्सल्टिङसँग सहकार्य गरेको छ।

नयाँ पाठ्यक्रमको शुभारम्भ कार्यक्रममा फाउन्डेसनका अध्यक्ष इन्जिनियर जालानले एआई भविष्यको प्रविधि मात्र नभई बैंकिङ, व्यापार, व्यवस्थापन, डाटा विश्लेषण, रिपोर्ट निर्माण र दैनिक कार्यालयका कामसम्म अत्यावश्यक भइसकेको बताए।

उनले भने, 'केही वर्षअघिसम्म मानिसले घण्टौं लगाएर गर्ने काम अहिले एआईले केही मिनेटमै गर्न थालेको छ। यही परिवर्तनसँगै नेपालमा पनि एआईलाई टुल चलाउने प्रविधिका रूपमा होइन, शिक्षा, व्यवसाय र व्यवस्थापनसँग जोडेर पाठ्यक्रम विकास गर्न लागिएको हो।'

नयाँ पाठ्यक्रम शुभारम्भ कार्यक्रममा फाउन्डेसनका कार्यकारी निर्देशक प्रकाश केजरीवालले सूचना प्रविधिको विकास तथा एआईको वर्तमान र आगामी भविष्यबारे कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा डिएलए कन्सल्टिङका संस्थापक अध्यक्ष सुमन न्यौपानेले कृत्रिम बुद्धिमता सूचना प्रविधिको एउटा अंग मात्र नभई हरेक संस्थाको रणनीतिक निर्णय प्रक्रियाको अभिन्न अंग बनिसकेको बताए।

ज्योतिले नेपाल पे कार्ड सक्रिय गर्ने

काठमाडौं/ ज्योति विकास बैंक र एनसिएचएलबिच इएफटी कार्ड स्विचमार्फत नेपालपे कार्डको भुक्तानी सक्रिय गर्न सम्झौता भएको छ। एक औपचारिक कार्यक्रममा ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकाल तथा एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानबिच सो सम्झौतापत्रमा हस्ताक्षर भएको छ। एनसिएचएलको इएफटी स्विच नेसनल कार्ड स्विचसँग इन्टिग्रेट भइसकेको र उक्त सम्झौतापश्चात् बैंकले आफ्ना ग्राहकका लागि नेपालपे कार्ड जारी गर्न सक्नेछ। साथै, डिस्कभर नेटवर्कअन्तर्गतका अन्तर्राष्ट्रिय कार्ड र रुपे कार्डसमेत अक्वायर गरी नेपालपे कार्डका कारोबार प्रोसेस गर्न सक्नेछ।

एनसिएचएलले हालै नेपाल पे कार्डको व्यावसायिक रोलआउट सुरु गरेपश्चात् अन्तर्राष्ट्रिय नेटवर्क डिस्कभरसँगको सहकार्यमा नेपालपे कार्ड विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको छ। बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपालपे कार्ड नेपाल तथा विदेशमा रहेका एटिएम र पिओएस टर्मिनलमा समेत प्रयोग गर्न सकिने भएको छ।



'स्टार्टअप समिट नेपाल-२०२६' शुभारम्भ



काठमाडौं/ नेपालमा उद्यमशीलता, नवप्रवर्तन, आत्मनिर्भर अर्थतन्त्र तथा रोजगारी सिर्जनाको संस्कृतिलाई प्रवर्द्धन गर्न 'स्टार्टअप समिट नेपाल-२०२६' शुभारम्भ गरिएको छ। 'राष्ट्र निर्माणमा स्टार्टअपको भूमिका' भन्ने मूल विषयमा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय सभाहलमा विशेष कार्यक्रममार्फत यस राष्ट्रिय अभियानको शुभारम्भ गरिएको हो। नेपालमा बढ्दो ब्रेन ड्रेनलाई ब्रेन गेनमा रूपान्तरण गर्दै युवाको सिर्जनशीलता, ज्ञान, सिप र क्षमतालाई स्वदेशमै उपयोग गर्ने लक्ष्य स्टार्टअप समिटको रहेको छ।

कार्यक्रमको पहिलो चरण त्रिभुवन विश्वविद्यालयबाट सुरु गरिएको हो। आगामी दिनमा काठमाडौं विश्वविद्यालयसहित देशभरका विश्वविद्यालय, कलेज, विद्यालय तथा सातै प्रदेशमा यस्ता कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले विश्वविद्यालय शिक्षालाई रोजगारमुखी मात्र नभई उद्यमशीलतासँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै नेपाललाई समृद्ध बनाउने अभियानमा स्टार्टअपको महत्त्वपूर्ण भूमिका रहने बताए। स्टार्टअप समिट नेपाल-२०२६ की अध्यक्ष शोभा ज्ञवालीले नेपालमा बढ्दो युवा पलायनलाई अवसरमा रूपान्तरण गर्न सबै सरोकारवाला एकजुट हुनुपर्ने बताइन्। उनले आगामी दिनमा देशका सातै प्रदेश र ७७ वटै जिल्लामा पुगेर स्टार्टअप, नवप्रवर्तन, व्यवसाय सञ्चालन, विश्व बजारका अनुभव, सफल उद्यमीका कथा, लगानीका अवसर तथा सरकारी नीतिबारे व्यावहारिक प्रशिक्षण प्रदान गरिने बताइन्।

कार्यक्रममा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका निवर्तमान कार्यकारी निर्देशक इन्जिनियर उमेशकुमार गुप्ता रौनियारले सफल व्यवसायको आधार ठुलो पुँजी नभई सही सोच, इच्छाशक्ति र निरन्तर मिहिनेत रहेको बताए।

रिलायन्स फाइनान्स लिमिटेड, कमलादी, काठमाडौं
शाखा कार्यालयको लागि आन्तरिक सजावटको कार्य तथा फर्नीचर निर्माण/सप्लाई गर्ने बारे शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना
(प्रकाशित मिति २०८३/०४/२२)

यस वित्तिय संस्थाको न्यूरोड शाखा कार्यालयको (स्थानान्तरण) आन्तरिक सजावटको कार्य, फर्नीचर, पार्टेशन टायल्स, रंग रोगन, ए.सी. विद्युतिय वायरिङ्ग तथा जडान, सि.सि.टि.भि. वायरिङ्ग समेतका सामानहरु निर्माण तथा सप्लाई गर्ने बारेमा मिति २०८३/०४/०६ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित १५ दिने गोप्य बोलपत्र सम्बन्धी सूचना अनुसार पर्याप्त बोलपत्र पर्न नआएकोले साविकमा परेको बोलपत्र यथावत राखी उक्त कार्य गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनी वा सप्लायर्सबाट साविकको सूचना तथा बोलपत्र फाराममा तोकेको शर्तहरु पालना गर्ने गरी ७ दिन भित्र रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu.
Tel: 01-5361104, 5323117, 5361041, 5361167, 5903698 | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

Upakar Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

CONDENSED STATEMENT OF FINANCIAL POSITION
Interim Financial Statements of FY 2082/83

UNAUDITED CONDENSED STATEMENT OF FINANCIAL POSITION (AS PER NFRS)
As on Quarter ended 32th Asar, 2083

Amount (NPR)

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalent	105,350	42,700
Statutory Balances and due from Nepal Rastra Bank	14,299,655	14,299,655
Placement with Bank and Financial Institutions	220207764	364472802
Derivative Financial Instruments	0	
Other Trading Assets	0	
Loan and advances to MFIs & Cooperatives	0	
Loans and Advances to Customers	2,303,616,508	2,374,463,797
Investment Securities	0	
Current Tax Assets	0	
Investment Property	0	
Property and Equipment	8,141,175	7,637,208
Goodwill and Intangible Assets	0	
Deferred Tax Assets	32,984,708	32,984,708
Other Assets	303,339,044	31,920,092
Total Assets	**2,882,694,204**	**2,825,820,962**
Liabilities		
Due to Bank and Financial Instituions	0	-
Due to Nepal Rastra Bank	0	-
Derivative Financial Instruments	0	-
Deposits from Customers	1,641,649,750	1,402,729,492
Borrowing	678,035,072	924,966,034
Current Tax Liabilities	27,231,736	19,158,607
Provisions	674,575	334,500
Deferred Tax Liabilities	0	-
Other Liabilities	210,778,279	208,887,981
Debt Securities Issued	0	-
Subordinated Liabilities	0	-
Total liabilities	**2,558,369,411**	**2,556,076,614**
Equity		
Share Capital	106,148,200	106,148,200
Share Premium		
Retained Earnings	4,888,354	(38371782)
Reserves	213,288,239	201,967,930
Total Equity	**324,324,793**	**269,744,348**
Total Liabilities and Equity	**2,882,694,204**	**2,825,820,962**

CONDENSED STATEMENT OF PROFIT & LOSS
For the Quarter ended 32th Asar 2083

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter YTD
Interest Income	103,953,000	379,140,000	101,841,798	346,911,798
Interest Expense	40,074,000	163,752,000	41,822,657	170,087,657
Net Interest Income	**63,879,000**	**215,388,000**	**60,019,141**	**176,824,141**
Fee and Commission Income	5,203,000	29,731,000	5,959,190	24,042,190
Fee and Commission Expense	0	0	0	0
Net Fee and Commission Income	**5,203,000**	**29,731,000**	**5,959,190**	**24,042,190**
Net Interest, Fees and Commission Income	**69,082,000**	**245,119,000**	**65,978,331**	**200,866,331**
Net Trading Income	-	-	-	-
Other Operating Income	0	0	0	0
Total Operating Income	**69,082,000**	**245,119,000**	**65,978,331**	**200,866,331**
Impairment Charge/(reversal) for Loans and Other Losses	-8,363,000	27,436,000	47,982,724	50,901,724
Net operating income	**77,445,000**	**217,683,000**	**17,995,607**	**149,964,607**
Operating Expense	**40,974,000**	**137,423,000**	**36,058,551**	**127,107,251**
Personnel Expenses	28,302,000	113,331,000	31,036,801	109,820,501
Other Operating Expenses	12,044,000	21,818,344	195,441	10,867,441
Depreciation & Amortization	628,000	2,273,656	4,826,309	6,419,309
Operating Profit	**36,471,000**	**80,260,000**	**-18,062,944**	**22,857,356**
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	0	0	0	0
Profit before Income Tax	**36,471,000**	**80,260,000**	**-18,062,944**	**22,857,356**
Income Tax Expense				
Current Tax	10,941,000	24,078,000	6,882,517	19,158,607
Deferred Tax			-12,229,425	-12,229,425
Profit for the Period	**25,530,000**	**56,182,000**	**-12,716,036**	**15,928,174**
Condensed Statement of Comprehensive income				
Profit for the period	25,530,000	56,182,000	-12,716,036	15,928,174
Other Comprehensive Income				
Total Comprehensive Income	**25,530,000**	**56,182,000**	**-12,716,036**	**15,928,174**
Earnings Per Share				
Basic Earnings Per Share	24.05	52.93	-11.98	15.01
Diluted Earnings Per Share	24.05	52.93	-11.98	15.01

STATEMENT OF DISTRIBUTABLE PROFIT OR LOSS
For the Quarter ended 32th Asar 2082

Particulars	Current Year	Previous Year
	Upto This Qtr Ytd	Correspondng Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**56,182,000**	**15,928,174**
Appropriations:	**12,921,860**	**3,645,093**
a. General reserve	11,236,400	3,185,635
b. Foreign exchange fluctuation fund	0	0
c. Capital redemption reserve	0	0
d. Corporate social responsibility fund	561820	159281.7402
e. Employees' training fund	0	61,253
f. Client Protection Fund	1,123,640	238,923
g.Other	0	0
Profit or (loss) before regulatory adjustment	**43,260,140**	**12,283,081**
Regulatory adjustment :	**0**	**5,606,539**
a. Interest receivable (-)/previous accrued interest received (+)	0	12,954,081
b. Short loan loss provision in accounts (-)/reversal (+)		(19576968)
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	0
d. Short loan loss provision on Non-Banking Assets (-)/reserval (+)	-	12229425
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reserval (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other	-	-
Net Profit for the 3rd Qtr end 2080/81 available for distirubtion	**43,260,140**	**6,676,542**
Opening Retained Earning	(38,371,786)	(45,048,324)
Distribution:	-	-
Bonus shares issued	-	-
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Qtr end date	4,888,354	(38,371,782)
Annualized Distributable Profit/Loss per share	**4.61**	**(36.15)**

RATIOS AS PER NRB DIRECTIVES

Particulars	Current Year		Previous Year Corresponding	
This Quarter	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		8.23%		9.30%
Non-Performing Loan (NPL) to Total Loan		9.97%		4.85%
Total Loan Loss Provision to total NPL		80.85%		106.38%
Cost of Funds		6.72%		6.93%
Credit to Deposit & Borrowing Ratio		140.32%		175.25%
Base Rate		12.11%		12.54%
Interest rate spread		6.54%		8.56%
Interest Rates				
1. Deposits : 7.5% - 10%		**2. Loan & Advance : 14.10%**		

Note:
1. The above figures are subject to change upon regulator's instruction and /or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The microfinance has applied alternative treatment in the crave out issued by the Institute of Chartered Accounts of Nepal with respect to the Impairment of Loans & Advances.
4. Personnel expenses include the Provisions for Employee Bonus.
5. Loans & Advances are presented net of Impairment charges.
6. Actuarial Valuation will be done on annual basis for Employee Benefits.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped / restated wherever necessary for consistent presentation and comparison.

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :
(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
५२.९३	५२.९०	३०५.५४	२७१५.७२	१५.७६

२. व्यवस्थापकिय विश्लेषण :
(क) (क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण :आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको अघिल्लो त्रैमासको तुलनामा यस त्रैमासमा संस्थाको नाफावृद्धि भएको छ।
(ख) (ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :
प्रादेशिकस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण समुदायमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरूमा कार्यक्रम विस्तार गरी कार्यक्रम संचालन गरी थप कर्जा लगानी तथा बचत संकलनलाई वृद्धि गर्दै लैजाने। यस वित्तीय संस्थामा आवद्ध सदस्यहरूको परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेको छ। सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृर्जना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेको छ। चालु आर्थिक वर्ष २०८२/२०८३ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एंव कार्यकुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेको छ। व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागि आवश्यक कामहरू भईरहेका छन्। वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरूलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।
(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुली मा भएको सकारात्मकताले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ वृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ। लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएको छ। कर्जा सूचना केन्द्रको प्रभावकारीता वृद्धि हुदै जाँदा जोखिमहरू क्रमशः न्यून हुदै जाने देखिन्छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ। लगानी कर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ।
ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०८३/०१/०१ देखि २०८३/०३/३२ सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ। (श्रोत : https://www.nepalstock.com)

अधिकतम मूल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३३८१	२७०५	२८००	६४	२५५१

५. समस्या तथा चुनौती :
वित्तीय वजारमा बढ्दो तरलता एवं सघर्ष समितिका कारण सिर्जित समस्याका कारण सदस्यहरूको व्यवसाय तथा आयआर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ। नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।

६. संस्थागत सुशासन :
नियमनकारी निकायसँग सम्बन्धित ऐन कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिबद्ध र प्रतिवद्ध रहँदै आएको छ। नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरू सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन।
८. नियम २६ **को** उपनियम (५) सग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धीविवरण :नभएको।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

विवादमा गण्डकी प्रदेश खेलकुद पदक

परिषद्का सदस्यसचिव श्रीधर शर्माले कार्यविधिविपरीत सेटिङमा पदक वितरण गरेको आरोप



सिफारिस समितिका सदस्य तथा नेपाल ह्यान्डबल संघ गण्डकीको अध्यक्षसमेत रहेका केशव पाठक पुरस्कार लिँदै ।

कास्कीमा रोहितराज पराजुली

गण्डकी प्रदेश सरकारअन्तर्गतको प्रदेश खेलकुद परिषद्ले वितरण गरेको 'गण्डकी प्रदेश खेलकुद पदक' विवादमा परेको छ । प्रदेशका खेलाडी, प्रशिक्षक, खेल क्षेत्रमा लागेका व्यक्ति, संघसंस्था र उनीहरूले गरेको योगदानको सम्मान गर्ने उद्देश्यसहित स्थापित पदक वितरण प्रक्रिया अपारदर्शी भएका कारण पहिलो प्रयासमै विवादास्पद बनेको हो ।

पदक वितरणका लागि परिषद्को नियामक निकाय सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयले 'गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१' जारी गरेको थियो । सोही कार्यविधिअनुसार आर्थिक वर्ष ०८१/८२ को पदक ३० असार ०८३ मा वितरण गरिएको थियो ।

कार्यविधिविपरीत परिषद्का सदस्यसचिव श्रीधर शर्माले सेटिङ गरेर मनपरी पदक वितरण गरेको आरोप लागेको छ । पदक दाबी गर्न निकालिने सार्वजनिक सूचना, पर्याप्त आवेदन नपरेको, पदक सञ्चालक समितिको निर्णय, पदकका लागि पेस भएको निवेदनको मूल्यांकन तथा पदक वितरणको व्यवस्था मिलाउने समिति, छनोट प्रक्रिया, आफैँ समितिमा बसेर आफू स्वयंले पदक लिने र आफू अध्यक्ष रहेको खेल संघलाई पुरस्कार दिइएको जस्ता विषयका कारण पदक वितरणपछि चरम विवादमा परेको हो ।

अर्को अचम्मको कुरा के छ भने जेन-जी आन्दोलनका कारण देश जलिरहेको समय २३ र २५ भदौमा समितिको बैठक बसेको छ ।

यसैबिच, विभिन्न खेल संघसंस्था, खेलाडी, प्रशिक्षक एवं सरोकारवालाले सदस्यसचिवले मनपरी र स्वार्थ बाझिने गरी पदक वितरण गरेको बताउँदै सबै पदक फिर्ता गर्न माग गरेका छन् ।

आफ्नै संघलाई पदक र पुरस्कार

पदक वितरणका लागि तयार गरिएको कार्यविधिमा पाँच सदस्यीय सञ्चालक समितिको मात्र व्यवस्था गरिएको छ । सञ्चालक समितिले नै आफ्नै संघलाई पदक र पुरस्कार

■ उपसमितिका संयोजक केसी भन्छन्– समितिले कुनै निर्णय गरेको छैन, सदस्यसचिवले मनपरी गरे

पदकका लागि पेस भएको निवेदनको मूल्यांकन तथा पदक वितरणको व्यवस्था मिलाउनका लागि गठन भएको समितिका संयोजक मदन केसीले समितिको सिफारिस र निर्णयविना पदक वितरण गरिएको आरोप लगाएका छन् । सूचनापछि जम्मा १८ जनाको मात्र आवेदन परेकोमा पत्रकारका लागि एक मात्र आवेदन परेको थियो । दोस्रोपटक निकालेको सूचनाबाट आफूलाई थाहा नदिई सदस्यसचिवले आफ्नो उपस्थितिविना निर्णय गरी पदक दिनेहरूको नाम छनोट गरेको केसीको आरोप छ ।

मिलाएपछि विवाद सतहमा आएको हो । आमन्त्रित सदस्यसँगै पदकका लागि पेस भएको निवेदनको मूल्यांकन तथा पदक वितरणको व्यवस्था मिलाउने समितिका सदस्य रहेका हरिप्रसाद पराजुलीले आफू आबद्ध नेपाल भूतपूर्व खेलाडी मञ्चलाई 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल आयोजक संस्था' अवार्ड दिलाएका थिए । त्यस्तै, केशव पाठकले 'खेलकुद पत्रकारिता पदक' लिएका छन् ।

पाठक नै अध्यक्ष रहेको ह्यान्डबल संघ गण्डकीले 'प्रदेशभित्र रहेर वार्षिक रूपमा उत्कृष्ट कार्य सम्पादन गर्ने खेल संघ'का रूपमा दोस्रो हुँदै नगद ९० हजार पुरस्कार पाएको थियो ।

आमन्त्रित सदस्यका रूपमा नियुक्त भएका पराजुली नेपाल भूतपूर्व खेलाडी मञ्चका निवर्तमान अध्यक्ष, पाठक परिषद्को आर्थिक वर्ष ०८१/८२ मा बोर्ड सदस्यसँगै केही दिन परिषद्को निमित्त सदस्यसचिव, नेपाल ह्यान्डबल संघ गण्डकीको अध्यक्ष र नेपाल भूतपूर्व खेलाडी मञ्चका महासचिव हुन् ।

मञ्च र पाठकसँगै कार्यक्रममा राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाही, आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर, क्रिकेट प्रशिक्षक रिजन प्रजू, आर्चरीका योगेन्द्र शेरचन र असिम शेरचन गरी सातजनाले पदक पाएका थिए ।

के भएको हो बुझ्दै छौँ



● **रेखा गुरुङ**, सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री

कार्यक्रम भनेर बोलाएपछि गएर पदक र पुरस्कार वितरण गरेको हो । आन्तरिक विवादबारे पछि थाहा पाएँ । यसबारे मन्त्रालयले जानकारी लिनुका साथै छानबिन गरिरहेको छ ।

बैठकका निर्णय देखाउँदैनन् सदस्यसचिव शर्मा



पदक वितरण कार्यक्रममा सञ्चारकर्मीलाई खबर गरिएको थिएन । पदक वितरणमा स्वार्थ बाझिने र सदस्यसचिवले मनपरी गरेपछि सूचना माग्दासमेत दिने गरेका छैनन् । सूचनाका लागि निवेदन दिए पनि उनले बैठकका कुनै पनि निर्णय नदिने र जता जानुपर्छ जानुस् भन्ने ठाडो जवाफ दिने गरेका छन् । उनले परिषद्को हरेक निर्णय आफूखुसी गर्ने र त्यसलाई सार्वजनिक गर्दै गर्दैनन् ।

छनोट समितिमा यसरी भएको थियो बदमासी

छनोट समितिमा परिषद्को सदस्यसचिव अध्यक्ष, खेलकुद हेर्ने मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख र परिषद्बाट तोकिएको एकजना महिलासहित खेलविज्ञ दुईजना सदस्यसँगै परिषद्को प्रशासन शाखा प्रमुख सचिव रहने व्यवस्था छ । समितिमा खेलविज्ञका रूपमा मदन केसी र दुर्गा अधिकारीलाई नियुक्त गरिएको थियो । कार्यविधिले पदक वितरणका लागि पाँच सदस्यीय समितिको व्यवस्था गरे पनि सदस्यसचिव शर्माले कार्यविधिभन्दा बाहिर गएर स्वार्थ बाझिने र आफ्नो उद्देश्यअनुसार काम गर्न सहज बनाउनका लागि समितिको हरेक बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी हुने गरी तीनजनालाई आमन्त्रित सदस्य नियुक्ति गरे । निवेदनको मूल्यांकन तथा पदक वितरणको व्यवस्था मिलाउने भन्दै पाँच सदस्यीय अर्को उपसमिति पनि गठन गरे ।

गण्डकी प्रदेश टेक्निकल कमिटिका संयोजक हरिप्रसाद पराजुली, प्रदेश खेल समन्वय समितिका संयोजक केशव पाठक र गण्डकी प्रदेश रेफ्री कमिसनका संयोजक चित्रबहादुर थापालाई आमन्त्रित सदस्यका रूपमा नियुक्त गरेका थिए ।

उनीहरूलाई नियुक्ति गरिएको केही साताअघि मात्र सदस्यसचिव शर्माको अध्यक्षतामा खेल संघका प्रतिनिधिको बैठक बोलाएर संयोजकमा चयन गरिएको थियो । सिफारिस समितिका सदस्य मदन केसी संयोजक, आमन्त्रित सदस्यका रूपमा नियुक्त पराजुली, पाठक र थापासँगै परिषद्का अधिकृत तोपलाल भुसाल सदस्य रहेको समिति गठन गरेका थिए ।

माफी मागेपछि जोगियो इन्फान्टिनोको पद

मोरोक्कोमा भएको बैठकमा फिफाका वरिष्ठ अधिकारीहरूले समर्थन गरेपछि इन्फान्टिनो फिफाको अध्यक्ष पदमा कायम रहनेछन्, योसँगै उनले तत्काल अविश्वासको प्रस्ताव सामना गर्नुपर्नेछैन



एजेन्सी

फिफा अध्यक्ष जियानी इन्फान्टिनोले निजी लगानीकर्तालाई आफ्ना प्रतियोगिताहरूको स्वामित्वको हिस्सेदार बिक्री गर्ने विवादास्पद योजना त्रुटि रहेको स्वीकार गर्दै सदस्यराष्ट्रहरूसँग माफी मागेका छन् । मोरोक्कोमा भएको बैठकमा फिफाका वरिष्ठ अधिकारीहरूले समर्थन गरेपछि इन्फान्टिनो फिफाको अध्यक्ष पदमा कायम रहनेछन् । योसँगै तत्काललाई उनले अविश्वासको प्रस्ताव सामना गर्नुपरेन ।

चौतर्फी आलोचना र विवाद बढेपछि गत शुक्रबार नै इन्फान्टिनोले विश्वकपको हिस्सेदार बिक्री गर्ने विवादास्पद योजना फिर्ता लिएका थिए । तर, युरोपेली फुटबलको सर्वोच्च निकाय (युइएफए)सँगै एसियाली फुटबल महासंघ (एएफसी) र अफ्रिकन फुटबल महासंघले इन्फान्टिनोप्रति विश्वास गुमेको धारणा राख्दै चरम असन्तुष्टि जनाएका थिए । उनीहरूले फिफा फरवार्ड इन्टरप्राइज प्रस्तावलाई कमसल, गोप्य र पारदर्शी नभएको सम्झौता भन्दै टिप्पणी गरेका थिए । त्यसपछि उनीहरूले अविश्वासको प्रस्ताव लैजाने तयारीसमेत गरेका हुन् ।

संकटकालीन अवस्था देखेपछि इन्फान्टिनोले बुधबार मोरोक्कोको रबातस्थित फिफाको अफ्रिकी कार्यालयमा व्यवस्थापन बोर्डका सदस्यहरूलाई बैठकमा बोलाएका थिए । बैठक सकिएको चार घण्टापछि विश्व फुटबलको सर्वोच्च निकायले समर्थनसहितको विज्ञप्ति जारी गरेको थियो । बैठकमा फिफा महासचिव म्याथियास ग्राफस्ट्रोम पनि सहभागी थिए । त्यसछि नै उनले फिफाको कर्मचारीलाई आन्तरिक पत्र पठाउँदै यो परिस्थितिलाई दुःखद र निन्दनीय घटनाक्रम भनेर उल्लेख गरेका थिए । त्यसपछि मात्रै सबै पक्ष इन्फान्टिनोलाई स्वीकार गर्न तयार भएका थिए ।

इन्फान्टिनो र ग्राफस्ट्रोमले संयुक्त हस्ताक्षर गर्दै फिफाका उपाध्यक्षहरू, काउन्सिल र २११ सदस्य संघहरूलाई माफी माग्दै पत्र पठाएका छन् । उनीहरूले भविष्यमा यस्ता गल्ती नदोहोऱ्याउने प्रतिबद्धता पनि जनाएका छन् । बैठकपछि इन्फान्टिनोले फिफाका अन्य प्रतिनिधिसँग रबातमा चलिरहेको महिला अफ्रिका कप अफ नेसन्सको खेल खेलेका थिए ।

यसअघि इन्फान्टिनोले नयाँ सहायक कम्पनी एफएफईमार्फत पुरुष तथा महिला विश्वकपलगायत प्रतियोगितामा निजी लगानीलाई आयोजना गर्न दिने प्रस्ताव राखेका थिए । यदि प्रस्तावलाई समर्थन गरेमा सबै संघहरूलाई चार करोड अमेरिकी डलर दिने प्रस्ताव इन्फान्टिनोले राखेका थिए ।

युरोपबाट असन्तुष्टि सुरु

इन्फान्टिनो फिफामा लगातार हाबी हुँदै आएपछि एकल निर्णय गर्दै आएको आरोप लागेको थियो । फिफा विश्वकपपछि निजी कम्पनीलाई विश्वकपको हिस्सेदार सुम्पिने भएपछि युरोपियन फुटबलका ५५ वटै संघले यस्ता कार्यक्रम बहिष्कार गर्ने धम्की दिए । साथै उनीहरूले अविश्वासको प्रस्तावको अवस्थामा पुऱ्याए । तर, यो निकै कठिन थियो । त्यसपछि कोन्काकाफ र एएफसीले पनि युइएफएलाई साथ दिए । त्यसपछि भने इन्फान्टिनो दबाबमा आएका थिए । तर, इन्फान्टिनोले माफी मागेपछि तत्काललाई कुनै पनि संघ र महासंघले विरोध गरेका छैनन् । अब मार्चमा हुने निर्वाचनमा के हुन्छ त्यो भने हेर्नलायक हुनेछ । इन्फान्टिनो सन् २०१६ देखि चौथोपटक अध्यक्ष हुने तयारीमा छन् ।

ताप्लेजुङ गोल्डकपको तयारी तीव्र



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङमा १२ देखि १९ भदौसम्म सञ्चालन हुने चौथो अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको तयारी तीव्र पारिएको छ । आयोजक लाखेजात्रा सञ्चालन समितिले खेलमैदान व्यवस्थापन, अस्थायी प्यारापिट निर्माण र आयोजक टोलीको खेलाडी छनोट अन्तिम चरणमा पुऱ्याएको छ ।

प्रतियोगितामा आयोजकका तर्फबाट प्रतिस्पर्धा गर्ने १७ खेलाडी छनोट गरिएको छ । १८ र १९ साउनमा सञ्चालन गरिएको छनोटका खेलका आधारमा खेलाडी छानिएका हुन् । जिल्ला फुटबल संघका प्रशिक्षकसमेत रहेका देवकुमार मादेनका अनुसार सागर श्रेष्ठ, प्रनिस गुरुङ, भाइचुङ शेर्पा, नवीन खवास, सुनुयोजित यक्सो, सञ्जुहाङ साँवा, सविन तामाङ, सविन लिम्बू, शिशिर राई, मञ्जित लिम्बू, विवेक मादेन, पवन लिम्बू, पासाङ शेर्पा, दीपेश लिम्बू र सुहाङ लिम्बू आयोजक टोलीबाट खेल्न छनोट भएका छन् ।

पाँच हजार क्षमताको अस्थायी प्यारापिट

भानुजन माध्यमिक विद्यालयको खेलमैदानमा प्रतियोगिता हुने टुंगो लागेको छ । खेलमैदान तीन महिनादेखि तयार पारिएको थियो । अहिले मैदानमा रहेको घाँसलाई व्यवस्थापन गर्ने काम भइरहेको छ । खेलमैदानमा बाँसको प्यारापिट बनाउने काम पनि भइरहेको छ । प्यारापिट पाँच हजार दर्शक क्षमताको बनाइएको सञ्चालन समितिका कोषाध्यक्ष दावा शेर्पाले बताए । यस वर्षको प्रतियोगितामा आठ टोलीको सहभागिता रहनेछ । पाँचथर, इलाम, काठमाडौंको सातदोबाटो र सहलेस क्लब सिराहा आउने पक्का रहेको छ भने भारत र भुटानको टोलीको पक्का हुन बाँकी छ ।

पुरस्कार राशिमा वृद्धि

प्रतियोगिताको पुरस्कार राशि अघिल्लो संस्करणको भन्दा वृद्धि गरिने बताइएको छ । गत वर्ष विजेताले सात लाख दुई हजार ८२ रुपैयाँ र उपविजेताले तीन लाख ५० हजार ८२ रुपैयाँ पाएका थिए । यस वर्ष पनि सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल वा स्कुटरमध्ये एक पुरस्कार प्रदान गर्ने तयारी गरिएको आयोजकले जनाएको छ । खेलकुदमार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यलाई निरन्तरता दिँदै यस वर्ष प्रतियोगिताको खेलतालिका फक्ताङलुङ गाउँपालिका- ७ स्थित करिब चार हजार आठ सय मिटर उचाइको स्याम्दो पोखरीबाट सार्वजनिक गर्ने तयारी गरिएको छ ।

■ विश्वकपपछि पनि मेसीको प्रदर्शन उस्तै

एजेन्सी / अर्जेन्टिनी कप्तान लियोनल मेसीले उत्तर अमेरिकामा भएको फिफा विश्वकप २०२६ पछि पनि उस्तै प्रदर्शन गरेका छन् । अर्जेन्टिनालाई लगातार फाइनलमा पुऱ्याउँदा आठ गोलसहित विभिन्न कीर्तिमान बनाएका मेसी अमेरिकाको इन्टर मियामीमा सामेल भइसकेका छन् । बिहीबार बिहान भएको उत्तर अमेरिकी लिग कपमा अमेरिकी क्लब इन्टर मियामीले मेक्सिकन क्लब एटलेटिको डी सान लुइसलाई ४-२ ले हराउँदा मेसीले सानदार प्रदर्शन गरे । उनले दुई गोल गर्नुका साथै एक असिस्ट पनि गरेका थिए ।



विदेशी भूमिमा तीन वर्षपछि पाकिस्तानको जित

एजेन्सी

पाकिस्तानले तीन वर्षपछि विदेशी भूमिमा टेस्ट जितेको छ । खराब इतिहास बनाउँदै आएको पाकिस्तानले वेस्ट इन्डिजविरुद्धको दोस्रो टेस्टमा आठ विकेटको जित निकालेको हो । त्रिनिदाद एन्ड टोबागोको राजधानी पोर्ट अफ स्पेन स्विन्स पार्क ओभरमा कप्तान बाबर आजम र अब्दुल्लाह साफिकी चम्किएपछि पाकिस्तानले सहज जित निकालेको हो ।

सन् २०२३ जुलाईमा श्रीलंकालाई हराएयता पाकिस्तानले आफ्नो देशबाहिर खेलेका लगातार आठ टेस्ट हारेको थियो । अब, भने त्यो खराब यात्रामाथि पूर्णविराम लागेको छ । बुधबार राति वेस्ट इन्डिजले दिएको ७७ रनको लक्ष्य चौथो दिन पाकिस्तानले २३.३ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । कप्तान बाबर र अब्दुल्लाहले अविजित समान २४ रन बनाएका थिए । यससँगै दुई टेस्टको शृंखला १-१ को बराबरीमा सकिएको छ । टेस्ट बराबरीपछि दुवै टिमले संयुक्त रूपमा ट्रफी पाए । यसअघि पहिलो टेस्ट घरेलु टोली वेस्ट इन्डिजले ९० रनले जितेको थियो ।

दोस्रो टेस्टको प्लेयर अफ दी म्याच शतक बनाएका अब्दुल्लाह घोषित भए । प्लेयर अफ दी सिरिज भने संयुक्त रूपमा पाकिस्तानका कप्तान बाबर र वेस्ट इन्डिजका जस्टिन ग्रेभस भएका



हुन् । यसअघि टस जितेर ब्याटिङ गरेको घरेलु टोलीले ३३३ रन बनाएको थियो । कप्तान चेज र जस्टिनले अर्धशतक बनाए । जस्टिनले ७३ तथा चेजले ७० रन बनाएका हुन् । पाकिस्तानका साजिदले पहिलो इनिङ्समा चार विकेट हात

तेस्रो विकेटका लागि बाबर र अब्दुल्लाहले १८३ रनको साझेदारी गरेपछि पाकिस्तान जिततर्फ बढेको थियो

पारेका थिए । जवाफमा पाकिस्तानका लागि अब्दुल्लाह साफिकीले शतकीय इनिङ्स खेलेका थिए । उनले १६० रन बनाएका हुन् । त्यसक्रममा ३२३ बलको सामना गर्दै १५ चौका र तीन छक्का हिर्काएका हुन् । उनलाई कप्तान बाबर आजमले ८८ रन बनाएर साथ दिएका थिए । यसअघि ओपनर अजाम अवाइससले पनि ५५ रन बनाएका थिए । तेस्रो विकेटका लागि बाबर र अब्दुल्लाहले १८३ रनको साझेदारी गरेपछि पाकिस्तान खेलमा फर्किएको थियो । त्यसअघि अजान र अब्दुल्लाहले ६४ रनको साझेदारी गरेका थिए ।

वेस्ट इन्डिजका जोमल वारिक्यानले सर्वाधिक ६ विकेट लिएका थिए । समर जोसेफको नाममा दुई विकेट रह्यो । दोस्रो इनिङ्समा पाकिस्तानले वेस्ट इन्डिजले मात्र ११७ रन बनाएको थियो । काभेम होगले सर्वाधिक ३४ रन बनाए । यसपछि पाकिस्तानले मात्र ७७ रनको लक्ष्य पाएको थियो ।

खेल संक्षेप

गाईजात्राका अवसरमा फुटबल प्रतियोगिता हुने

काठमाडौं / दिनेश स्याङ्तानको स्मृतिमा २३औँ दिनेश स्मृति गाईजात्रा फुटबल प्रतियोगिता ललितपुरको गोदावरीमा आयोजना हुने भएको छ । आयोजक नमुना स्पोर्टस् क्लबले गाईजात्राका अवसरमा १२ र १३ भदौमा महिला तथा पुरुष फुटबल प्रतियोगिता हुने जानकारी गरायो । प्रतियोगितामा पुरुष र महिलातर्फ समान आठ टोलीको सहभागिता रहने अध्यक्ष डम्बर लामाले जानकारी दिए । प्रतियोगिता गोदावरी बसपार्क खेलमैदानमा हुनेछ । प्रतियोगिताको पुरुषतर्फको विजेताले ६० हजार र उपविजेताले ३० हजार पाउनेछन् । त्यस्तै, महिलातर्फको विजेताले २० हजार र उपविजेताले १० हजार रुपैयाँ पाउनेछन् । यस्तै, प्रतियोगितामा उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलकिपर, उदयीमान खेलाडी र उत्कृष्ट प्रशिक्षकलाई पुरस्कृत गरिनेछ ।

आशिषको उपचारका लागि १२ लाख जुट्यो

काठमाडौं / फुटबलर आशिष राईको उपचारका लागि अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल प्रतियोगिताबाट करिब १२ लाख रुपैयाँ जुटेको छ । मलेसियास्थित 'एन पेनाङ एफसी'को विशेष पहलमा सञ्चालित परोपकारी अभियानमार्फत कुल ११ लाख ८४ हजार १६१ रुपैयाँ संकलन भएको हो । नेपाल यू-२३ र चीनको युनान प्रान्तीय टिमबिचको दशरथ रंगशालामा भएको मैत्रीपूर्ण खेलमा आशिष घाइते भएका थिए । त्यसपछि बायाँ खुट्टाको जटिल चोटको शल्यक्रिया गराएका आशिष हाल थाइल्यान्डमा रिहाबिलिटेसन प्रक्रियामा छन् । तर, अखिल नेपाल फुटबल संघ (एन्फा) र सरकार दुवै पक्षबाट आर्थिक सहयोग नपाएको आशिषले गुनासो गरेपछि प्रतियोगिता सञ्चालन गरेर आर्थिक सहयोग जुटाइएको हो । आशिषको सहयोगमा एन पेनाङ एफसी (मलेसिया), नेपबार्न एफसी (अस्ट्रेलिया) र हिमालयन एफसीबिच मैत्रीपूर्ण फुटबल सिरिज आयोजना भएको थियो ।

लालीगुराँस र मनास्लु सेमिफाइनलमा

काठमाडौं / लालीगुराँस नेसनल एकेडेमी र मनास्लु प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् । बिहीबार भएको पुरुषतर्फको खेलमा लालीगुराँसले निम्सलाई ६६-५५ ले पराजित गऱ्यो । लालीगुराँसको जितमा रोशन तामाङले १४ स्कोरको योगदान गरे । सिद कार्कीको १५ स्कोरको सहयोगमा मनास्लुले सगरमाथालाई ६१-४८ ले हरायो । अन्य खेलमा सिसिआरसी र जेभियर पनि सेमिफाइनलमा पुगे । सेमिफाइनलमा जेभियरको भेट लालीगुराँसँग हुनेछ भने सिसिआरसीले मनास्लुको सामना गर्नेछ । महिलातर्फको सेमिफाइनल निम्स र जेभियर तथा एलआरआई र गोल्डेनगेटबिच हुनेछ ।

क्युकेएस अन्तरविद्यालय फुटसल सुरु

काठमाडौं / काष्ठमण्डप विद्यालयको आयोजनामा दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिता बिहीबारदेखि सुरु भएको छ । प्रतियोगिताको काष्ठमण्डपकी निर्देशक एवं प्रिन्सिपल डा. शिवा थापा र क्युकेएसका अध्यक्षसमेत रहेका कान्जिरोवाका प्रिन्सिपल रञ्जित थापाले संयुक्त रूपमा उद्घाटन गरे । पहिलो दिन समूह चरणका १० खेल सम्पन्न भए । पुरुषतर्फ भक्तपुर निस्टले रोजबडलाई २-० तथा काष्ठमण्डप 'ए'ले रोजबडलाई २-१ ले पराजित गरे । सोही स्पर्धामा काष्ठमण्डप 'ए' र भक्तपुर निस्टले गोलरहित बराबरी खेले ।

युवा खेलकुद क्लब गठन

काठमाडौं / नेत्रहीन क्रिकेट संघ नेपालको पहलमा काठमाडौंमा अपांगता भएका युवाहरूको खेलकुद सहभागिता अभिवृद्धि गर्ने उद्देश्यसहित सामुदायिक-आधारित समावेशी युवा खेलकुद क्लबको औपचारिक गठन गरिएको छ । क्लबले फरक क्षमता भएका युवाहरूसम्म खेलकुदको पहुँच विस्तार गर्दै उनीहरूलाई विभिन्न खेल गतिविधिमा सक्रिय रूपमा सहभागी गराउने लक्ष्य लिएको जनाएको छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com